# सार्वजनिक शिक्षामा
# सुशासन र जवाफदेहिता

जर्नल पुस्तिका २०७५



NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)

| | | |
|---|---|---|
| **कृति** | : | सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता विषयक जर्नल पुस्तिका |
| **प्रकाशक** | : | शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) र सर्च फर कमन ग्राउण्ड |
| | | (हाम्रो शिक्षा परियोजना अन्तर्गत प्रकाशित) |
| **सल्लाहकार** | : | श्री कुमार भट्टराई |
| | | श्री शारदा देवी कुमाल |
| | | श्री शुभेन्द्र मान श्रेष्ठ |
| **भाषा सम्पादन** | : | श्री डिल्लीराम सुवेदी |
| | | श्री राजेन्द्र पहाडी |
| | | श्री राम गैरे |
| **विशेष सहयोगी** | : | श्री श्रद्धा कोइराला |
| **सहजीकरण** | : | श्री रीजा श्रेष्ठ |
| © **सर्वाधिकार** | : | प्रकाशकमा |
| **प्रकाशन प्रति** | : | **५०० प्रति** |
| **मुद्रण** | : | डि्रम ग्राफिक प्रेस, पुल्चोक |

# प्रकाशकीय

देशको सार्वजनिक शिक्षा सुदृढीकरण गरी गुणस्तरीय, समावेशी र समतामूलक शिक्षा तथा समग्र शिक्षा क्षेत्रको नीतिगत विकास र कार्यान्वयनको अवस्थालाई सुदृढ गर्न नागरिक अभियानको रूपमा क्रियाशील यस शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) देशका विभिन्न ३३९ वटा भन्दा बढी राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरू तथा अन्य समुदाय स्तरमा परिचालित संघसंस्थाहरूको एक साझा सञ्जाल हो । स्थापनाकाल देखि नै सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त अग्रसर यस संस्थाले नीतिगत बहस तथा पैरवी, संजाल निर्माण, अध्ययन अनुसन्धान, प्रचार प्रसार लगायतका कार्यहरू गर्दै आएको छ। यसका साथै यस अभियानले नागरिक समाज, सरकारी निकाय, संचार माध्यम तथा विभिन्न संघ संस्थाहरूसँग समन्वयात्मक भूमिका निर्वाह गर्दै शिक्षासँग सम्बन्धित जनस्तरका मुद्धाहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरूसम्म पुऱ्याउँदै आइरहेको छ।

यसै सन्दर्भमा शैक्षिक सुशासन प्रर्वद्धनका लागि नागरिक समाजको भूमिका बढाई समतामूलक, समावेशी एवम् गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने उद्देश्यले हाल यस एनसिई-नेपालले तराई क्षेत्रमा रहेका विभिन्न तीन जिल्लाहरू क्रमशः धनुषा, महोत्तरी र सिराहामा रहेका ४२ वटा विद्यालयहरूमा “हाम्रो शिक्षा” नामक परियोजना यूरोपियन यूनियनको सहयोगमा सर्च फर कमन ग्राउण्ड र गोगो फाउन्डेशनसँगको साझेदारीमा विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। सोही क्रममा नेपालमा विद्यालय सुशासनसँग सम्बन्धित विभिन्न मुद्दा तथा विषयवस्तु प्रति सरोकारवालाहरूको ध्यानआकृष्ट गर्ने उद्देश्यले एनसिई-नेपालद्वारा शिक्षा क्षेत्रमा योगदान पुऱ्याउदैं आएका विज्ञहरूको विचार विमर्श लेखहरूका रूपमा समेटी यो पुस्तिका तयार गरिएको छ। यस संगालोले मुलुक संघीय संरचनामा गए पश्चात अबको दिनमा विद्यालय सुशासन प्रवर्द्धनमा त्रीपक्षीय सरकारको भूमिका र जवाफदेहिताका साथै सामुदायिक सहभागिता र सरोकारवालाहरूको भूमिका बारे प्रकाश पार्ने प्रयत्न गरेको छ। यसका साथै विद्यालय सुशासनका मुद्दा तथा त्यसका रूपान्तरणका विधिहरू र सुशासन प्रवर्द्धनका निमित्त विद्यालयको आर्थिक व्यवस्थापनको महत्व बारे पनि यस पुस्तिकाले समेट्ने प्रयास गरेको छ। यसैगरी यस संगालोबाट आउने दिनहरूमा सरकारी निकाय, नागरिक समाजका संघसंस्थाहरू, सञ्चार माध्यम, शिक्षक संगठन, युवा सञ्जाल लगायत विद्यालयसँग सम्बन्धित सबै सरोकारवालाहरूलाई सुशासन व्यवस्थापनका निम्ति विद्यालयहरूमा भईरहेका चुनौतीहरू बारे अवगत गराउनुको साथै समस्या समाधानका निमित्त मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

यस प्रकाशनलाई विद्यालय सुशासन प्रवर्द्धनका लागि आगामी दिनमा सरोकारवालाहरूसँग प्रमाणमा आधारित वकालत तथा पैरवीकाहरू गर्नका निमित्त सन्दर्भ सामग्रीको रुपमा विकास गर्न सहयोग गर्नुहुने सम्पूर्ण लेखकहरू प्रति सादर कृतज्ञता ज्ञापन गर्दछु। यसैगरी यस सामग्रीलाई मूर्त रूप दिनका लागि आफ्नो सल्लाह तथा सुझावहरू उपलब्ध गराई महत्वपूर्ण योगदान दिनुहुने एनसिई-नेपालका सल्लाहकार एवम् कार्यसमितिका सदस्यहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यसक्रममा यस सामग्रीको भाषा सम्पादनमा योगदान दिनुहुने एनसिई-नेपालका उपाध्यक्ष शुभेन्द्रमान श्रेष्ठ, कार्यसमितिका सदस्य राजेन्द्र पहाडी तथा कार्यक्रम व्यवस्थापक राम गैरेलाई विशेष धन्यवाद व्यक्त गर्दछु। यस सामग्रीको प्रकाशनका क्रममा समन्वयात्मक भूमिका निर्वाह गर्ने सचिवालय कर्मचारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने साझेदार संस्था यूरोपियन यूनियन तथा सहयात्री संस्थाहरू सर्च फर कमन ग्राउण्ड र गोगो फाउन्डेशन प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

**– कुमार भट्टराई**
**अध्यक्ष , एनसिई–नेपाल**

# विद्यालय सुशासन गुणस्तरीयता शिक्षाको आधार

सबैका लागि शिक्षाको विश्वब्यापी अभियानको प्रारम्भ संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धी १९८९ ले समान गुणस्तरीय शिक्षामा सबै बालबालिकाको अधिकार स्थापित गरेपछि नै प्रारम्भ भएको हो । शिक्षामा पहुँच, समता, गुणस्तरीयता, सान्दर्भिकता र सुशासन अभिवृद्धिको बहस र वकालत गरेको आज करिब २ दशक बितिसके पनि शिक्षाको गुणस्तर र विद्यार्थीको सिकाई उपलब्धिमा खासै सकारात्मक नतिजा प्राप्त भइरहेको छैन । सन् २००२ जुलाईदेखि स्थानीय निकाय जनप्रतिनिधि बिहिन हुँदा शिक्षामा सुशासन र विद्यालयको जवाफदेहिता माथिल्लो निकायमुखी भयो, विद्यार्थी र अभिभावक जो विद्यालयका मालिक हुन वेवास्तामा परे । त्यसैगरी सशस्त्र द्वन्द्वको नकारात्मक असर विद्यालयका शिक्षक तथा विद्यार्थीहरुमा बढी नै रह्यो । अझसम्म प्रधानाध्यापकको नेतृत्व स्थापित गर्न र विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरुलाई सक्रिय बनाउन नसकेकाले विद्यालय सुशासन र गुणस्तरीय शिक्षाको अवस्था अपेक्षित सुधार गर्न सकिएको छैन ।

नेपालमा हरेक राजनीतिक परिवर्तनसँगसँगै शिक्षा आयोगको सिफारिशमा शिक्षाको नीति तथा संरचनामा समसामयिक परिमार्जन हुँदै आएको इतिहास छ । तर पनि वि.सं. २०६२/६३ को जनआन्दोलन पछि देश सवैंधानिक राजतन्त्रबाट गणतन्त्र, एकात्मक राज्यव्यवस्था संघीयता तथा समावेशीतामा र केन्द्रीकृत राज्यप्रणाली विकेन्द्रीत भईरहदा शिक्षाको समसामयिक सुधार हुन सकेन । नेपालको संविधान २०७२ ले हरेक बालबालिकाको प्रारम्भिक बालकक्षादेखि आधारभूत तहको कक्षा ८ सम्मका शिक्षा निःशुल्क तथा अनिवार्य र कक्षा ९ देखि १२ को निःशुल्क शिक्षालाई मौलिक हक तथा राज्यको दायित्व स्थापित गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्ने सन्दर्भमा नयाँ समष्टिगत शिक्षा ऐनको आवश्यकता छ । त्यसैगरी भर्खरैमात्र नयाँ शिक्षा आयोग गठन भई मस्यौदा प्रतिवेदन बुझाए पनि उक्त आयोगको पदावधि सकिएकाले नयाँ आयोग पुनःगठन गरी काम सम्पन्न गरिसक्नुपर्नेछ । उक्त आयोगको प्रतिवेदनका आधारमा नेपालले प्रारम्भिक बालविकास केन्द्रदेखि विश्वविद्यालय तहको शिक्षासम्मलाई समेटी राष्ट्रिय शिक्षा नीति तर्जुमा तथा कार्यान्वयन गर्न ढिला भइसकेको छ ।

देश संघीयता कार्यान्वयनमा अघि बढेसँगै ७ वटा प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय तथा ७५३ वटै स्थानीय सरकारमा शिक्षा शाखा स्थापना गरी सञ्चालनमा आइसकेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले हरेक गाँउपालिका तथा नगरपालिकालाई प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको २३ वटा जिम्मेवारीहरु दिइएको छ । नेपाल सरकार र विभिन्न विकासका साझेदारबीच सहमति भएको ७ वर्षे विद्यालय शिक्षा विकास योजना गत वर्षदेखि कार्यान्वयनमा आएको छ । उक्त योजनानुसार विद्यालय शिक्षामा सबै बाललिकाकाको पहुँच र समता सुनिश्चित गर्ने, गुणस्तरीयता अभिवृद्धि गर्ने, सुशासन प्रवर्द्धन गर्ने तथा प्रकोप जोखिमको न्यूनीकरण गर्ने कार्यको नेतृत्व स्थानीय सरकारले लिनुपर्दछ ।

स्थानीय सरकारको नीति तथा मापदण्डका आधारमा विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नको लागि योग्य र सक्षम प्रधानाध्यापक, क्रियाशील विद्यालय व्यवस्थापन समिति तथा सक्रिय शिक्षक अभिभावक संघको आवश्यकता हुन्छ । सर्च, गोगो र एनसिईको संयुक्त पहलमा प्रदेश नं. २ का धनुषा, महोत्तरी र सिराहा जिल्लाका ४२ वटा माध्यमिक विद्यालयहरुमा प्रधानाध्यापकको अगुवाई र बालबालिका, शिक्षक, अभिभावक तथा स्थानीय शिक्षाका सरोकारवालाहरुसँगको अन्तरक्रिया, सहकार्य र समन्वयमा विद्यालय सुशासनका कामहरु अगाडि बढाइएको छ । उक्त सहकार्यमा विद्यालय सुशासन र गुणस्तरीय शिक्षाको बिजारोपण गर्न निम्न कार्य र सूचकहरुलाई प्राथमिकता दिइएको छ :

१) हरेक विद्यालय २२० दिन खुलेको र १९० दिनभन्दा बढी शिक्षणसिकाई क्रियाकलाप भएको,

२) कम्तीमा प्राविमा ५, निमाविमा ८ र माविमा १५ शिक्षक दरबन्दी कायम भई एक तिहाइ महिला शिक्षकसमेत कार्यरत रहेको

३) आधिकारिक र अद्यावधिक विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ कार्यरत रहेको,

४) विद्यालय सुधार योजना निर्माण, अद्यावधिक र कार्यान्वयनमा रहेको

५) सबै कक्षा र सबै विद्यार्थीमाझ बाल क्लब गठन तथा परिचालन भएको,

६) वार्षिक रुपमा अभिभावक र स्थानीय सँस्थाहरुको समन्वयमा विद्यालयको समष्टिगत सामाजिक लेखाखोखा तथा लेखापरीक्षण भएको,

७) व्यवस्थापन समितिमा बालक्लबलाई बोलाउने तथा उनीहरुको सुझाव कार्यान्वयन भएको,

८) कक्षा ३, ५, ८, १० र १२ कक्षाको सिकाई उपलब्धी जिल्लाको औसतभन्दा माथि रहेको,

९) विद्यार्थी र शिक्षकको हाजिरी विद्यालय खुलेको कुल दिनको ९५ प्रतिशत कायम भएको,

१०) विद्यालयमा कम्तीमा एक तिहाई शिक्षक, वि.व्य.स र शि.अ.सं.मा महिला कार्यरत रहेको, र

११) विद्यालयको तथ्यांक, अभिलेखन तथा सूचना अद्यावधिक भई कार्यान्वयमा आएको र विद्यालयमा वार्षिक पात्रो तथा पाठयोजना निर्माण तथा कार्यान्वयन भइरहेको ।

यसका लागि प्रधानाध्यापकको नेतृत्व र भूमिका अहम् हुन्छ । प्रधानाध्यापकले विद्यालय योजना (५ वर्षे योजना, एकवर्षे योजना, शैक्षिक क्यालेण्डर र पाठयोजना) बनाउँछ । शिक्षकहरुको व्यवस्थापन, सुपरीवेक्षण, कोचिङ्ग, तालिम तथा पृष्ठपोषण दिई उसको समय र काम विद्यार्थीको सिकाई उपलब्धिमा केन्द्रीत गराउँछ । हरेक विद्यार्थीको विद्यालय भर्ना, निरन्तरता, सुरक्षा, सिकाई र अनुशासनमा अभिभावकत्व तथा संरक्षकत्व ग्रहण गर्दछ । विद्यालय प्रशासकको रुपमा विद्यालयका हरेक अभिलेख, वित्त व्यवस्थापन, हाजिरी, परीक्षा र दण्डपुरस्कारलाई विश्वसनीय र गुणस्तरीय बनाउँछ । विद्यालयका सबै विद्यार्थी, शिक्षक, अभिभावक, प्रशासक, दाता र स्थानीय अगुवाहरुबीच सञ्चार तथा समन्वय गर्छ । वि.व्य.स, शि.अ.सं, शिक्षक बैठक, अभिभावक भेला, बालक्लब तथा अन्य समितिहरुको संगठक तथा व्यवस्थापकको भूमिका पूरा गर्छ । विद्यालयमा आवश्यक श्रोत तथा साधन (अनुदान, चन्दा, सहयोग, किताब, छात्रवृत्ति) संकलक तथा परिचालकको रुपमा पारदर्शी र मितव्ययी हुन्छ । सामाजिक अभियन्ता, असल पाठक र आदर्श नागरिकको रुपमा विद्यालयमा आवश्यक नयाँ नीति, पाठ्यक्रम, मापदण्ड र आचारसहिंता सहभागितात्मक रुपमा निर्माण, कार्यान्वयन तथा समीक्षा गर्दछ।

यी मापदण्ड र अपेक्षित सूचकको जानकारी दिन, बुझाई अभिवृद्धि गर्न र कार्यान्वयनलाई उत्प्रेरित गर्न हाम्रो शिक्षा परियोजनाअन्तर्गत प्रकाशित यस जर्नल सफल हुने अपेक्षासहित विद्यालय सुशासन र गुणस्तरीय शिक्षा प्रवर्द्धनको अभियानमा सबैलाई सहभागी हुन हार्दिक अपिल छ। एनसीई-नेपाल परिवारलाई यसको नेतृत्व गर्नु भएकोमा हार्दिक बधाई।

डा. भोलाप्रसाद दाहाल
राष्ट्रिय निर्देशक
सर्च फर कमन ग्राउण्ड नेपाल

# सारांश


नेपालको संविधानले प्रत्येक नागरिकको शिक्षा अधिकारलाई सुनिश्चित गर्न आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरेको छ। मुलुकको सार्वजनिक शिक्षा क्षेत्र प्राथमिकिरण गर्नका निमित्त नेपाल सरकारद्वारा कूल बजेटको कम्तीमा पनि २०% र कूल ग्राहस्थ उत्पादनको ४-६% शिक्षामा लगानी गर्ने प्रतिवद्धताहरु विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरुमा जनाईएका छन्। यसैगरी देशमा सम्पन्न भएको विभिन्न तहका निर्वाचनहरुका क्रममा, राजनीतिक दलहरुले पनि शिक्षाका निमित्त सो प्रकारको बजेट विनियोजित गर्ने प्रतिवद्धताहरुलाई आफ्नो घोषणापत्रहरुमा उल्लेख गरेका थिए। तर सरकार एवम् राजनीतिक दलहरुद्धारा गरिएका प्रतिवद्धता विपरीत शिक्षा क्षेत्रको बजेट वर्षेनी घट्दो क्रममा रहेको छ। यस परिवेशमा शिक्षाको बजेट घटेर हाल जम्मा ९.९१% मा सिमित रहेको छ, जसले गर्दा देशमा सार्वजनिक शिक्षाको अवस्था दिनप्रतिदिन खस्किदैँ गएको स्थिती छ। तर यससँगसँगै, अर्कोतर्फ के लगानी बढाउँदैँमा मात्र शिक्षामा गुणस्तरीयता सुनिश्चित हुन्छ ? भन्ने प्रश्न पनि मुख्य चिन्ताको विषय रहेको छ। सार्वजनिक शिक्षाको वर्तमान अवस्थालाई नियालेर हेर्दा शिक्षा क्षेत्रमा लगानी कम हुनुको सँगसँगै, यसको अर्को प्रमुख कारण सुशासनको अभाव पनि हो।

सुशासन, सरल भाषामा भन्नुपर्दा असल शासन हो। शासन जसले कुनै पनि संस्थालाई रणनीतिक मार्गदर्शन प्रदान गरी लक्ष्य हाँसिलता सुनिश्चित गर्न मद्दत गर्दछ, त्यसलाई नै सही अर्थमा सुशासन भनिन्छ। तसर्थ सुशासन हरेक क्षेत्र र संस्थाको निमित्त आधारभूत तत्व हो। यसै क्रममा विद्यालयमा पनि सुशासनको महत्व अत्याधिक हुन्छ। यसले विद्यालयसँग सम्बन्धित पक्षहरु विशेष गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यार्थी लगायत अन्य सरोकारवालाहरुलाई विद्यालयको योजना निर्माण, निर्णयका साथै त्यसको कार्यान्वयन प्रक्रियामा समेत जवाफदेही, समावेशी, पारदर्शी र उत्तरदायी बनाउँदछ। साथै यसले विद्यालय तथा सम्बन्धित सरोकारवालाको विद्यालयमा श्रोत परिचालन, नीतिगत कानुनको पालना एवम् समग्र दक्ष व्यवस्थापनको परिस्थितीलाई समेत झल्काउँदछ।

नेपालमा सार्वजनिक विद्यालयहरुमा सुशासनको अवस्था संतोषजनक पाईन्दैन्। त्यसमा पनि तराई क्षेत्रका जिल्लाहरुमा यो समस्या अझै ज्यादा चुनौतीपूर्ण रहँदै आएको विभिन्न अध्ययन अनुसन्धानहरुले प्रष्टाएको छ। तथापी सार्वजनिक विद्यालयहरुमा सुशासनका मुद्दाहरु दिन प्रतिदिन जटिल हुँदै गएकोले गर्दा विद्यालयले गर्ने कार्यहरुको पारदर्शिता र उत्तरदायित्वमा प्रश्न चिन्ह ल्याएको छ। त्यसैगरी सम्बन्धित निकाय तथा सरोकारवालाहरु आफ्नो भूमिका तथा दायित्वप्रति जवाफदेही नहुँदा संविधानद्वारा सुनिश्चित गरिएको गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाको अवधारणा पूर्ण रुपमा कार्यान्वयन हुन नसक्ने चुनौतीपूर्ण अवस्था रहेको देखिन्छ। तर हाल मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसके पश्चात अधिकार सम्पन्न स्थानीय, प्रादेशिक र संघीय सरकारहरुको गठन भईसकेको अवस्था रहेको छ। पछिल्लो समय केन्द्रस्तरमा रहेका शिक्षा सम्बन्धी सम्पूर्ण अधिकारहरु अब स्थानीय तहलाई हस्तान्तरण भईसकेको छ। यसका साथै हरेक तहका सरकार लगायत राजनीतिक दलहरुले सार्वजनिक शिक्षा र त्यसमा सुशासन र जवाफदेहिता प्रर्वद्धन गर्नका निमित्त आफूहरु प्रतिवद्ध रहेको आफ्ना घोषणापत्रहरुमा उल्लेख गरेका छन्। यस परिवेशले नेपालमा रहेका सामुदायिक विद्यालयहरूको रूपान्तरण सकारात्मक दिशा तर्फ अघि बढ्ने आशा दिएको छ।

यस परिवेशमा यो जर्नल पुस्तकले नेपालमा हाल भइरहेको विद्यालय सुशासनको विद्यमान अवस्था र त्यससँग सम्बन्धित कानुनी व्यवस्था बारे दर्शाउँदै सार्वजनिक शिक्षासँग सम्बन्धित नीतिगत तथा संरचनागत व्यवस्थाहरु बारे उल्लेख गरेको छ। मुलुक

संघीयतामा गए पश्चात देशको कानुनी संरचना परिवर्तन भएको सन्दर्भमा अबको दिनमा विद्यालय सुशासन प्रवर्द्धन मात्र नभई समग्र सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त स्थानीय, प्रादेशिक र संघीय सरकारको भूमिका तथा जिम्मेवारी बारे पनि यस पुस्तकले उजागर गरेको छ। यसैगरी संघीयतासँगै देखा परिएका अवसर तथा चुनौतीहरु बारे उल्लेख गर्दै यस पुस्तकले शिक्षा सुदृढीकरणका निमित्त योजना तथा कार्यक्रमहरु बनाई उचित ढङ्गबाट कार्यान्वयन गर्नका निमित्त तीन तहको सरकार बीच चाहिने आवश्यक समन्वयात्मक पक्ष बारे समेत जोड दिएको छ। यसका अलावा यसले विद्यालय सुशासनका आधारभूत पक्षहरु, प्रशासनिक निर्णय तथा विभागीय कारबाही गर्दा ध्यान दिनुपर्ने पक्षहरू, उजुरी तथा गुनासोका मुख्य मुद्दाहरु र त्यससँग सम्बन्धित व्यवस्थापनका लागि गर्न सकिने उपायहरु उपर पनि प्रकाश पारेको छ।

यसैगरी राज्यको जवाफदेहितासँगसँगै विद्यालय सुशासनका लागि आवश्यक सामुदायिक सहभागिता र सरोकारवालाहरुको भूमिकालाई यस पुस्तकले विशेष प्रकाश पारेको छ। शिक्षा सुदृढीकरणका निमित्त समुदाय र विद्यालय बीचको सम्बन्धलाई सुदृढ गर्न आवश्यक छ भन्ने कुरामा जोड दिदैं, यस पुस्तकले अबको दिनमा स्थानीय सरकारहरु जिम्मेवार हुनुका साथसाथै समुदायसँगको सहकार्यमा विद्यालयहरुको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिनु पर्दछ भनेर सरोकारवालाहरुको ध्यानाकर्षण गर्ने प्रयास गरेको छ। विशेष गरी सार्वजनिक विद्यालयहरुसँग सम्बन्धित सुशासनका विभिन्न मुद्दाहरु (जस्तैः जवाफदेहीता, पारदर्शी प्रशासन, उत्तरदायी नेतृत्व, शिक्षक व्यवस्थापन, योजना निर्माण र कार्यान्वयन, श्रोत परिचालन, अनुगमन र मूल्याङ्कन, आदि) र तिनका रुपान्तरणका लागि अपनाउन सकिने सान्दर्भिक औजार तथा विधिहरु (जस्तैः वि.व्य.स.को क्षमता अभिवृद्धि, विद्यालय सुधार योजना निमार्ण, नियमित शिक्षक अभिावक बैठक/अन्तरक्रिया, विद्यालय स्वमूल्याङ्कन, सामाजिक र लेखा परीक्षण, आचार संहिता, सार्वजनिक सुनुवाई, आदि) बारे यस पुस्तकले उल्लेख गरेको छ।

मुलुकमा आएको राजनीतिक संघीयताले जन्माएको शैक्षिक संघीयता उपर पनि प्रकाश पार्दै, नेपालको संविधानले प्रावधान गरेको निःशुल्क र अनिवार्य शिक्षासँग जोडिएका केही प्रमुख मुद्दाहरुमा (जस्तैः पाठ्यक्रम, भाषा सिकाई, परीक्षा व्यवस्थापन, गुणस्तर, आजीवन शिक्षा, बालअधिकार, आदि) रुमलिएको स्थानीय, प्रादेशिक र संघीय सरकारको अन्यौल बारे पनि यस पुस्तकले उल्लेख गर्ने प्रयास गरेको छ। विद्यालय सुशासनको निमित्त वित्तीय व्यवस्थापन एक महत्वपूर्ण पक्ष हुन्छ। त्यसै पक्षलाई मध्यनजर गर्दै विद्यालयको वित्तीय व्यवस्थापन तथा सुशासन बीचको सम्बन्धलाई यस पुस्तकले उजागर गरेको छ। यस पुस्तकले संस्थामा आर्थिक व्यवस्थापन गर्नका लागि आवश्यक न्यूनतम क्षमताहरु बारे उल्लेख गर्नुका साथै नेपालमा भएका विद्यालयहरुको वित्तीय नीति तथा व्यवस्थापन, विद्यालयको वित्तीय श्रोत, विद्यालय कोष, अनुदान प्रक्रिया एवम् विद्यालयका वित्तीय व्यवस्थापनसँग सम्बन्धित मुद्दाहरु बारे चर्चा गरेको छ।

यद्यपि विद्यालय शिक्षामा सुशासन एक अपरिहार्य र पहिलो शर्त हो। यो प्रकाशन नेपालको शिक्षा क्षेत्रमा लामो समयदेखि कार्यरत शिक्षाविद् तथा संघसंस्थाहरुका प्रतिनिधिहरुद्वारा विभिन्न सन्दर्भ सामग्रीहरुको समीक्षासँगै शिक्षामा आफ्नो अनुभव र सिकाईहरुको आधारमा तयार गरी विद्यालय सुशासनको विभिन्न पक्षहरु बारे लेखिएका लेखहरुको संकलन जर्नल पुस्तक हो। यस पुस्तकले नेपालको सार्वजनिक विद्यालयहरुमा भइरहेको सुशासनको वर्तमान स्थिती एवम् चुनौतीहरुका बारे विश्लेषण गर्नुका साथै अब आउने दिनहरुका निमित्त देखिएका अवसरहरुको बाटो र त्यसका लागि अपनाउन सकिने समाधानका उपाय तथा रणनीतिहरु बारे उजागर गरी सरोकारवालाहरुलाई विद्यालय सुशासनमा आ-आफ्नो भूमिका र जिम्मेवारी पूरा गरी सो प्रति जवाफदेहिता र उत्तरदायित्व बहन गर्न उत्प्रेरित गर्ने प्रयास गरेको छ।

# संक्षिप्त

| | | |
|---|---|---|
| जिशिका | : | जिल्ला शिक्षा कार्यालय |
| प्रअ | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| वि.सु.यो. | : | विद्यालय सुधार योजना |
| शि.अ.स. | : | शिक्षक अभिभावक संघ |
| BPEP | : | Basic and Primary Education Project |
| CSSP | : | Community School Support Project |
| OECD | : | Organization for Economic Co-operation and Development |
| SSDP | : | School Sector Development Plan |
| TMIS | : | Teacher Management Information System |

# विषयसूची


१. प्रकाशकीय ........................................................................ क

२) विद्यालय सुशासन गुणस्तरीय शिक्षाको आधार ................................ ख–ग

३) सारांश ........................................................................ घ–ङ

४) संक्षिप्त ........................................................................ च

५) विद्यालयको वित्तीय व्यवस्थापन र सुशासन *(प्रा. डा. मनप्रसाद वाग्ले)* ..... *१–१२*

६) संघीयतामा रुमलिएको शिक्षा *(प्रा. डा. विद्यानाथ कोइराला)* ............... *१३–१९*

७) विद्यालय सुशासन र राज्यको जवाफदेहिता *(पदमसिंह विष्ट)* ............... *२०–३२*

*८)* नेपालमा विद्यालय सुशासनका मुद्दा तथा रूपान्तरणका लागि
सहभागितामूलक विधिहरु *(शुभेन्द्रमान श्रेष्ठ)* .................................... *३३–४९*

९) विद्यालय सुशासनका लागि सामुदायिक सहभागिता
र सरोकारवालाहरुको भूमिका
*(डा. भोलाप्रसाद दाहाल र दल बहादुर सुनार)* ................................ *५०–६३*

# विद्यालयको वित्तीय व्यवस्थापन र सुशासन

-प्रा.डा. मनप्रसाद वाग्ले *

## वित्तीय व्यवस्थापन के हो ?

कुनै पनि संस्थाको आर्थिक व्यवस्था राम्रो हुनु भनेको त्यसबाट उत्पन्न हुने खतराको निराकरण गर्नु हो। त्यसैले सम्बन्धित शिर्षकमा वैज्ञानिक ढंगले गरिएको खर्चले वित्तीय व्यवस्थापन जनाउँछ। पैसाकै कारण रातभर निद्रा नलाग्ने स्थिति आयो भने वित्तीय व्यवस्थापनमा समस्या भयो भन्ने बुझ्ने हुन्छ। वित्तीय व्यवस्थापनसँग उत्तरदायित्व र रिपोर्टिङ्ग सँगसँगै आउने कर्महरू हुन्। उत्तरदायित्व बहन गर्ने क्षमता हुनेहरूको संस्थामा कम्जोर उत्तरदायित्व निर्वाह गर्ने संस्थाको तुलनामा राम्रो वित्तीय व्यवस्थापन हुन्छ। त्यस्तै समयमै आफूभन्दा माथिल्लो निकाय वा संस्था वा पदीय व्यक्तिलाई रिपोर्टिङ्ग गर्ने पद्दतिले पनि वित्तीय व्यवस्थापन राम्रो बनाउन मद्दत पुऱ्याएको हुन्छ।

विद्यालयको कुरा गर्दा विद्यालय संचालनको क्षमता राख्ने प्रधानाध्यापकलाई विद्यालय लेखा प्रणालीको राम्रो ज्ञान भएको हुनुपर्दछ र त्यससँग सम्बन्धित आर्थिक प्रणाली एवं नियन्त्रणका बारेमा जानकारी पनि हुनुपर्दछ (क्लर्क,२००८)। उनी भन्छन् सामान्यतया एउटा प्रधानाध्यापकले विद्यालयको रकम दुरूपयोग हुन नदिन बजेट निर्माण प्रक्रिया, बजेट कार्यान्वयन, बजेट प्रणाली र बजेट नियन्त्रणका बारेमा जानकारी हासिल गर्नु अत्यावश्यक छ। इरास्मस (२००८) को शब्दमा व्यवस्थापकहरूले बुद्धिमत्तापूर्वक गरेको निर्णय र दिएका सुझावहरूलाई कार्य क्षेत्रमा उतार्ने जिम्मेवारीको न्युनतम आवश्यकता नै वित्तीय व्यवस्थापन हो। सार्वजनिक क्षेत्रमा वित्तीय व्यवस्थापनको मूल उद्देश्य भनेको थोरै लगानीमा प्रभावकारिता र दक्षता हासिल गर्न यसमा काम गर्ने प्रशासकहरूलाई सघाउनु हो (हुइक, २००४)।

त्यसैले विद्यालयको वित्तीय व्यवस्थापनभित्र विद्यालयको आर्थिक योजना र त्यसको कार्यान्वयन, लेखा प्रणाली, सम्पत्तिको सुरक्षा सम्बन्धी नियम पर्दछन्। जुन विद्यालयमा यस्तो प्रवन्ध भेटिदैंन त्यस्ता विद्यालयमा आन्तरिक हिसाबले आर्थिक व्यवस्थापनमा कठिनाई उत्पन्न हुन्छ। यस्तो नियम बनाएर त्यसैअनुसार आफू पनि काम गर्ने अरूलाई पनि काम गराउने जिम्मेवारी संस्था प्रमुख अर्थात् विद्यालयको हकमा प्रधानाध्यापकको नै हुन्छ। वित्तीय व्यवस्थापनको उत्पादन भनेकै आर्थिक योजना र नियमित प्रतिवेदन हुन् (होवर्ट, ना) किनभने प्रतिवेदन अर्थात् रिपोर्टिङ्ग प्रक्रिया योजना प्रक्रियासँग आवद्ध हुन्छ। लेखाप्रणाली चुस्त नभएको र रेकर्ड दुरुस्त नभएको संस्थामा वित्तीय व्यवस्थापन फितलो हुन्छ। फेरि वित्तीय व्यवस्थापन नेतृत्वकर्ताको नैतिकतासँग पनि सम्बन्धित हुने भएकोले यसको सुशासनसँग पनि प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। कानूनको पालना, पारदर्शिता, दक्षता, प्रभावकारिता र अर्थ व्यवस्थापनको सिद्धान्तमा आधारित हुने वित्तीय व्यवस्थापनले सुशासनलाई नसघाउने कुरै भएन। आर्थिक योजना र त्यसलाई सघाउने नियम कानूनको अभावमा वित्तीय व्यवस्थापन जोखिममा पर्दछ। जे भएपनि वित्तीय व्यवस्थापन आन्तरिक आर्थिक नीतिमा निर्भर रहन्छ र त्यो नीति संस्थाको नीतिमा आवद्ध हुन्छ। आन्तरिक आर्थिक नीतिको अभावमा प्रभावकारी वित्तीय व्यवस्थापन हुनै सक्दैन (डुन, २००५)/गिटम्यान (२००३) लेख्छन् अर्थ भनेकै रकमको व्यवस्थापन गर्ने कला र विज्ञान हो। यो जहिले पनि व्यक्ति (व्यक्ति, व्यक्ति-संस्था र संस्था-संस्थाबीच रकम हस्तान्तरण गर्ने प्रक्रिया, संस्था, बजार र साधनसँग आवद्ध भएको हुन्छ।

वित्तीय व्यवस्थापनभित्र आवश्यक रकमको प्रक्षेपण गर्ने, रकम जुटाउने र लगानी गर्ने मुख्य तीन जिम्मेवारी पर्दछन्



* लेखकः प्रा.डा. मनप्रसाद वाग्ले, वरिष्ठ शिक्षाविद् तथा एनसिई-नेपालका सल्लाहकार हुनुहुन्छ।

र यस्तो जिम्मेवारी व्यवस्थापक र व्यवस्थापन समितिले निर्वाह गर्नुपर्ने हुन्छ ।

## वित्तीय व्यवस्थापनका केही सैद्धान्तिक पक्ष

### A MODEL FOR SCHOOL FINANCIAL MANAGEMENT (KNIGHT, 1993)

आर्थिक श्रोत सिङ्गै आर्थिक प्रणालीको यौटा अंग मात्रै हो। सुशासन नै सबैभन्दा महत्वपूर्ण पक्ष हो। यो सिद्धान्तले पृष्ठपोषणको महत्व बढी हुन्छ भन्दछ । व्यवस्थापकीय सूचना प्रणाली चुस्त भएमा त्यसले सुशासनलाई बढावा दिन्छ। आर्थिक व्यवस्थापन राम्रो गर्न सघाउ पुऱ्याउँछ।

### 4 MODELS OF EDUCATIONAL MANAGEMENT (BUSH, 2010)

#### *Rational Models:*

यो मोडेलले निर्णय प्रक्रियाको ४ क्रमिक तहको बारेमा जानकारी दिन्छ। पहिलोः समस्या पहिचान, दोश्रो : समाधानका उपाय पहिचान, तेश्रोः समाधानको छनौट र चौथोः समाधानका उपाय अवलम्बन र मुल्यांकन। यसका आलोचकहरूले यो मोडेलमा समस्या पहिचानमा आवश्यक सुचनाको अभाव हुन सक्ने र समस्या परिवर्तित पनि हुन सक्ने हुनाले त्यसको कुनै आभास यसमा नपाएको भनेका छन्।

#### *Collegial Models:*

यो मोडेल ५ दशक भन्दा अगिनै शुरु भएको हो। सबैसँगै मिलेर एक अर्कालाई सहयोग गर्ने विधिलाई यो मोडेलले अङ्गीकार गर्छ। एउटा संस्थाभित्र काम गर्ने सबै रोजगार बीच सहभागीताको अपेक्षा यसले गर्दछ। अर्को अर्थमा भन्ने हो भने समूह मिलेर काम गर्ने र समूह नै जिम्मेवार हुने पद्दति यसले अंगालेको हुन्छ। व्यवस्थापकहरू सहजकर्ता हुन्छन् र सबैलाई मिलाएर लैजान सक्षम हुन्छन्। गुणस्तरीय उत्पादनमा सबै रोजगारदाताले आ-आफ्नो जिम्मेवारी महशुस गरेका हुन्छन्। यसले अर्को कुरा पनि इंगित गर्दछ त्यो हो - आत्म अनुशासन। सबै मिलेर गरिएको सफलता प्रति सबै उत्तिकै रूपले सन्तुष्ट रहन्छन्। यसरी सबैको भूमिका स्पष्ट भएपछि र सबै मिलेर अगि बढेपछी आर्थिक व्यवस्थापन पारदर्शी हुन मद्दत पुग्दछ र सुशासन कायम गर्न सघाउ पुग्दछ।

#### *Human Capital Theory:*

अर्थशास्त्रीहरू शिक्षालाई लगानीको रूपमा हेर्दछन्। श्रमबजारमा आवश्यक जनश्रोतको उत्पादन शिक्षाले नै गर्छ भन्ने सिद्धान्त, शिक्षामा मानव पूँजीको सिद्धान्त हो। यसको अग्रपंक्तिमा Adam Smith, John Stuart Mill र Alfred Marshall पर्दछन्। व्यक्तिको आफ्नो सीपका कारण आर्थिक उपलब्धी हुन्छ भन्नेमा यो सिद्धान्त विश्वास गर्दछ । जसले गर्दा मानिसको स्तरमा पनि वृद्धि हुन्छ। मानवको कार्य दक्षतामा वृद्धि त्यतिखेर हुन्छ जब उसले आफ्नो ज्ञान र सीपको लगानी गर्दछ। यसो गर्दा उक्त सीप हासिल गर्न लाग्ने मूल्य भन्दा कैयौं गुणा मूल्य उसले हासिल गर्दछ। शैक्षिक संस्थामा पनि नेतृत्व लिने र समूहमा सघाउनेहरूको ज्ञान र सीपका कारण आर्थिक उपार्जन गर्न सकिन्छ। अझ अगाडि भन्नुपर्दा उनीहरूको सीपमा नै दिगो आर्थिक व्यवस्थापन सम्भव हुन्छ। मानव पूँजी भन्नुनै उसका क्षमता हुन्। उसका ज्ञान, बानी बेहोरा, सामाजिक र व्यक्तिगत योगदान, सिर्जनशीलता, संज्ञानात्मक क्षमता, आदिले गर्दा उ राम्रो काम गर्न सक्छ र आर्थिक उपार्जन हुन्छ। जब आर्थिक उपार्जन हुन्छ तब मान्छेले त्यसको व्यवस्थापन गर्न पनि सिक्छ। जसले आर्थिक उपार्जनसँगै त्यसको व्यवस्थापनको कला जानेको हुन्छ त्यो मान्छे सधैं सुखी रहन्छ र आफ्नो परिवेशलाई पनि सुखी बनाउँछ।

#### *Agency Theory:*

एउटा संस्थाको प्रमुखले जब आफ्ना काम सम्पन्न गर्नका खातिर अरू मान्छेको नियुक्त गर्छ ती मान्छेहरू त्यस संस्थाको एजेन्टको रूपमा काम गर्दछन्। शैक्षिक संस्थाभित्र प्रधानाध्यापक सहित अरू शिक्षक र कर्मचारी हुन्छन्।

यिनीहरूलाई विभिन्न भूमिका तोकी अधिकार प्रत्यायोजन गरिएको हुन्छ। सबैले आ-आफ्नो भूमिका निर्वाह गर्दा संस्थागत लक्ष्य पुरा गर्न मद्दत पुग्दछ। यसरी एजेन्टमार्फत संस्थाको लक्ष्य पुरा गर्ने क्रममा कहिलेकाहीं समस्या पनि उत्पन्न हुन सक्छ। जस्तो संस्था प्रमुखले लिएको बाटो र एजेन्टले लिएको बाटो अलिकति मात्रै फरक भयो भने द्वन्द्वको सिर्जना हुन्छ। त्यस्तै यी दुई बीच कार्यको सिलसिलामा थुप्रै समझदारी र जोखिम हुन सक्छ। आर्थिक व्यवस्थापन राम्रो हुन संस्था प्रमुख र अन्य एजेन्ट बीच सुमधुर सम्बन्ध निकै जरूरी पर्दछ।

## वित्तीय व्यवस्थापन तथा सुशासन

विद्यालयको आर्थिक व्यवस्थापन भन्नाले आर्थिक श्रोतको योजना र त्यसको कार्यान्वयन गर्नु नै हो ; जसभित्र लेखा प्रणाली, सम्प्रेषण प्रक्रिया, सम्पत्ति संरक्षण, पर्दछन्। यसको लागि विद्यालयले आफ्नै आन्तरिक नियम बनाउन सक्छ र श्रोतको सही परिचालन गर्न सक्छ। विद्यालयको आन्तरिक नियमको अभावमा श्रोतको दुरूपयोग हुने सम्भावना बढी रहन्छ। किनभने श्रोत व्यवस्थापनमा त्यस्ता विद्यालयमा श्रोतको आन्तरिक नियन्त्रणको कमी रहन्छ। श्रोतको आन्तरिक नियन्त्रण, परिचालन र आन्तरिक लेखा परीक्षण अतिनै आवश्यक हुन्छन्। आर्थिक योजना र वार्षिक प्रतिवेदनले कमसेकम आर्थिक व्यवस्थापनको सूचकको रूपमा काम गर्दछन्। यी सबै कुरा फेरि विद्यालयको आन्तरिक योजना प्रक्रियासँग सम्बन्धित हुन्छन् र विद्यालय प्रमुखले त्यसको उत्तरदायित्व निर्वाह गर्नुपर्ने हुन्छ। यसको लागि संस्था प्रमुख दुई किसिमले सचेत हुनुपर्दछ। एक, विद्यालय संचालनको लागि तयार भएका नीति, नियम, कानूनको हूबहू पालना र दोश्रो, त्यस्ता नीति नियम पालना गर्न सक्ने खुबीको विकास। पहिलो सर्त सजगता हो भने दोश्रो सक्षमता। खासगरी संस्था प्रमुखमा आर्थिक व्यवस्थापन गर्नका लागि कमसेकम यी क्षमता विद्यमान हुनु आवश्यक हुन्छ (होभर्ट, ना)

१. गत वर्षको आम्दानी र खर्चको विश्लेषण
२. चालु वर्षको आम्दानी खर्चको मोटामोटी आंकलन
३. आगामी वर्षको बजेट तर्जुमा

खासगरी सबै विद्यालयले गर्ने कामको प्रकृति एउटै भएकोले गर्दा विद्यालयको आर्थिक योजना बनाउँदा सकेसम्म कार्यक्रम अनुसार सुक्ष्म तवरले आम्दानी र खर्चको फेहरिस्त निर्माण गर्नु राम्रो हुन्छ। जति मसिनो रूपमा बजेटको निर्माण भयो त्यतिनै खर्चको वस्तुगत मूल्यांकन गर्न सकिन्छ र आर्थिक अनियमितता कम हुन जान्छ। यसले के कुराको संकेत गर्दछ भने आर्थिक योजना प्रधानाध्यापककै दायित्व हो र यसमा उसको सीप अनिवार्य हुन्छ। लेखा हेर्ने छुट्टै त्यसै विषयको ज्ञाता छ भने प्रधानाध्यापकले सहकार्य गरी यस्तो योजना बनाउन सक्छ।

योजना मात्रै पर्याप्त हुँदैन, त्यसलाई योजनाले उल्लेख गरेजस्तै कार्यान्वयनमा पनि ल्याउन सक्नु पर्दछ। सबै कारोवारको कानूनी प्रक्रिया अनुरूप रेकर्ड चुस्त राख्ने उत्तरदायित्व पनि संस्था प्रमुखको नै हुन आउँछ। कुन कुन समयमा कसलाई रिपोर्टिङ्ग गर्नुपर्छ भन्ने कुरा शिक्षाका नियम कानूनले उल्लेख गरेका हुन्छन् र त्यसै अनुसार आफूभन्दा माथिल्लो जिम्मेवार पदाधिकारीलाई संस्था प्रमुखले रिपोर्टिङ्ग गर्नुपर्दछ। यसो गर्दा आर्थिक पारदर्शिता बढ्दछ र संस्था र संस्था प्रमुखप्रति सरोकारवालाहरुको विश्वास बढ्न जान्छ। यसको अतिरिक्त सबै सूचना समेटेर विद्यालयको वार्षिक प्रतिवेदन तयार पारिनुपर्दछ। विद्यालयको वार्षिक प्रतिवेदन सबै सरोकारवालाको पहूँचमा राख्ने दायित्व पनि संस्था प्रमुखको नै हुन आउँछ। यसरी रिपोर्टिङ्ग गर्दा त्यो प्रतिवेदन संस्थाको आर्थिक योजनाले उल्लेख गरेका प्रमुख आम्दानी र खर्चमा आधारित हुनु वान्छनीय छ। किनभने योजनामा उद्देश्य लेखिएको हुन्छ र त्यो उद्देश्य प्राप्तिको लागि गरिएका प्रयत्नहरूको मापन विधि पनि उल्लेख गरिएका हुन्छन्। यस्तो वार्षिक रूपमा तयार पारिने आर्थिक प्रतिवेदनमा कमसेकम दुई कुरा समावेश हुनु पर्दछ ः

१. लेखा प्रतिवेदन र
२. वित्तीय प्रतिवेदन

### लेखा प्रतिवेदनः

लेखा प्रतिवेदनमा balance sheet, र आम्दानी र खर्चका फेहरिस्त उल्लेख हुनुपर्दछ र आर्थिक कार्यको सिलसिलामा देखापरेका सहजता र चुनौतीको पनि उल्लेख गरिनु पर्दछ। यसको मुख्य उद्देश्य भनेको आर्थिक अवस्था, प्रभावकारिता, र जिम्मेवार व्यक्तिको स्थितिका बारेमा सूचना प्रवाह गर्नु हो, जसले भविष्यमा गरिने आर्थिक निर्णयका बारेमा पृष्ठपोषकको रूपमा काम गर्दछ । वर्षभरी काम गर्दा के-कस्ता आर्थिक चुनौती आइपरे र त्यसको समाधान कसरी गरियो भन्ने कुराले यस्तो प्रतिवेदनमा महत्व राख्दछ। कुन शिर्षकमा कति खर्च भयो, योजना अनुसार ठीक भयो कि बढी भयो अथवा खर्च गर्न सकिएन, किन त्यस्तो भयो भन्ने नोट आर्थिक प्रतिवेदनले माग गर्दछ। कतिपय नियमले नै आर्थिक प्रतिवेदनका ढाँचा निर्क्यौल गरेका हुन्छन्। त्यस्ता ढाँचा प्रयोग गरेर विभिन्न टेबल र चार्टसहित प्रष्ट रूपमा आफ्नो आर्थिक विवरण प्रस्तुत गर्ने उत्तरदायित्व संस्था प्रमुखको नै हो।

### वित्तीय प्रतिवेदनः

लेखा प्रतिवेदनलाई टेकेर त्यसको आधारमा विद्यालय विकास कसरी भयो भन्ने कुरा वित्तीय प्रतिवेदनमा बोलिनु पर्दछ। कुन-कुन आर्थिक कारणले विद्यालयको कुन-कुन क्रियाकलापमा के-के प्रभाव पऱ्यो, त्यो सकारात्मक थियो कि नकारात्मक, किन त्यस्तो नतिजा निस्कन पुग्यो, राम्रो गर्नका लागि के-के प्रयास गरियो, कुन-कुन प्रयास सफल भए, कुन हुन सकेनन् जस्ता वृहत विश्लेषण वित्तीय प्रतिवेदनले समेट्नु पर्दछ।

यसको अतिरिक्त विद्यालयमा निरन्तर अनुगमन प्रणालीको सुरुवात गर्नु पर्दछ। यस्तो अनुगमन प्रणालीका बाहक भनेका आन्तरिक लेखा नियन्त्रण र लेखा परीक्षण नै हुन्। विद्यालयको वित्तीय व्यवस्थापनको अनुगमनका लागि यी पर्याप्त हुन्छन्। कानूनसम्मत भए नभएको, पारदर्शिता कायम गर्न सके नसकेको, आर्थिक व्यवस्थापनका कारणले कार्य दक्षता बढे नबढेको, विद्यालयको काम कारवाही प्रभावकारी हुन सकेको नसकेको, र आर्थिक हिसाबले विद्यालय सन्तुलनमा रहे नरहेको बारे यस्तो अनुगमनले स्पष्ट तस्वीर सबैको सामू देखाउँछ र विद्यालय सुधारको बाटो अगाडि बढाउँछ। त्यसैले खर्चको पारदर्शिताको लागि आवश्यक सबै प्रकारका कानूनी श्रेस्ता चुस्त दुरुस्त राख्न सक्नुपर्दछ। त्यही श्रेस्ताको अध्ययनको आधारमा नै आन्तरिक लेखा परीक्षण भई अनुगमनको कार्य सम्पन्न हुने गर्दछ। आन्तरिक लेखा परीक्षण यस्तो साधन हो जसले नेतृत्वलाई सही बाटोमा हिंड्न समयमै सचेत गराउँछ र आर्थिक अपचलन हुनबाट जोगाउँछ। आन्तरिक नियन्त्रण चाहिं जिम्मेवार व्यक्तिले आफैंलाई र आफ्ना मातहतका मान्छेलाई आर्थिक रूपले एउटा सही गोरेटोमा लैजाने नीति हो। यस्तो नीतिले आत्म-अनुशासन कायम गर्न मद्दत गर्दछ।

यस्ता प्रतिवेदनले को को काममा उत्तरदायी भए, को भएनन्, नभएकाका लागि कस्तो कदम चाल्ने वा कस्तो कारवाही अगाडि बढाउने, क्षमता वृद्धिका लागि आगामी वर्षमा के गर्न सकिन्छ, त्यसको श्रोतको जोहोको उपाय के हुन सक्छ, आन्तरिक बजेटबाटै सुधारका काम कसरी अगाडि बढाउन सकिन्छ जस्ता महत्वपूर्ण निर्णय गर्न एउटा बलियो आधार प्रदान गर्दछ।

## विद्यालयको वित्तीय श्रोत

विद्यालयको खास गरी दुई प्रकारका वित्तीय श्रोत हुन्छन्। आफ्नै बलबुताको श्रोत र सरकारबाट प्राप्त हुने नियमित श्रोत। आफ्नै बलबुतामा उठ्ने श्रोत भनेको दान, दातव्य, चन्दा, विद्यालयले आयोजना गरेको आर्थिक उपार्जनका काम, विद्यार्थीबाट उठाइने शुल्क, विद्यालयले प्रदान गर्ने आन्तरिक र वाह्य सेवा बापतको शुल्क, कुनै गैरसरकारी संस्थाले गर्ने सहयोग, स्थानीय जनताको श्रमदान, जस्ता श्रोत हुन्। सरकारी अनुदान प्रति विद्यार्थी लागतमा आधारित हुन्छ जसमा शिक्षक कर्मचारीको पारिश्रमिक, विद्यालयको भौतिक विकास, शैक्षिक सामग्री, प्रशासनिक खर्च, जस्ता दैनिक चालु खर्च र विकास खर्च

समेटिएका हुन्छन्। यस्तो खर्चमा विद्यालयले नियमित रूपमा पाउने खर्चले निरन्तरता पाउँछ। निःशुल्क शिक्षा लागू भएका मुलुकमा सबै प्रकारको न्यूनतम खर्चको उत्तरदायित्व सम्बन्धित सरकारले बेहोरेको हुन्छ तर पनि नयाँ काम गर्न र विद्यालयको काममा प्रभावकारिता वृद्धि गर्न विद्यालयले जहिले पनि अतिरिक्त आर्थिक श्रोतको लागि प्रयत्न गरिरहेको हुन्छ। यसरी प्राप्त सबै प्रकारका श्रोतको उचित व्यवस्थापनमा नै विद्यालयको विकास सम्भव हुन्छ । माथि भनिएझैं यी श्रोतहरूको खर्च योजना, त्यसको अनुगमन र प्रभावकारिता विश्लेषण गरी प्रत्येक वर्ष सुधार गर्दै जाने दायित्व विद्यालय प्रमुखमा निर्भर रहन्छ।

## नेपालका विद्यालयको वित्तीय नीति तथा व्यवस्थापन

सैद्धान्तिक रूपमा जेसुकै कुरा लेखिएको भएता पनि नेपालका विद्यालयको वित्तीय नीति केलाउने प्रयास गर्दा खासै कुनै भरपर्दो कागज-पत्र फेला परेनन्। एकातर्फ प्रत्येक विद्यालयले तयार पार्ने विद्यालय सुधार योजना आफैमा वैज्ञानिक प्रयोग हो भने अर्कोतिर ती सुधार योजना विद्यालयको वित्तीय व्यवस्थाको लागि पटक्कै प्रयोग वा उपयोग भएको अवस्था छैन। शिक्षा ऐन तथा नियमावलीले सार्वजनिक विद्यालयको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने बताउँछ, बस् यही हो समग्रमा वित्तीय नीति। प्रत्येक वर्ष केन्द्रीय स्तरले प्रत्येक विद्यालयको बजेट निर्धारण गर्छ र जिल्लाका शिक्षा कार्यालयमार्फत ती विद्यालयमा पठाउँछ। यो रकम भने किटानीका साथ उल्लेख भएको पाइन्छ। यसभन्दा बाहेक विद्यालयलाई सहयोग कुन-कुन श्रोतबाट कति हुन्छ र त्यसको उपयोग कहाँ-कहाँ र कसरी भईरहेछ भन्ने रेकर्ड कहीं कतै भेटिंदैन। विद्यालयको आर्थिक सुशासनको अनुगमन समेत हुन नसकेको वर्तमान परिप्रेक्षमा सरकारी रकमको मात्रै चर्चा गर्नु त्यति सान्दर्भिक देखिंदैन। ऐनले विद्यालय शिक्षामा शुल्क लगाउन प्रतिवन्ध लगाएको भएता पनि विद्यालयहरूले अभिभावकबाट शुल्क लिने काम रोकिएको छैन। यो निरन्तर रूपमा विद्यालयलाई प्राप्त हुने आर्थिक श्रोत बाहेक दान दातव्य, चन्दा र अन्य सहयोग पनि विद्यालयले बेलाबेला प्राप्त गर्दै आएको छ, जसको लेखाजोखा र उपयोगमा हुनुपर्ने योजना र लेखा परीक्षण कसरी हुन्छ र त्यसको प्रतिवेदन कसले कहाँ बुझाउँछ अनि त्यसपश्चात गरिने नयाँ योजना र कार्यान्वयनको बारेमा हाम्रो नीति मौन छ। वित्तीय व्यवस्थापनको वैज्ञानिक पद्दति विकास नभएको नेपालको विद्यालयको लागि विद्यालय विकास योजना देखाउने दाँतको रूपमा मात्र अगाडि आएको छ। कटु शब्दमा व्याख्या गर्नुपर्दा कुनै पनि प्रधानाध्यापकलाई विद्यालय बजेटको चिन्ता छैन, किनभने केन्द्रले तोकिदिएको रकममा उनीहरूले चित्त बुझाउने हो, त्यसमा उनीहरूको कुनै भनाई हालसम्म सुनुवाई भएकै छैन। केन्द्रले पठाउने रकम भनेको अधिकांश तलव रकम नै हो। सामान्य प्रशासनिक खर्च बाहेक विद्यालय विकासको लागि बजेट प्रायः शून्य नै हुन्छ। यो भन्दा पर गएर विद्यालयको वित्तीय नीति छलफल गर्ने ठाउँ नै छैन।

शिक्षा मन्त्रालयका प्रवक्ताले नै आफ्नो एउटा लेखमा (Lamsal, 2005) यो कुराको पुष्टी गरेका छन्। उनले आफ्नो लेखमा विद्यालयको वित्तीय व्यवस्थापनमा थुप्रै दस्तावेज भएता पनि त्यसले प्रत्यक्ष रूपमा विद्यालय विकासको लागि खासै ठूलो भूमिका खेल्न नसकेको कुरा समेत उल्लेख गरेका छन्। स्थानीय शासन ऐन २०५५, शिक्षा ऐन २०२८ र त्यसका संशोधनहरू, शिक्षाका नियमावली, प्रत्येक आर्थिक वर्षमा शिक्षा विभागले प्रकाशन गर्ने कार्यक्रम कार्यान्वयन पुस्तिका, आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली, शिक्षाका आवधिक योजना, विद्यालयको सामुदायिक सम्बन्धका निर्देशिका, प्रति विद्यार्थी एकाई लागत अनुदान निर्देशिका, सामाजिक लेखापरीक्षण निर्देशिका २०६५, विद्यालय लेखा परीक्षण निर्देशिका २०६५, सार्वजनिक खरिद ऐन तथा नियमावली लगायत शिक्षा मन्त्रालयले बेला-बेला दिने गरेका निर्देशनहरू आर्थिक मामिलासँग पनि सम्बन्धित छन् । तर यी दस्तावेजहरू न त खास

विद्यालयको वित्तीय सुधारका लागि पर्याप्त छन्, न त वित्तीय व्यवस्थापनमा नै चुस्तता ल्याउने र विद्यालय विकासमा सहयोग पुग्ने खालको छ र अझ विद्यालयको वित्तीय अनुशासनको अनुगमनको अवस्थामा यी दस्तावेज मौन देखिन्छन्। यी केन्द्रीय तहमा निर्माण गरिएका नीति हुन् त्यो पनि वृहत अर्थमा। विद्यालयकै वित्तीय नीति भनेर छुट्टै दस्तावेज आजसम्म तयार भएकै छैन। न त त्यस्ता नीति तयार पारेर काम अगि बढाउन विद्यालय स्तरलाई स्वायत्तता प्रदान गरिएको छ। अब स्थानीय तहले विद्यालयको जिम्मा पाएको छ, प्रत्येक तहले आफ्नो क्षेत्रमा विद्यालयको वित्तीय नीति बनाउँदै अगि बढ्न सके सुशासनको एउटा बलियो सूचकको रूपमा काम गर्न सक्ने विश्वास लिन सकिन्छ। विद्यालयले पालना गर्नुपर्ने नियम प्रत्यक्ष वा अप्रत्यक्ष रूपले उल्लेख भएका यी दस्तावेजहरू आफैंमा ठिक होलान् तर यी दस्तावेजमा उल्लेख भएका प्रावधानहरू कति ठिक छन्, कति बेठिक छन् वा कति हदसम्म लागु भएका छन् भनेर हेर्ने र मूल्यांकन गर्ने संयन्त्र हामीसँग छैन भन्ने कुरा पनि सोही लेखबाट बुझ्न सकिन्छ।

शिक्षामा गरिने लगानीको प्रतिफल हेरेर नै शिक्षाको वित्तीय व्यवस्थापनका बारेमा बोल्ने आधार प्रष्ट हुन्छ। हाम्रो देशमा विद्यालय शिक्षामा गरिने लगानीको वैज्ञानिक प्रणाली विकास भएको देखिदैंन। गएको ८ वर्षमा शिक्षामा गरिएको लगानी हेर्दा यो क्रमसः कुल राष्ट्रिय बजेटको १७.१ प्रतिशतबाट घट्दै चालु आर्थिक वर्ष (२०७४/७५) मा ९.९१ प्रतिशतमा खुम्चेको छ (रातो किताब, योजना आयोग)। यसले के पुष्टी गर्दछ भने विद्यालय विकासको लागि भन्दापनि शिक्षक तलवलाई नै विद्यालय बजेट मान्ने हाम्रो वाध्यता वा मनस्थिति विद्यालयको वित्तीय व्यवस्थापनको बाधक तत्वको रूपमा अगाडि आइ पुग्दछ। एकातर्फ यो हविगत छ भने अर्कोतिर शिक्षाको लागि छुट्टाएको पूँजीगत खर्च चालु आर्थिक वर्षको ६ महिनामा जम्मा १४ प्रतिशत मात्र खर्च भएको विवरण सार्वजनिक भएको छ (कान्तिपुर २७ फागुन २०७४)। यसबाट के कुराको पुष्टी हुन्छ भने विद्यालयलाई नाम मात्रको रकम निकासा गर्ने, अधिकांश खर्च केन्द्रिकृत गर्ने र केन्द्रमा त्यो खर्च गर्ने क्षमता नहुने परम्पराले हाम्रो शिक्षा व्यवस्था अगाडि जान सकेको छैन। चालु आर्थिक वर्षकै कुरा गर्ने हो भने पनि जम्मा शिक्षा बजेटको ४८ प्रतिशत मात्रै स्थानीय तहमा प्रभावित भएको र बाँकी ५२ प्रतिशत केन्द्रिकृत गरिएको अवस्था विद्यमान छ (२०७४ /७५ को बजेट भाषण)। जबकी विद्यालय शिक्षाको कक्षा १२ सम्मकै सम्पूर्ण अधिकार स्थानीय तहलाई दिइसकिएको छ।

अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा शिक्षामा बजेट बढाउँदै लाने प्रतिवद्धता प्रत्येक वर्ष दोहोरिन्छ। अन्तर्राष्ट्रिय स्तरमा शिक्षामा नेपालले कुल राष्ट्रिय बजेटको २० प्रतिशत खर्च गर्ने प्रतिवद्धता छ भने राष्ट्रिय स्तरमै पनि २०४९ सालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले १७ प्रतिशत खर्च गर्नुपर्ने सुझाव दिएको छ। त्यस्तै आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (१९९९-२००४) ले १५ प्रतिशत, २०५८ को उच्चस्तरीय कार्य समितिले १७ प्रतिशत, सबै को लागि शिक्षा (२००४-२००९) को कार्य योजनाले १७.५ प्रतिशत शिक्षामा लगानी गर्ने प्रतिवद्धताको लागि सरकारलाई झक्झक्याएको देखिन्छ।

नेपालको संविधान २०७२ ले त आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क नै हुने गरी धारा ३१ को शिक्षा सम्बन्धी मौलिक हकमा व्यवस्था गरिदिएको छ । यसवाट राज्यको लगानी शिक्षामा अझ बढ्दै जानुपर्ने तथ्य उजागर गरेको छ। शिक्षामा राज्यले दायित्व लिएको र अवका दिनमा लगानीका कारणले विद्यालयको गुणस्तरीय शिक्षामा सम्झौता नगरिने भन्ने प्रतिवद्धता हो यो। तर व्यवहारमा भने अझै यो महशुस भएको देखिदैन।

ऐन नियमको अभावमा आर्थिक अपचलनको सम्भावना रहनु स्वाभाविक मानिन्छ तर ऐन नियम हुनु र त्यसको अनुगमन ठिक तरिकाले हुन नसक्नुले सुशासनका लागि अनेकन छिद्र खडा गरी विद्यालयको आर्थिक अनुशासनमा

बाधा पुग्ने कुरा पनि नकार्न सकिंदैन। वित्तीय सिद्धान्तले उल्लेख गरेबमोजिम आर्थिक स्रोतको पहिचान, त्यसको सदुपयोग र उपलब्धीका लेखाजोखा सँगसँगै लैजान नसक्ने हो भने आर्थिक अनुशासन कायम गर्न सकिंदैन र विद्यालयको सुशासन माथि नै प्रश्न चिन्ह खडा हुन्छ । राज्यले गर्ने लगानी बाहेकका विद्यालयका अन्य श्रोतको आम्दानीको लगत बाँध्ने, श्रेष्ता राख्ने, र लेखा परीक्षण गर्ने पद्दति वैज्ञानिक ढंगले शुरु गर्ने पद्दति विकास गर्न धेरै ढिलो भईसकेको महसुश हुनु सुखद् पक्ष पटक्कै होइन।

विद्यालय सुशासनको प्रमुखपक्ष मानिने आर्थिक अनुशासनको पक्ष आफैंमा जटिल त छदैछ त्यसमाथि पुग्दो रकम पनि व्यवस्था गर्न नसक्ने तर गुणस्तरीय शिक्षाको अपेक्षा गर्ने केन्द्रीय मनस्थिति पनि विद्यालय सुशासनका कमजोरीका निर्णायक पक्ष हुन् भनेर भन्न सकिन्छ। रकमको अभावमा पनि सुशासन कायम राख्न मुश्किल हुन्छ। राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने आर्थिक हैसियत नभएका विद्यालयहरूमा सुशासनको प्रयास कति सफल होला। त्यसैले आज नेपालका विद्यालयहरूमा राम्रो काम गर्ने र कमसल काम गर्ने सवै एउटै डालोमा हालेर हेरिन्छन् र राम्रो काम गर्नेहरू हतोत्साहित हुँदै गैरहेको वर्तमान अवस्था विद्यमान छ।

विद्यालय शिक्षामा सरकारको लगानीकै हाराहारीमा निजी लगानी पनि भएको छ भन्ने तथ्य दस्तावेजले स्पष्ट पारिदिएको छ । ती निजी लगानीमध्ये प्रमुख लगानीको रूपमा आएको तथ्यको विद्यालयले उठाउने अप्रत्यक्ष शुल्क र ती शुल्कको खर्च पारदर्शी बनाउने प्रयास गरिएन भने सुशासनको कल्पना गर्न सकिन्न र अहिले हाम्रो अवस्था त्यसैमा अल्झिएको छ ।

## विद्यालय कोषमा जम्मा हुने रकम

शिक्षा ऐन २०२८ ले प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहने व्यवस्था गरेको छ। त्यो कोषमा राज्यले लगानी गर्ने रकमको अतिरिक्त स्थानीय टस र प्रादेशिक तहबाट प्राप्त हुने अनुदान समेत पर्दछ। त्यस्तै चन्दा वा दान दातव्यका रकम पनि सोही कोषमा जम्मा हुनुपर्ने कानूनी प्रावधान छ। कतिपय अवस्थामा संसद विकास कोषबाट पनि विद्यालयमा रकम प्राप्त हुन्छ। अझ अगाडि भन्नुपर्दा निःशुल्क शिक्षामा शुल्क उठाउँन पाइदैन तर विद्यालयले त्यस्तो शुल्क उठाएर आफूखुसी खर्च गर्ने परम्परा पनि केही वर्ष यता विकास हुँदै गएको छ। शहरी क्षेत्रमा आफ्नो विद्यालयको खाली जग्गामा सटर निर्माण गरेर भाडामा दिने र आम्दानी गर्ने होड नै चलेको छ। प्रसश्त जग्गा हुने तराई क्षेत्रका विद्यालयमा पनि जग्गा अरूलाई कमाउन दिएर आम्दानी हुने प्रवल सम्भावना छ। तर त्यस्ता भाडा कति हुनुपर्ने हो ? त्यो रकम कुन कुन शीर्षकमा खर्च गर्नुपर्ने हो ? र त्यसको पारदर्शिता के हुनुपर्ने हो भन्ने सम्बन्धमा कुनै नीतिगत दस्तावेज छैन। फलस्वरूप विद्यालय व्यवस्थापन समितिको निर्णयनै अन्तिम निर्णय हुने गरेको छ। विद्यालय व्यवस्थापन समितिले राम्रै निर्णय गरेका होलान् तर पनि अनुगमनको अभावमा ती निर्णय सुशासनका लागि कत्तिको कामयावी भए भनेर ठोकुवा गर्ने आधार हामीसँग छैन। लेखा परीक्षणको प्रतिवेदन एक मात्रै आधार हो तर प्रत्येक वर्ष शिक्षामा हुने नीतिगत भ्रष्टाचारका बारेमा महालेखा परीक्षकले शिक्षा मन्त्रालयलाई सजग गराउँदै आएको तथ्य सर्ववदितै छ। यसको अर्थ सवै विद्यालय व्यवस्थापन समितिका काम शंकास्पद छ भन्ने होइन तर पनि एउटा निश्चित वैज्ञानिक पद्दतिको अभावमा राम्रो काम गर्नेलाई पनि जस दिन सकिएको छैन भन्ने मात्रै हो ।

त्यस्तै विद्यालय विकासको लागि निकासा हुने रकम विद्यालयमा समयमा नपुग्नु, त्यसको लागि विद्यालयले ठुलै मेहनत गर्नुपर्ने वाध्यता रहनु, र विद्यालय व्यवस्थापन समितिको निर्णय समेत प्रत्येक सरोकारवालाले समयमै थाह नपाउनु जस्ता तथ्यले वित्तीय व्यवस्थापन भित्र आर्थिक अनुशासन पनि दिशाहीन हुन गएको त हैन भन्ने प्रश्न उठाउने प्रशस्त सम्भावना छन्।

## विद्यालयले पाउने आर्थिक अनुदानको प्रक्रिया

नेपालको संविधानले अन्तर सरकारी वित्तीय हस्तान्तरणका चार उपाय दिएको छ ती हुन्ः- सशर्त अनुदान, समानीकरण

अनुदान, समपुरक अनुदान, र विशेष अनुदान। भोली स्थानीय तहले यसै अनुरूप आफ्नो क्षेत्रमा वित्तीय सहायताको रूपरेखा कोर्न सक्छ, तर आजका मितिसम्म कि त विद्यालयमा सशर्त अनुदान कि त एकमुष्ट अनुदानको मात्रै व्यवस्था छ। तोकिएको शीर्षकमा मात्रै हुने खर्च सशर्त अनुदान हो भने एकमुष्ट विद्यालयलाई प्राप्त हुने रकम विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम गरिने खर्च हो। हुनत सशर्त अनुदान (जस्तैः तलव भत्ता) पनि विद्यालय व्यवस्थापन समितिकै निर्णयले खर्च गरिने हो तर त्यसमा तल माथि गर्न पाइदैंन। एउटा शीर्षकको रकम अर्को शिर्षकमा सारेर खर्च गर्न पाइन्न। सरकारबाट प्राप्त एकमुष्ट रकम भने विद्यालयको आवश्यकता हेरी विभिन्न शिर्षकमा निर्णय गराएर खर्च गर्न सकिने व्यवस्था छ। सशर्त अनुदानमा तलव भत्ताका अतिरिक्त छात्रवृत्तिको रकम, भौतिक विकासको रकम, प्रति विद्यार्थी एकाई लागत अनुदानको जस्ता शिर्षक नै तोकेर जाने रकम पर्दछन् भने एकमुष्ट अनुदान अन्तर्गत विद्यालय व्यवस्थापन तथा संचालन अनुदान, मसलन्द, विद्यालय सुधार योजना, मर्मत सम्भार, जस्ता रकम पर्दछन् जसको लागि वाध्यकारी शीर्षक तोकिएको हुँदैन। यस्तो रकम भने विद्यालय व्यवस्थापन समितिले आफू अनुकूल हुने गरी शिक्षा ऐन तथा नियमावलीको परिधिमा रही खर्च गर्न सक्ने व्यवस्था रहेको छ। कुनै विद्यालयले राम्रो काम गरेबापत पाउने प्रोत्साहन रकम पनि एकमुष्ट अनुदान अन्तर्गत नै पर्दछ। यति हुँदाहुँदै पनि कस्ता विद्यालयमा कस्तो-कस्तो रकम जम्मा हुन्छ र ती कसरी खर्च गरिन्छन् भन्ने वृहत अध्ययन नभएको अवस्थामा वित्तीय व्यवस्थापन भित्रको सुशासनलाई यसै हो (राम्रो या नराम्रो) भन्ने कुनै आधार छैन। तर पनि वित्तीय व्यवस्थापनको कडीको रूपमा रहेको आर्थिक अनुशासनलाई आँखा चिम्लिएर बसिरहने हो र यस सम्बन्धी नीति बनाउन ढिलो भईसकेको अनुभव सबैतिर गर्न थालिसकिएको छ। एकातर्फ शिक्षा नियमावलीले सार्वजनिक शिक्षाको लागि एकमुष्ट अनुदान रकम जिल्ला शिक्षा कोषमा पठाउने र जिल्ला शिक्षा समितिले विद्यार्थी संख्या, शिक्षक संख्या, विद्यालयको परीक्षाको परिणाम, र विद्यालयको आर्थिक अवस्था समेतको आधारमा विद्यालयको लागि गर्ने व्यवस्था गरेको छ भने विद्यमान अवस्थामा अर्थ मन्त्रालयबाट शिक्षा मन्त्रालयले अख्तियारी प्राप्त गर्ने, त्यो अख्तियारी हस्तान्तरण हुँदै शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयसम्म पुग्ने, सोही अनुरूप जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रकम निकासा हुने व्यवस्था छ। वैदेशिक सहायता समावेश भएका कुनै कार्यक्रम छ भने महालेखा नियन्त्रक कार्यालयको स्वीकृति आवश्यक पर्दछ। यस्तो स्वीकृति शिक्षा विभागको पहलमा लिइने गरिन्छ। अझ प्राथमिक शिक्षाको तलव भत्ताको लागि त शिक्षा विभागले जिल्ला विकास समितिलाई अख्तियारी दिई त्यसैमार्फत जिल्ला शिक्षा कार्यालयले पाउने व्यवस्था छ। हुन त प्रत्येक चौमासिकको रकम प्रगतिसँग आवद्ध गरिएको हुन्छ तर त्यसको खासै अनुगमन संयन्त्र बलियो नभएकोले त्यो कम्जोर सावित भएको छ। प्रगति कम भएमा अर्को चौमासिकको रकम लिन अतिरिक्त प्रक्रियाको व्यवस्था खुकुलो देखिन्छ। यी केन्द्रीय स्तरका झन्झटिला प्रक्रिया पूरा भएपछि मात्रै विद्यालयको खातामा रकम जम्मा हुने व्यवस्था भएकै कारण धेरै विद्यालयले समयमै निकाशा नपाउने र विद्यालयको काम कारवाही समेत प्रभावित हुने गरेको छ। शिक्षकले समेत चार महिनामा एक पटक तलव पाउने नमिठो यथार्थ यसै चक्रभित्र रुमाल्लिएको छ। हुन त चालु आर्थिक वर्षदेखि शिक्षकको तलव प्रत्येक महिना निकाशा हुने भनिएता पनि यो समस्या प्रायः विद्यालयमा उस्तै छन्। स्थानीय तहको निर्वाचन भएपछि कतिपय स्थानीय सरकारको पहलमा केही स्थानमा यो समस्या समाधान पनि भएको छ।

शिक्षा नियमावलीले प्रत्येक विद्यालयमा दुई प्रकारको लेखा परीक्षणको कल्पना गरेको छ, वित्तीय लेखा परीक्षण र सामाजिक लेखा परीक्षण। २०६६ साल अघि विद्यालयको खासै लेखा परीक्षण हुन सकेको अवस्था देखिंदैन भने त्यसपछि आएर शिक्षा विभागले प्रत्येक विद्यालयको लेखा परीक्षण हुनुपर्ने गरी प्रक्रिया सुचारू गरेको अवस्था छ। वित्तीय लेखा परीक्षणको प्रतिवेदन, आम्दानी र खर्चको फेहरिस्त समेतसंगै राखी सरोकारवालालाई जानकारी गराउने

प्रथा हामीकहाँ नयाँ नै हो। यस व्यवस्थाले गर्दा विद्यालय व्यवस्थापन समितिलाई सरोकारवालाप्रति उत्तरदायी हुन मद्दत गरेको छ र आर्थिक पारदर्शिता एवं सुशासनमा सहयोग पनि पुगेको छ। तर पनि आर्थिक अनुशासन चुस्त बनाउन विद्यालय तहभित्रै वा जिल्ला वा स्थानीय तहमा बन्नुपर्ने कानूनको भने अभाव अझै विद्यमान छ।

विद्यालयको आर्थिक व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन सन् २००९ मा गरिएको एउटा अनुसन्धान (Santwona Memorial Academy) ले नेपालको शिक्षामा वित्तीय व्यवस्थापन सम्बन्धमा केही थप कुरा प्रकाशमा ल्याएको छ। त्यसपछि खासै उपलब्धिमूलक अनुसन्धान भएको भेटिँदैन। उक्त प्रतिवेदनले औंल्याएका केही प्रमुख तथ्य यस प्रकार छन्ः

१. विद्यालय सुधार योजना र राहत अनुदानका रकम समयमै निकाशा हुँदैन, जसमा प्रमुख समस्याको रूपमा जिल्ला शिक्षा कार्यालयको आन्तरिक दक्षतालाई औंल्याइएको छ।

२. समयमै रकम निकाशा नहुने अर्को कारण भनेको जिल्ला विकास समितिको निष्कृयता पनि हो।

३. शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालयले पाउनुपर्ने रकममा पनि एकरूपता छैन। समयमा निकाशा नहुनु एउटा कुरा हो भने निकाशा हुनुपर्ने रकम पनि विभिन्न प्रभावमा परेको देखिन्छ।

४. विद्यालयले प्राप्त गर्ने राहत अनुदान रकमको ३७ प्रतिशत सही ढंगले खर्च हुँदैन। फ्लास प्रतिवेदन १ र २ मा विद्यार्थी संख्या नमिल्नु, विद्यार्थी संख्या देखाउँदा वास्तविक भन्दा बढी देखाइनु, राहत अनुदानको रकम विकास खर्चमा लगाइनु वित्तीय अपचलनका केही उदाहरण हुन्।

५. विद्यालय सुधार योजनाको मुख्य भाग शैक्षिक गुणस्तर भन्दा पनि विकास निर्माणको काममै बढी केन्द्रित भएका छन्।

६. जेठमा फ्लासको लागि विद्यार्थी संख्या पठाउने तर श्रावणसम्म भर्ना लिने प्रक्रियाले पनि छात्रवृत्ति र पाठ्यपुस्तकको लागि रकम अभाव हुने विद्यालय पनि छन्।

७. विषय शिक्षकको व्यवस्था कम्जोर रहेको विद्यालयमा राहत शिक्षक मात्रै शिक्षाका सम्बाहक देखिएका छन्। तर राहत कोटा वितरण पारदर्शी छैन।

८. कतिपय विद्यालयमा जिल्ला शिक्षा कार्यालयबाट खटाएर पठाएका लेखा परीक्षक समयमा विद्यालय नजाने बरु उल्टो विद्यालयनै तिनलाई खोज्न लाग्नुपर्ने वाध्यता भेटियो।

९. उत्तरदायित्व बहन गर्ने कडीको रूपमा रहेको रिपोर्टिङ्ग प्रणाली विद्यालय स्तरमा मात्रै हैन जिल्ला शिक्षा कार्यालयमा समेत चुस्त देखिएन।

१०. आर्थिक हिसाबको श्रेस्ता राख्ने पद्दति पुरानै छ। दोहोरो श्रेस्ता प्रणाली प्रायः विद्यालयमा भेटिएन।

**यस्ता तथ्यहरूले विशेषतः**
आर्थिक पारदर्शिताको कमी कमजोरीलाई इंगित गरेका छन् र तिनलाई गहिरिएर विचार नगर्ने हो भने वित्तीय व्यवस्थापन भित्र सुशासनको अभाव झेल्नुपर्ने स्थिति देखिन्छ।

## संघीय नेपालमा विद्यालयलाई वित्तीय श्रोतको अवसर

संविधान तः अब विद्यालयको आर्थिक श्रोतको जिम्मेवारी राज्यले नै लिएको छ। हिजोका दिनमा नपुग रकम विद्यालयले जसरी भएपनि जुटाउनुपर्ने वाध्यता थियो भने अब पुग्ने रकम नै राज्यले व्यवस्था गर्नुपर्ने वाध्यता छ। कक्षा ८ सम्म अनिवार्य र निःशुल्क शिक्षा अनि कक्षा १२ सम्म निशुल्क शिक्षाको मौलिक हक स्थापित भईसकेको परिप्रेक्षमा अब विद्यालयको आर्थिक श्रोत स्थानीय सरकार, प्रादेशिक सरकार र संघीय सरकार नै हो। विद्यालय शिक्षामा

राज्यले सम्बधित दायित्व स्वीकारेको यो घडीमा गुणस्तरीय शिक्षामा लगानी बढाउन नसके संविधान कार्यान्वयन नभएको वा सरकारले गर्न नसकेको ठहर्दछ। कमजोर विद्यालयलाई र सम्पन्न विद्यालयलाई जाने आर्थिक निकासामा जापान र दक्षिण अफ्रिकाले झैं समतामूलक आर्थिक श्रोतको व्यवस्था गर्न सकेमा मात्र सबै सार्वजनिक विद्यालयको उठान सम्भव छ। प्रत्येक विद्यालय स्थानीय तहको निगरानीमा रहने हुनाले साना-साना समस्या पनि समयमै सल्टिने सम्भावना प्रवल छ। स्थानीय सरकार बन्नु अघि पनि स्थानीय निकायले विद्यालयलाई सहयोग गर्दै आएका हुन् अब उनीहरूकै स्वामित्वमा विद्यालय आएपछि त्यो सहयोगमा बढोत्तरी नै हुनेछ। त्यसको अलावा विद्यालयको नियमित अनुगमन समेत सहज हुने भएकाले समयमै विद्यालयका आर्थिक समस्या पहिचान भई निराकरणका उपाय अवलम्बन हुन सक्ने देखिन्छ। संविधानले अन्तर सरकारी वित्तीय हस्तान्तरमा व्यवस्था गरेझैं प्रत्येक सरकारले पनि सशर्त, समानीकरण, समपूरक र विशेष अनुदानको व्यवस्था गरी विद्यालयलाई हौस्याउने सम्भावना पनि नकार्न सकिन्न। अझ अगाडि भन्नुपर्दा अबका दिनमा शिक्षाको लागि करको व्यवस्था हुनेछ र सम्पत्ति कर नै त्यसको उचित श्रोत हुनेछ। धेरै हुनेबाट धेरै कर लिने र थोरै हुनेबाट थोरै कर लिने प्रगतिशील कर शुरु हुनैपर्ने भएकोले त्यसको प्रत्यक्ष लाभ विद्यालयलाई नै हुनेछ। यसको अतिरिक्त विभिन्न राजस्व तिर्दा शिक्षाको लागि एक वा दुई प्रतिशत थप कर लगाउन सके स्थानीय सरकारलाई शिक्षा व्यवस्थापन गर्न सजिलो हुने र संघीय सरकारलाई आर्थिक भार कम हुने कल्पना पनि सान्दर्भिक नै हुन्छ ।

## नेपालको विद्यालयका वित्तीय व्यवस्थापनका मुद्दा

माथि उल्लेख गरिएका कुराहरूलाई विश्लेषण गर्दा नेपालको विद्यालयमा वित्तीय व्यवस्थापनका थुप्रै समस्या र मुद्दा उठान गर्न सकिन्छ। ती मध्ये पनि खास-खास मुद्दा यसरी उल्लेख गर्नु उचित हुन्छ।

१. विद्यालयको वित्तीय नीति स्पष्ट नहुनु।

२. आर्थिक योजनामा विद्यालयको स्वायत्तता नरहनु।

३. विद्यालय सुधार योजना कागजमा मात्रै सीमित रहनु।

४. विद्यालयलाई आर्थिक श्रोत जोहो गर्ने बाटो खोल्नु तर अनुगमन नहुनु।

५. विद्यालय विकासको लागि न्यून बजेट हुनु र जसरी भएपनि आर्थिक जोहो गर्न विद्यालय बाध्य हुनु ।

६. विद्यालय व्यवस्थापन समितिको काम कारवाही पारदर्शी बनाउन सामाजिक लेखा परीक्षणको व्यवस्था भएपनि त्यो औपचारिकतामा सीमित हुनु ।

७. विद्यालयको सम्पूर्ण जिम्मेवारी प्रधानाध्यापकमा रहने तर निजलाई वित्तीय व्यवस्थापनमा दह्रो बनाउने कार्यक्रमको अभाव हुनु।

८. विद्यालयको आर्थिक कारोवारको सम्प्रेषण सरोकारवालालाई वर्षको अन्तमा मात्रै जानकारी हुनु।

९. विद्यालयलाई निकाशा हुनुपर्ने रकम ढिलो हुनु र त्यसको पछाडि विभिन्न समूह वा संस्थाको स्वार्थ जोडिनु र

१०. वित्तीय व्यवस्थापनसँग जोडिएको आर्थिक अनुशासनको पक्ष अनुगमनको कमी हुनु ।

## निष्कर्ष

समग्रमा हेर्दा नेपालको लागि विद्यालय वित्तीय नीति आजको आवश्यकता हो। यस्तो नीति नहुँदा आर्थिक पारदर्शिताको सवाल जहिले पनि उठ्ने गर्छ र उठिरहेको पनि छ। वित्तीय व्यवस्थापन सुशासनकै एउटा बलियो कडी भएकाले गर्दा यसमा ढिलाई गर्नु उपयुक्त हुँदैन। प्रत्येक विद्यालयले सम्पन्न गर्नुपर्ने गुणस्तरको सूचक बनाएर त्यो सूचकसँग आर्थिक श्रोतको मात्रा गाँस्ने हो भने मात्रै पनि वित्तीय व्यवस्थापनमा सुधार ल्याउन मद्दत पुग्दछ। अहिलेको जस्तो हचुवाको आधारमा विद्यालयलाई रकम निकासा गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ र यौटा वैज्ञानिक वित्तीय आधार तयार पारिनु पर्दछ।

## सन्दर्भ सामग्री


- *Bush, T. (2010). Principles of educational leadership and management: Sage*
- *Clarke A; (2008); Handbook of School Management; Cape Town; MacMillan*
- *DUNN, R.J. 2005. The missing factor in accountability: Improving control internal practices for school financial management, 3(29), May.*
- *Gitman, L.J. (2003). Principles of Managerial Finance.http://www.xn--klker-kva.hu/wp-content/uploads/2013/03/30459588-Principles-of-Managerial-Finance-by-Gitman.pdf*
- *Government of Nepal (1999). Aarthik Kaaryawidhi Ain. The Author.*
- *Government of Nepal (1999). Local Governance Act. The Author.*
- *Government of Nepal (2001). Education Act 2028 Seventh Amendment. The Author.*
- *Government of Nepal(2008). Aarthik Kaaryawidhi Niyamaawalee. The Author.*
- *Government of Nepal (2016). Education Act 2028 Eighth Amendment. The Author.*
- *Government of Nepal (2017). Education Act 2028 Ninth Amendment. The Author.*
- *Horvat, T. (na). Leader Accountability for School Financial Management. ICSEI.*
- *Kantipur (2018, Falgun 27). Bikase mantraalayakai poonjigat kharch niraashaajanak. Kantipur Publications, Kathmandu.*
- *Knight, B. (1993). Financial Mangement for Schools. Amazon.co.uk.*
- *Lamsal, H. (2005). Financial Management in Schools. An article presented in an education seminar, Kathmandu.*
- *Ministry of Education (2002). Bidyaalayako Samudaayik Byawasthaapan Sambandhee Nirdeshika. The Author.*
- *Ministry of Education (2003). Shiksha Niyamaawalee. The Author.*
- *Ministry of Education (2007-15). School Sector Reform Program. Author.*
- *Ministry of Education (2008 and 2009). Kaaryakram Kaaryaanwayan Pustika. The Author.*
- *Ministry of Education (2009). Widyalay Lekhaparikshan Nirdeshika. The Author.*
- *Ministry of Education (2016-22). School Sector Development Program. Author.*
- *MOE (1993). Natinal Education Commission Report. MOE.*
- *MOE (1999). Basic and Primary Education Program. Author.*
- *MOE (2001). Widyalay shiksha wikaaskaa lagi pratiwedan. Uchchastariya Kaarya Samiti*
- *MOE (2004). Education for All 2004-2009. Author.*
- *MOE (2005). Samajik Lekha Parikshan Nirdeshika. The Author.*
- *MOE (2005). Vidyalay Lekha Parikshan Nirdeshika. The Author.*
- *MOE (na). Prati Widyarthee Ekaaee Lagat Anudaan Nirdeshika. The Author.*

- *Mpolokeng, T. (2011). The Effectiveness of Financial Management in Schools in the Lejweleputswa Education District. An Unpublished Magister Degree Thesis. Free State Welkom Campus, South Africa.*
- *National Planning Commission (2017). Three Year Plan 2017/18-2019/20. The Author.*
- *ock. Erasmus, L.J. 2008. Financial performance in terms of the PFMA: What does it mean? Southern African Journal of Accountability and Auditing Research. 8*
- *Sansad Sachiwaalaya (2015). Constitution of Nepal. Author.*
- *Sansad Sachiwaalaya (2017). Budhet Speech for 2017®18 Fiscal Year. Author.*
- *Santwona Memorial Academy (2009). A Study on the Financial Management of Department of Education, District Education Office, School and Tracking of School Grants. Department of Education.*
- *Swartz, L. (2009). Financial Management of Schools. Rice University, USA*
- *UNESCO (2009). Governance, Management and Financing of Education for All:Basic Frameworks and Case studies. The Author.*
- *Van Wyk H A; (2004); Perspectives of Eective Financial Management in the Public Sector: Journal of Public Administration; Vol 39; 411-9*
- *Wylie, C. and King, J. (2004). How do Effective Schools Manage Their Finances?. New Zealand Council for Educational Research. Wellington.*

# संघीयतामा रूमलिएको शिक्षा

–प्रा.डा. विद्यानाथ कोइराला *

## राजनीतिक संघीयता

शक्तिको भोक सबैमा छ र हुन्छ। त्यही भोकले संघीय राज्य बनाउँछ र त्यही भोकले संघीय राज्य टुक्र्याउँछ। दिग्विजयको नेपाली प्राचीन इतिहासले त्यही भन्छ, गणराज्यको इतिहासले त्यही भन्छ, राज्य विस्तार वा एकीकरणले त्यही भन्छ, पश्चिमाको सोच पनि त्यही हो। स-साना गणराज्य बने, बुद्धको कोलीय जस्तो, भ्याटिकन सिटी जस्तो। क्रमशः साम्राज्यहरू बने - बेबिलोन जस्तो, रोम जस्तो, आर्यावर्त जस्तो, विस्मार्कको जर्मनी जस्तो । लडाइँ हो - शक्ति कहाँ राख्ने ? केन्द्रमा ? क्षेत्रमा ? प्रदेशमा ? भूगोलमा ? स्थानीय तहमा ? अन्त कतै ?

हाम्रा इतिहासविद् र राजनीतिविद्ले भनेनन्, बाइसी राज्य कसरी बन्यो, चौबीसी कसरी बन्यो ? बनाइयो। तिनीहरूको शक्ति सम्बन्ध के थियो ? यो पनि भनेनन् कि भीरकोटे राज्य गोरखामा गाभिँदाको शक्ति सम्बन्ध कस्तो थियो ? नुवाकोट राज्य गोरखामा मिलाउँदा कुन व्यवस्था थियो ? किराँत राज्य मिलाउँदा र मुस्ताङ राज्य मिलाउँदा केन्द्र र ती राज्यका बीच के-कस्तो शक्ति सम्बन्ध रह्यो ? के ती केन्द्रीय शक्तिको अधीनमा थिए ? के ती राज्यहरूलाई नै शक्ति दिइएको थियो ? यसको विवेचना नै भएन। फाट्फुटे विवेचनाले भन्छ - किराँत राज्य र केन्द्रीय राज्यबीचको सम्बन्ध अमेरिकी राज्य र संघको जस्तो थियो। नुवाकोट राज्य र केन्द्रको, भारतीय संघीयताको जस्तो थियो। त्यसो हेर्ने हो भने हामीसँग संघीय अभ्यास नभएको हो र ? अनुत्तरित प्रश्न हो यो। इतिहासकारहरू नबोलेको चाहिँ पक्का हो।

काठमाडौं उपत्यकालाई भाइ अंश लगाउँदा यक्ष मल्लले के गरे ? ती भाइहरूबीचको शक्ति सम्बन्ध के थियो ? अहिलेको सहकारी संघीयताको जस्तो पो थियो कि ? अंश लगाउने यक्ष मल्ल र तिनका सन्ततीबीचको शक्ति सम्बन्ध के हो ? यो कुराको लिखत रहेन। त्यसैले हाम्रा निम्ति संघीयता अनौठो (alien) भएको हो कि त ? यसरी हेर्दा नेपालीले संघीयता बुझ्न धर्म परिवर्तन गर्नुपर्‍यो। त्यसैले भन्न थाल्यौं नेपाली संघीयता कस्को जस्तो ? भारतको जस्तो द्वैध संघीयता हो कि ? केन्द्र बलियो हुने। केन्द्रको नीतिसँग अप्ठेरो पर्नासाथ प्रदेश वा स्थानीय सरकार अधिनस्थ हुनुपर्ने। अथवा अष्ट्रेलियाको जस्तो सहकारी संघीयता हो कि ? प्रदेशैपिच्छे भिन्न-भिन्न शक्ति सम्बन्ध हुने। संघ आफ्नो नियममा बस्ने र प्रदेश आफ्नो नियममा। अथवा अमेरिकाको जस्तो महासंघी व्यवस्था हो कि ? लचिलो सम्बन्ध भएका (loosely related), अथवा मेक्सिको वा संयुक्त इमिरेट जस्तो मिश्रित स्वरूपको हो कि ? सर्जक संघीयता (creative federalism) हुँदा प्रदेश कमजोर हुने। नवीन संघीयता (new federalism) हुँदा केन्द्रले विशेष अधिकार राख्ने। यसरी हेर्दा हाम्रा विद्हरू धर्म परिवर्तन गर्नेहरू जस्तै भयौं। नाम बदल्नुपर्ने। पुर्खा त्यही हुने। सँस्कार बदल्नुपर्ने। समाज यही हुने। पहिचान खोज्नुपर्ने। स्वधर्ममा बस्न नसक्ने। तिनै विद्ले भने अनुसार हाम्रो संघीयता मिश्रित हो। सर्जक संघीयता जस्तो। शक्तिको हिसाबमा नवीन संघीयता हो - केन्द्रले विशेष अधिकार राख्ने। अझै हामीले खोज्न नसकेको संघीयताको जरो यहीं पो छ कि ? विजयगढी र प्रगन्नाको जस्तो ? प्रगन्ना र मौजाको जस्तो ? नुवाकोट र केन्द्रको जस्तो ? किराँत प्रदेश र गोरखाली राजाको जस्तो। युधिष्ठिरले राजसुय यज्ञ गर्दा जितेका देशहरूको जस्तो ? कोलीय र विजयगढी जस्तो ? अझैं संघीयताको जरो नेपालमै खोज्ने कोही विद् पो बाँकी छौं कि त?



* लेखकः प्रा.डा. विद्यानाथ कोइराला, वरिष्ठ शिक्षाविद् हुनुहुन्छ।

## शैक्षिक संघीयता

हिजोको शिक्षा घरको जिम्मामा थियो। अहिले सरकारले लियो। हिजो सन्तती नपढाउने बाबुआमालाई शत्रु करार गरियो। नीति शतक त्यसै भन्छ। अहिले तिनलाई मनाउने, फकाउने र नटेरे सजाय दिने नीति ल्यायौं। शैक्षिक संघीयता पनि त्यसैमा घुमेको छ। अर्थात् हिजोका गणराज्य, राज्य र साम्राज्यले शिक्षाको जिम्मा नलिएकै देखिन्छ। अहिले जिम्मा नलिई धरै छैन। त्यसैले इथियोपियाले शैक्षिक विकेन्द्रीकरण गर्‍यो। किनकि त्यसको शक्ति केन्द्रमा थियो। मेक्सिकोले उठान (evolve) गर्‍यो। त्यसको विश्वास थियो - जिम्मेवारहरू तल्लो तहमै छन्। उकास्ने हो भने उनैले गर्न सक्छन्। मलेशियाले अर्को बाटो लियो- केन्द्रीकरणको। त्यसैले उसको नीतिगत केन्द्रीयता हो। मेक्सिकोले चाहिं नीतिगत विकेन्द्रीयता अपनायो। संयुक्त इमिरेटले भने केन्द्र र प्रदेशलाई नीतिगत जिम्मेवारी दियो। स्थानीय सरकारलाई कार्यान्वयनकर्ता बनायो। यसरी हेर्दा नेपाल अर्को ठाउँमा देखिन्छ। नीतिगत खाका केन्द्रको। प्रदेशको। स्थानीय तहको पनि नीति बन्ने। अर्थात् केन्द्रीय र प्रदेशको खाकामा भाँको नपर्ने गरी नीतिगत जिम्मेवारी स्थानीय सरकारले पनि पायो। यस अर्थमा नेपाल भिन्न रह्यो।

मेक्सिको, इथियोपिया, संयुक्त इमिरेटले केन्द्र र प्रदेशकै योजनालाई विद्यालयको योजना बनाए। मलेशियाले विद्यालयलाई स्वतन्त्र छाड्यो। समता र गुणस्तरको योजना चाहिं केन्द्रमा राख्यो। विद्यार्थी भर्ना, क्षमता र गरीबीको स्तरलाई आधार मानेर मेक्सिको र इथियोपियाले लगानीको सूत्र (funding formula) बनाए। मलेसियाले चाहिँ टाउको गनेर लगानी गर्ने नीति लियो। हाम्रो सन्दर्भ हेर्दा योजनाहरूका चिहान बने; संघीय योजना, प्रदेश योजना, स्थानीय सरकारका ७५३ योजना, स्कूली योजना आदि । यी योजनाहरूबीच सहसम्बन्ध के हुने ? गुणस्तर कस्ले सुनिश्चित गर्ने ? समता कस्ले यकिन गर्ने ? यस्ता कुरामा कुनै बोली नै रहेन। लगानीमा पनि त्यही हाल रह्यो। मलेशियाले झैं टाउको गनेर लगानी गर्ने बुद्धि अहिले छ। दुर्गम र विपन्न क्षेत्रमा यो बुद्धिले काम गरेन भन्ने अनुभूति पनि छ। यतिबेलासम्म लगानीको आधार पनि बनेकै छैन। गुणस्तर र समताको जिम्मेवार निकाय पनि तोकिएको छैन। संविधानको बोली हेर्दा स्थानीय सरकारले विद्यालयको जिम्मा लिन्छ, प्रदेश र संघले विश्वविद्यालयको। यसबारे थप सोच आउनै बाँकी छ।

कस्ले नियमन गर्ने ? यस बारेमा पनि अलग अलग दृष्टिकोण छन्। मलेसियाले केन्द्रलाई अनुगमन गर्ने र खाका बनाउने अधिकार दियो। समता र गुणस्तरको जिम्मा दियो। मेक्सिकोले स्थानीय सरकारलाई त्यही कुराको जिम्मा दियो। अनि भन्यो–लगानी पनि तिम्रै र अनुगमन पनि तिम्रै। यसका लागि स्थानीय सरकारले शिक्षा अधिकृतको नियुक्ति गर्‍यो। इथियोपिया र संयुक्त इमिरेटले त्यही काम गर्न शिक्षा मन्त्रालयलाई जिम्मा दिए। यसको अर्थ हो - जिम्मा कस्लाई दिने ? नेपालले त्यो जिम्मेवारी दुई ठाउँमा राख्यो – जिल्ला समन्वय समितिमा र स्थानीय सरकारमा। पहिलो संयन्त्रविहीन छ र दोश्रोको निर्वाचित संयन्त्र छ। यस्तो स्थितिमा सहकार्यको उपाय के ? विकल्प के ? जिम्मेवारी एकै ठाउँमा तोक्ने कि छर्ने ? संवादको खाँचो छ। निर्णयको खाँचो छ।

## नेपाली शैक्षिक संघीयता

नेपाली शैक्षिक संघीयताले २०७२ सालको संविधान पछ्याउँछ। त्यसले भन्छ - शिक्षा मौलिक अधिकार हो। अधिकार दावी गर्ने कहाँ ? त्यो कुरा बोल्दैन। तर संरचनाले भन्छ - विद्यालय शिक्षा निःशुल्क पाउन र आधारभूत शिक्षा अनिवार्य रूपले सुनिश्चित गर्न स्थानीय सरकार जिम्मेवार छ। प्रदेश र संघीय सरकारले मानक, खाका र नमूना बनाउने अधिकार मात्रै राख्छ। यस स्थितिमा निःशुल्क र अनिवार्य शिक्षाको ग्यारेण्टी गर्ने काम स्थानीय सरकारकै हुन्छ (गाउँपालिका र नगरपालिका) । क्याम्पस

तथा विश्वविद्यालयको शिक्षा सुनिश्चित गर्ने जिम्मेवारी प्रदेश र संघीय सरकारको हुन्छ। व्यवसायिक तथा प्राविधिक शिक्षा कस्ले सुनिश्चित गर्ने भन्ने कुराको टुङ्गो छैन। अभ्यासले केन्द्रको हुन्छ, रहरले स्थानीय, प्रदेश तथा संघीय सरकारको हुन्छ। यसको अर्थ हो - जनस्तरमा यो सन्देश पुऱ्याउनु जरुरी छ। अहिले जिम्मेवारीको सन्देश मात्रै गएको छ। अधिकार दावी गर्ने गराउने कुरामा ध्यानै पुगेको छैन। कसरी सक्लान् ती सरकारहरूले ? यसबारे मात्रै कुरा हुने गरेको छ। कसरी जनताको मौलिक हक सुनिश्चित गर्छौं भनी चुनौती गरिएकै छैन। यो चुनौतीको उत्तर स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा नै छ भन्ने कुरा बुझ्ने बुझाउने कामै भएको छैन। शिक्षा आयोगको प्रस्तावित प्रतिवेदन त्यसै भन्छ।

## निःशुल्क र अनिवार्य शिक्षामा

स्थानीय सरकारले निःशुल्क तथा अनिवार्य शिक्षाको ग्यारेण्टी गर्ने रकम कहाँबाट पाउँछ ? संघले दिने कि ? प्रदेशले दिने कि ? स्थानीय सरकारले आफै बेहोर्ने कि ? सोधभर्ना गर्ने गराउने व्यवस्था हुने कि ? अनुदान पाउने कि ? परियोजना लेख्ने कि ? यस्ता कुरामा ठोस उत्तर आएकै छैन। छलफल समेत भएको छैन। त्यसैको कारण हो - केन्द्रीय मुख ताकाइ। चीनले सघाउँछ। अमेरिकी प्रदेश सरकारले जिम्मा लिन्छ। भारतले प्रदेश तथा केन्द्रको रकम मिलाउँछ। हामी के गर्ने ? स्थानीयमा छाडे फरक आयले गर्दा फरक -फरक लगानी हुन्छ। त्यसले शैक्षिक असमानता निम्त्याउँछ। संघले रकम दिने हो भने केन्द्रीय मानसिकता ज्यूकात्यू रहन्छ। प्रदेश सरकार अझै बबुरो छ। आफैंपालिन सक्ने हैसियतमा छैन। विदालय शिक्षाको जिम्मेवारीमा पनि छैन, गर्ने के हो ? कुरो अन्यौलमै छ। शिक्षा आयोगले भनेको छ - केन्द्रले देऊ, प्रदेश र स्थानीयले अनुपातिक रूपमा सघाउ। विशेष काम गर्नेलाई विशेष सहयोगको कोषमा आवेदन दिने व्यवस्था गर।

## पाठ्यक्रममा

पाठ्यक्रम कस्को ? शिक्षक स्वयंको ? स्थानीय सरकारको ? प्रदेश सरकारको ? संघीय सरकारको ? कसैले स्थानीय पाठ्यक्रम खोजे, कसैले प्रदेशको, र कसैले राष्ट्रिय पाठ्यक्रम खोजे, यस स्थितिमा गर्ने के ? एउटा विद्यार्थी स्थानीय हो। त्यसैले उसले स्थानीय जानकारी राख्नुपर्छ। उसको पाठ्यक्रमको उठानविन्दू त्यही हो। उ प्रदेशको पनि हो, त्यसैले उसले प्रदेश थाहा पाउनुपर्छ, त्यसैले प्रदेशको पाठ्यक्रम पनि उसले पढ्नुपर्छ। उ देशको नागरिक हो, अतः उसले देश थाहा पाउनुपर्छ। उ विश्वको नागरिक पनि हो, उसले विश्व जान्नुपर्छ। यसैले शिक्षा आयोगले लेख्यो - शिक्षणकलामा ध्यान दिनुपर्छ। स्थानीय कुरा पढाउँदा प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय कुरा जोडे विद्यार्थी सबैको साझा सम्पत्ति बन्छ। अन्तर्राष्ट्रिय कुराबाट शुरु गरेर संघ, प्रदेश, स्थानीय कुरा गरी पढाए सान्दर्भीकरण हुन्छ। स्थानीय कुरा मात्रै पढाए ग्रामीणीकरण हुन्छ। प्रदेश मात्रै पढाए प्रादेशीकरण हुन्छ। प्रदेशलाई काम लाग्छ, स्थानीयलाई बेकार हुन्छ। राष्ट्र मात्र पढाए स्थानीय र प्रदेशको समाजलाई काम नलाग्ने हुन्छ। अन्तर्राष्ट्रिय मात्रै पढाए विदेशीलाई काम लाग्छ। यो स्थितिमा शिक्षा आयोगले सुझायो - शिक्षणबाट स्थानीयदेखि अन्तर्राष्ट्रिय र अन्तर्राष्ट्रियदेखि स्थानीय कुरा जोड्ने शिक्षण शैली अपनाउनुपर्छ। यसले शिक्षक तयारी माग्छ। संघीय पाठ्यक्रम ५० प्रतिशत प्रदेशको पाठ्यक्रम २५ प्रतिशत र स्थानीय पाठ्यक्रम २५ प्रतिशत राखे पनि विद्यार्थी स्थानीयदेखि अन्तर्राष्ट्रिय व्यक्तित्व बन्छ। त्यसका लागि विषय तोक्ने एउटा विधि हो, प्रतिशत तोक्ने दोश्रो विधि हो। जे गरे पनि उपाय लाग्छ। प्रश्न हो - शिक्षण तरिका बदल्ने कि ? पाठ्यक्रम बदल्ने कि दुवै एकसाथ बदल्ने ?

## भाषा सिकाइमा

अभिभावकले अंग्रेजी मोह देख्यो। यस अर्थमा निजी विद्यालयको सिको प्रबल रह्यो। संविधानले मातृभाषामा शिक्षा मान्यो। भाषा आयोगले प्रदेशको भाषा समेत

पढ्ने प्रावधान राख्यो। सबैले नेपाली पढ्नुपर्ने राष्ट्रिय आवश्यकता रह्यो। बालबालिकालाई कसरी न्याय गर्ने ? सोझै अंग्रेजीमा पढाउँदा मातृभाषासँग टाढिन्छ। सोझै नेपाली भाषामा पढाउँदा नेपाली दोश्रो भाषा हुने बालबालिकालाई अप्ठेरो पर्छ। मातृभाषामै पढाउन एकल भाषी विद्यार्थी भएको ठाउँमा मात्र सहजहुन्छ। दुईभाषी ठाउँमा शिक्षकले कोड बदल्न जान्नुपर्छ। भाषा मात्रै पढ्न चाहनेलाई विषयको रूपमा भाषा पढाउनु पर्छ। बहुभाषी विद्यार्थी भएको ठाउँमा शिक्षकले भाषामार्फत पढाउनुपर्ने हुन्छ। आफनो भाषा बिर्सिएको वा बिर्साइएको समुदायमा भाषा तथा लिपि संरक्षण गर्नुपर्ने हुन्छ। देशका ९५% ले ५% भाषा बोल्ने र ५% ले ९५% भाषा बोल्ने नेपाली तथ्याङ्क छ। १२३ भाषाभाषी समूहको साझा विद्यालयले कसरी मातृभाषामा शिक्षा सुनिश्चित गर्ने ? कसरी संविधानको प्रावधान लागु गर्ने ? कसरी सिकाइ सहज बनाउने ? यस स्थितिमा शिक्षा आयोगले लेख्यो - चारवटा उपायहरू गर्नुपर्छ। एकलभाषी समूहमा भाषामा पढाउनुपर्छ। दुईभाषी समूहमा कोड स्वीच गर्नुपर्छ। बहुभाषी समूहमा मातृभाषा मार्फत अर्को भाषामा लाने प्रबन्ध गर्नुपर्छ। भाषा तथा लिपिको संरक्षण गर्न स्थानीय सरकारले जिम्मेवारी लिनुपर्छ। अर्को शब्दमा भन्दा भाषाको पढाइ गर्दा विषयको रूपमा पढाइनुपर्छ। भाषामा पढाउँदा विद्यार्थीकै भाषामा सबै विषय पढाउनुपर्छ। भाषामार्फत पढाउँदा बहुभाषी शिक्षण गर्नुपर्छ। दुईभाषी कक्षा भए कोड बदलेर र बहुभाषी भए भाषाहरू जोडेर। यसको अर्थ हो - भाषामा पढाउँदा शिक्षक नै सम्बन्धित भाषाको विज्ञ हुनुपर्छ। भाषा पढाउँदा पनि त्यस्तै विज्ञता चाहिन्छ। कोड बदल्न पनि विज्ञता नै चाहिन्छ। तर भाषामार्फत पढाउँदा भने शिक्षकले भाषा व्यवस्थापक बन्नुपर्छ। व्यवस्थापक हुनेले एक अर्काको भाषा सिक्न सिकाउन विद्यार्थीलाई प्रेरित गर्नुपर्छ। विद्यार्थीबाट बहुभाषी शब्दकोष बनाउने व्यवस्था मिलाउनुपर्छ। प्रश्न हो - त्यतातिर शिक्षकलाई लगाउने कसरी ? लागेकाहरूलाई चिन्ने कसरी ? सघाउने कसरी ?

## अपेक्षित शिक्षा पाउनमा

शिक्षालाई व्यवहारिक बनाउने अनेकन उपक्रम छन्। उत्पादनउन्मुख बनाउने अनेक तर्किब छन्। बेलायतको एउटा शिक्षकले कक्षा ५ का बच्चाबच्चीलाई प्रति विद्यार्थी पाँच पाउण्ड दियो। त्यसको शर्त हो - पैसा कमाउ, नाफा गर र मूल पूँजी फिर्ता देउ। यति कुराले विद्यार्थीहरूले अनेकन तरिका अपनाए, पैसा कमाए र शिक्षकको पैसा फिर्ता गरे। नेपालमा पनि सुर्खेत बडीचौरको विद्यालयले विद्यार्थीलाई ऋण दिएर कमाउन सिकायो। डेनमार्कको विद्यालयले विद्यार्थीलाई हप्ताको एकदिन काम गर्न लगायो, जे काम गरेर पनि कमाउ भन्यो। हाम्रा शिक्षकहरूले चाहिँ पढाइ उत्पादनसँग जोड्नुपर्छ भनिरह्यौं। नेताहरूले पनि त्यसै भनिरह्यौं। गर्ने कस्ले ? गराउने कस्ले ? प्रश्न अझै अनुत्तरित छ।

किताब हेरेर पढाउने शिक्षकले पढाइ व्यवहारिक तथा वैज्ञानिक हुनुपर्छ भन्यौं र भन्दैछौं। खोटाङको सुभद्रा-मदन फाउण्डेशनले सञ्चालन गरेको विद्यालयमा विद्यार्थीले खाने विद्या, लाउने विद्या, कमाउने विद्या, यौन विद्या भन्दै १२ वटा विद्या पढे/पढिरहेछन्। तिनका सबै काम व्यवहारिक छन्। व्यवहारबाटै सिक्छन्। हालको पाठ्यक्रमलाई १२ विद्यामा बाँडेको मात्रै हो त्यो। त्यहाँ त लगानी धेरै छ। विद्यार्थी थोरै छन्। एउटा भनाइ हुनसक्छ। तर पाठ्यक्रमलाई १२ विद्यामा बदल्ने तर्किब त लिन सकिन्छ नि। घरमै काम गरेर आउ भन्न त सकिन्छ नि। नगर्ने हामी भयौं। दोष प्रणालीले पायो। नीतिले पायो। नीति त एउटै थियो नि। चिन्तकले नियत बदले काम हुने भयो। यसको अर्थ हो - हाम्रो शिक्षकलाई पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई विषयगत विद्यामा बदल्न लगाउने कस्ले हो ? गरेका कामबाट सिकाउन प्रेरित गर्ने कस्ले हो ?

गाउँका बालबालिकाले खेती देखेका छन्, गरेका छन्। पशुपालन देखेकै छन्, गरेकै छन्। शहरका बालबालिकाले स्टोभ, ग्याँस र इन्डक्सन चूल्हो देखेकै छन्। त्यही कुराबाटै

पाठ पढाउने बुद्धि शिक्षकसँग हुने भए पढाइ स्वतः व्यवहारिक हुने थियो। किन दाउरा, ग्याँस, स्टोभ र इन्डक्सन चूल्होमा पानी तताउँदा फरक-फरक ढङ्गले उम्लिन्छ भन्ने हो भने वैज्ञानिक तथा व्यवहारिक शिक्षा स्वतः हुने थियो। किताबै चाहिने हो र ? गैडाजस्तो गरी गर्दन नचलाउने शिक्षकलाई कसरी चलायमान बनाउँने ? प्रश्न त्यत्ति नै हो। शिक्षा आयोगको प्रतिवेदनले त्यसैको समाधान खोज्यो।

## परीक्षा व्यवस्थापनमा

परीक्षाले ज्ञान मात्रै जाँच्यो तर सीप जाँचेन। शिक्षकको गुनासो यही हो, सिद्धान्त जाँच्यो तर व्यवहार जाँचेन। पीर त्यही हो। त्यही शिक्षकले प्रयोगात्मक परीक्षामा २५ मा २५ सै अंक दियौं। पाउनुपर्ने र पाउनु नहुने विद्यार्थीबीच सोच विचार गरेनौं। त्यस्ता अविवेकी शिक्षकले जाँचले सिद्धान्त मात्रै जाँच्यो भन्न मिल्छ र ? तर हामी भनिरहेछौं। विद्यालयमा पढाए पनि, क्याम्पस वा विश्वविद्यालयमा पढाए पनि, त्यस्ता शिक्षकले व्यवहारिक शिक्षाको स्तर सुनिश्चित गर्छौं त ? प्रश्न कडा छ। त्यस्ता शिक्षकहरूले अक्षरांकन तथा निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्छौं त ? यी प्रश्नहरूले हामीलाई भन्छ - हाम्रा बोलीमा ढाकछोप छ, दम छैन र सत्यता छैन। त्यसो हो भने त्यस्ता शिक्षकको व्यवहार बदल्ने कसरी ? फट्याइ गर्ने संस्कार बदल्ने कसरी ? त्यहीनेर शिक्षा आयोगले चारबुँदे अनुगमनको कुरा खोज्यो ; ज्ञानको, सीपको, क्षमताको, अभिवृत्तिको। यतातर्फ शिक्षकलाई फकाउने कस्ले हो ? स्थानीय सरकारले ? शिक्षक एवं प्राध्यापकका संघ संगठन वा महासंघले ? अरू कसैले ? प्रश्न त्यही हो।

## आजीवन शिक्षामा

सुदूर प्राचीनमा घरैमा पढे पुग्थ्यो। गुरुकुल तथा गुम्बाले त्यो क्रम तोडे। पढ्न जाने थलो बनाए। त्यही कुल विद्यालय बन्यो। सबै त्यतै गए। विद्यालयले घरले सघाओस् भनिरह्यो। सञ्चारका आधुनिक साधनले भन्यो जहाँ पढे पनि हुन्छ। जहिले पढे पनि हुन्छ। जसरी पढे पनि हुन्छ। यो व्यवस्थाले शिक्षालाई पुनः घरतिरै फर्कायो। विद्यालय प्रमाणिकता दिने थलो मात्र बन्यो। यो स्थितिले ज्ञानको मोह बढायो र बाध्यता पनि बढायो। परिणामतः अनुभवबाट आजीवन शिक्षा लिएकाहरूलाई शिक्षास्फिति (education inflation) ले नजान्ने बनाइरह्यो। नवीन आविष्कारसँगै थप पढ्नुपर्ने बाध्यता बन्दै गयो। त्यसको व्यवस्था कसरी गर्ने ? देखिने थलो सामुदायिक अध्ययन केन्द्र बन्यो /बनाइयो। वाइफाइ सहितको मोबाइलले जतिखेर पनि पढ्न मिल्ने परिवेश दियो। निरक्षरलाई चित्रात्मक पढाइ, साक्षरलाई अक्षरांकन पढाइ, साक्षरोत्तरलाई थप पढाइ र जानेका भन्नेहरूलाई आजीवन पढाइ। हिन्दूको शब्दमा 'स्वाध्याय माप्रमद', स्वाध्यायन गर्न नछोड। इस्लामको शब्दावलीमा जन्मदेखि मृत्युसम्म पढ। बुद्धमार्गीको शब्दमा ध्यानस्थ भएर हेर, भोग, सिक र बुद्ध बन। यस्तो व्यवस्था कसरी गर्ने ? शिक्षा आयोगको प्रतिवेदनले भन्यो - मौखिक संस्कृति भएको ठाउँमा मौखिक साक्षरता लागु गर। लिखित साक्षरताको अभियान चलाउ। थप साक्षरताको लागि सामुदायिक अध्ययन केन्द्र बनाउ। आजीवन शिक्षाको लागि प्रविधिसँग शैक्षिक कार्यक्रम मिलाइदेउ। स्थानीय सरकारले यो काम सुनिश्चित गर। तर प्रश्न हो - कसले स्थानीय सरकारलाई त्यसतर्फ उन्मुख गर्ने ? शिक्षकहरूलाई कसरी त्यसतर्फ धकेल्ने ? कसरी स्थानीय विद्यालय र कलेजलाई त्यसरी पढेकाहरूको ज्ञान, सीप, क्षमता र अभिवृद्धिको समकक्षता स्वीकार्न लगाउने ? प्रमाणीकरण गर्न लगाउने ?

## गुणस्तरमा

शैक्षिक गुणस्तर भनेको के हो ? अंक हो ? व्यवहारिक सीप हो ? गरिखाने क्षमता हो ? सकारात्मक सोच हो ? ती सबैको समष्टि हो। सरकारले तोकेको मापदण्ड हो ? यी प्रश्नहरूको उत्तर सबैले खोजे। खोजले भन्यो - गुणस्तर भनेको मापदण्ड नै हो। कस्को मापदण्ड ? विद्यार्थीको क्षमतामा बनेको ? तिनको रुचीमा बनेको ? शिक्षकको अनुभव र रहरमा बनेको ? पाठ्यक्रमले तोकेको ?

अभिभावकले खोजेको ? सबैको रहरको योगफलमा भेटिएको ? केन्द्रीयता हाबी हुने देशहरूले पाठ्यक्रमलाई मापदण्ड माने। व्यक्तिगत स्वतन्त्रता हावी हुने देशहरूले व्यक्तिको क्षमता तथा रहरलाई आधार माने। सन्तुलन चाहनेले व्यक्ति र पाठ्यक्रम बीच सहसम्बन्ध खोजे। चीन पहिलो कोटीमा पऱ्यो, अमेरिका दोश्रो कोटीमा। हाम्रा रहरहरूले भन्यो - चीन र अमेरिका तथा स्केण्डेनेभियन देशहरूको अनुभव मिलाउनुपर्छ। त्यसैले शिक्षा आयोगको प्रतिवेदनले लेख्यो - पाठ्यक्रमको अपेक्षित सक्षमता, विद्यार्थीको रहर र अभिभावकको चाहना शिक्षकले सुनिश्चित गर्नैपर्छ। त्यही नै गुणस्तर हो र त्यसका लागि शिक्षक नै जिम्मेवार हुनुपर्छ। विद्यार्थीको रहर जान्न, अभिभावकको चाहना तान्न र पाठ्यक्रमको उद्देश्य पूरा गर्न। प्रश्न हो - किताब मात्रै सर्वस्व ठान्ने एककाँधे शिक्षकहरूलाई बहुकाँधे कसरी बनाउने ? कस्ले बनाउने ? शिक्षक स्वयंले ? तिनका संघसंगठनले ? स्थानीय सरकारले ?

## बालअधिकारमा

शिक्षकमा अनुभव बढी छ र ज्ञान घटी छ। विद्यार्थीमा ज्ञान बढी छ र अनुभव घटी छ। विद्यार्थीको ज्ञान लिने र शिक्षकको अनुभव जोड्ने। यो कामको थालनीले दुईवटा कुरा पुरा गर्छ। पहिलो बालमैत्री व्यवहार। दोश्रो शिक्षकको अनुसन्धान गर्ने संस्कार। बालमैत्री बन्न प्रतिहप्ता विद्यार्थीको समस्या बुझे हुन्छ र तदनुसारको समाधान गरे हुन्छ। अनुसन्धान गर्न घोरिन थाले पुग्छ। त्यसो गर्ने हो भने बाल विकासदेखि विश्वविद्यालयसम्म अनुसन्धान गर्ने शिक्षक जन्मन्छन्। विद्यार्थीमैत्री हुने वातावरण हुन्छ। घुमाउरो भाषा बोल्ने बाल अधिकारकर्मीहरूको कुरा त्यत्ति हो। बाल हिंसाका ९ बुँदे सूत्र घोक्नेहरूको रहर त्यत्ति हो। बालमैत्री कक्षा चाहिन्छ भन्नेहरूको बोलीको क्षेत्रफल त्यत्ति हो। यसो गर्न गराउन किन नसकिएको त ? प्रश्न त्यत्ति हो ? यो यस्को काम हो भन्न किन नसकिएको ? समस्या त्यत्ति नै हो। त्यसैले शिक्षा आयोगको प्रतिवेदनले लेख्यो - विद्यार्थीसँग प्रतिहप्ता सोधौं समस्या के हो ? तदनुसार छलफल गरौं समाधान कस्ले गर्ने हो ? यति कुराको सँस्थागत थालनी कस्ले गर्ने ? प्रश्न यत्ति नै हो।

## रोजगारीमा

शिक्षाले रोजगारी दिन्छ कि रोजगारीले शिक्षाको स्वरूप दिन्छ ? शिक्षाले त खोल्ने हो। रोजगारीले तालिम खोज्ने हो। तालिम र शिक्षा एउटै होइनन्। शिक्षाले दिक्षा हुँदै मोक्षसम्म पुऱ्याउँछ। तालिमले कमाउने कुरामा जोड्छ। अर्थात सबै कुरामा कमाइ मात्रै खोज्ने तालिम हो। शिक्षा त्यो भन्दा बाहिरिन्छ। यो स्थितिमा शिक्षाले गर्ने काम भनेको - कमाउन्मुख बनाउने मात्र हो। तालिम र रोजगारीको अवसरले शिक्षाले नाम कमाउने हो। अर्को शब्दमा भन्दा शिक्षाले अवसर चिनाउने हो। तालिमले काममा लगाउने हो। कमाउन्मुख पनि बनाउन सक्छ शिक्षा। कमाउमै लगाउन त तालिम चाहिन्छ। अमेरिकी देशहरूले कमाइसँग शिक्षा जोड्न मद्दत गराउँछन्। परियोजना दिन्छन्। सिंगापुरले बजार तथा उद्योगको सहकार्यमा पाठ्यक्रमलाई आकारित गर्छ। चीनले पनि त्यसै गर्छ। नेपालमा पर्याप्त उद्योग छैन। कार्टेलिङको बजार छ। बिचौलिया हावी छ। यो स्थितिमा गर्ने के त ? यसका लागि शिक्षा आयोगले लेख्यो - इन्टर्नसको तरीका अपनाऔं। जन शिक्षक (lay teachers) को उपयोग गरौं। परियोजना कार्य गरौं। रोजगारीका संभाव्यता खोजौं/खोजाऔं- विद्यालय तह र क्याम्पस तहमा। अनि भन्यो - क्याम्पस तथा विद्यालयलाई समुदायको सेवा र अनुसन्धानमा लगाउने कामलाई सँस्थागत गरौं। यसो गर्दा विद्यार्थी रोजगारोन्मुख र उत्पादोन्मुख हुन्छ। बजारको यकिनन् व्यवस्था गरौं - उत्पादनमा लाग्छ। स्वदेशमै रोजगारीको संभाव्यता देखाऔं। विद्यार्थी आफै रोजगारी खोज्छ। आवश्यक लगानीकोष बनाऔं। उसले आफै पढाइलाई उपयोग गर्छ। प्रश्न हो - चासो कस्ले लिने ? समन्वय कस्ले गर्ने ? शिक्षकहरू त्यसतर्फ उन्मुख हुने कि नहुने ? उत्तर हामीसँगै छ। महँगो तालिम दिन देशमा रकम छैन। अनुदान र ऋणको भारीले सबैलाई तालिम दिन सक्दैन। प्रश्न हो - थुकको डोरी बाट्ने कि आफनै क्षमतामा टेकेर काम थाल्ने ?

## निष्कर्ष

प्रस्तुत लेखले केही निचोड निकालेको छ। पहिलो निष्कर्ष हो - संघीयता र गैर संघीयतासँग शिक्षाको केन्द्रीकरण तथा विकेन्द्रीकरण बीच नाता छैन। राजनीतिक संघीयताले त्यसै भन्छ। अधिकार कहाँ राख्ने भन्ने मात्रै प्रश्न हो। दोश्रो निष्कर्ष हो - शैक्षिक संघीयताले पनि अधिकार राख्ने ठाउँको टुङ्गो गर्दैन। केन्द्रमा राखेको अनुभव पनि छ, प्रदेश, स्थानीय तह तथा शिक्षकमा राखेको पनि अनुभव छ। यसको अर्थ हो - त्यसबाट पनि यसै गर्नुपर्छ भन्ने सँस्थागत आधार बन्दैन/हुँदैन। तेश्रो निष्कर्ष हो - शिक्षकलाई स्वामी बनाउने कि ? अह्राैटे बनाउने कि ? आदेश कुर्ने बनाउने ? स्वामी बनाउने हो भने पत्याउन थाल्नुपर्छ। पत्याइएकाहरूलाई सम्मानित गर्नुपर्छ। अपत्यारिलालाई उजिल्याउनु पर्छ। त्यतिगर्दा पनि अपेक्षित नतिजा नदिनेलाई जागीरबाटै विदा गर्नुपर्छ। अह्राैटे बनाउने हो भने तिनको नियमन, नियन्त्रण र बेकामेहरूको निष्कासन गर्नुपर्छ। आदेश कुर्ने भए - कस्को आदेश मान्छन् तिनैलाई थुर्न थाल्नुपर्छ। अर्थात् के गर्ने भन्ने कुराको साझा चिन्तन हुनुपर्छ। तीनवटै हथकण्डा अपनाउने हो भने कस्का लागि कुन हथकण्डा भन्ने कुराको टुङ्गो गर्नुपर्छ। कस्ले त्यो कुराको टुङ्गो गर्ने हो स्पष्टिनु पर्छ। चौथो निष्कर्ष हो - शिक्षा आयोगको प्रतिवेदनले सुझाउने हो/सुझायो। लागु गर्नेले जिम्मेवारी लिने कि नलिने ? विश्वविद्यालयका पदाधिकारीहरूले ? स्थानीय सरकारले ? प्रदेश सरकारले ? संघीय सरकारले ? यस्तो कुरामा संवाद गरिनुपर्छ। समाधान खोज्नुपर्छ र लागु गर्नुपर्छ। पाँचौ निष्कर्ष हो - संभावनाहरू पर्याप्त छन्। ती संभावना देख्नेहरूको नेतृत्व हुनुपर्छ। स्थानीय तहका द्रष्टाहरूमा। विश्वविद्यालय तथा तिनका क्याम्पसका द्रष्टाहरूमा। यसको अर्थ हो - हालका नेतृत्वहरूमा त्यो उचाइ छ कि छैन ? खोज्नुपर्छ। छ भने दुहुनुपर्छ र छैन भने सघाउनुपर्छ, अन्यथा रहर बाँकी रहन्छ। तब त पुर्नजन्म खोज्नुपर्छ, नेतृत्वको पुर्नजन्म, संघीयताको पुर्नजन्म, विकेन्द्रीकरणको पुर्नजन्म र शिक्षकको पुर्नजन्म। गर्ने के ? निर्णायकहरूकै बोलीमा छोडें।

## सन्दर्भ सामग्री


- *A Resource material on education and federalism in Nepal - Unesco unesdoc.unesco.org/images/.../230932e.pdf*
- *A volume in the series: Research in Education Policy: Local, National, and Global Perspectives. Editor(s): Kenneth K. Wong, Brown University. Published 2018*
- *Disciplined Devolution and the New Education Federalism. www.californialawreview.org/.../Kurzweil_...*
- *Education in a federal system: A case-study of ... - ScholarlyCommons https://repository.upenn.edu/.../viewcontent..*
- *Education in a federal system: A case-study of ... - Semantic Scholar. https://pdfs.semanticscholar.org/.../885703d.*
- *Federalism and Education Policy In the United States - PUC-Rio. www.puc-rio.br/.../federalism_and_educati...*
- *Federalism and Education: Ongoing Challenges and Policy Strategies in Ten Countries Edited by: Kenneth K. Wong, Brown University. Felix Knüpling, Forum of Federations. Mario Kölling, Spanish National Distance Education University*
- *How Reconstructing Education Federalism Could Fulfill the Aims of ...https://scholarship.richmond.edu/.../viewco.*
- *New New Federalism - Education Next : Education Next. educationnext.org/a-new-new-federalism/*
- *Renewing federalism: school education within a federal system. September 22, 2014 6.42am AES*
- *THE IMPACT OF FEDERALISM ON EDUCATION FINANCE: A ...https://onlinelibrary.wiley.com/.../j.1475-67..*
- *The Failure of Education Federalism" by Kristi L. Bowman https://repository.law.umich.edu/mjlr/.../1/*

# विद्यालय सुशासन र राज्यको जवाफदेहिता

- पदमसिंह विष्ट *

## सारांश

राज्यले जनताबाट उठाएको कर, दातृ निकायबाट प्राप्त ऋण र सहयोगको सही सदुपयोग भएमा, नागरिक समाजलाई शिक्षाको हरेक क्षेत्रमा सहभागी गराई स्वामित्व प्रदान गरेमा, राज्यले गर्ने शिक्षा सम्बन्धी सबै कार्यमा पारदर्शिता अपनाएमा, शिक्षाको लागि सेवा वितरण प्रक्रिया लगायत जनतालाई प्रदान गर्ने सेवा चुस्त, गुणस्तरीय, उपयुक्त लागत, विना भेदभाव उत्तरदायी ढंगले कुशलतापूर्वक सेवा प्रवाहको प्रत्याभूति प्रदान गरेमा, सबै जनतालाई समन्यायका आधारमा समान व्यवहार गरी सरोकारवालाहरूले आशातित प्रतिफल प्राप्त गरेको अवस्था नै शैक्षिक सुशासन हो। जवाफदेहिता, पारदर्शिता, कानूनको शासन, सहभागिता, समतामुलक र समावेशी, दक्षता र प्रभावकारिता, जिम्मेवारी एवं सहमति उन्मुख सुशासनका तत्व वा अवयव हुन्। विद्यालयमा प्राप्त श्रोत र साधनको अधिकतम सदुपयोग गरी सबैलाई चित्तबुझ्दो र समयानुकूल असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सरोकारवालाहरूले पाउनुपर्ने सेवा पारदर्शी तथा छिटो छरितो र कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्नु विद्यालय सुशासन हो। सहभागीतामूलक सङ्गठन, सहभागीतामूलक व्यवस्थापन, शिक्षक तथा कर्मचारी व्यवस्थापन, श्रोत व्यवस्थापन, अनुगमन, नीति निर्देशिका, सूचना प्रवाह र जवाफदेहिता विद्यालय सुशासनका आधारभूत पक्षहरू हुन्। विद्यमान अवस्थामा मुलुकको शैक्षिक सेवा प्रवाहमा सुशासन कायम गर्न कैयन कमी कमजोरी, समस्या, मुद्दा तथा चुनौतीहरू विद्यमान छन्। विद्यालय सुशासनका लागि यिनै आठ ओटा पक्षहरूलाई सहि रूपमा प्रयोग गर्नु नै सुशासनको प्रक्रिया हो। शिक्षाको समतामूलक अवसरको विस्तार र गुणस्तरमा सुधार गर्न शैक्षिक सेवा प्रवाहमा संलग्न स्थानीय तह देखि केन्द्र (विद्यालय व्यवस्थापन समिति देखि शिक्षा मन्त्रालय) सम्मका निकायमा जवाफदेही, उत्तरदायी, पारदर्शी, सहभागितामूलक, प्रभावकारी, दक्षता एवम् मितव्ययी ढङ्गबाट गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्न छुट्टै व्यवस्था गरिएको छ। मुलुक संघीय संरचनामा प्रवेश गरेको अवस्थामा विद्यालय सुशासनका लागि केन्द्र, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहयोगात्मक रहेको देखिन्छ र सबै आवश्यक कानूनहरूको तयारी पश्चात् मात्रै ३ ओटै तहको सरकारले विद्यालय सुशासनमा खेल्ने भूमिका बारे अझै स्पष्ट हुन सकिन्छ।

## पृष्ठभूमी

संसारभरि नै सुशासन शब्दको प्रयोग जुनसुकै क्षेत्रमा भएको पाइन्छ जस्तो नागरिक समाजको कार्यक्रम, संचार माध्यमको कार्यक्रम, राजनैतिक क्षेत्र, प्रशासनिक क्षेत्र, सरकारी तथा गैर सरकारी क्षेत्रमा समेत सुशासनको विषयले स्थान लिएकै हुन्छ। यसरी सुशासनको चर्चा परिचर्चा जहाँ पनि किन हुन्छ भन्ने विषयलाई अध्ययन एवं विश्लेषण गर्न अति सान्दर्भिक हुन्छ। मुलुक एकात्मक शासन प्रणालीबाट संघीय संरचनाको शुरुवाति चरणमा भएकोले हिजोको दिनमा सुशासन सम्बन्धी भए गरेका काम कारवाहीले मात्र आशातित प्रतिफल प्राप्ती हुन नसकेको अवस्थाले पनि सरोकारवालाहरूले यसबारे जानकारी राख्न अपरिहार्य छ।



* *लेखक : श्री पदम सिंह विष्ट, हाल शिक्षा विभाग अन्तर्गतको शासकीय सुधार तथा आन्तरिक गुणस्तर शाखाका उपनिर्देशक हुनुहुन्छ।*

## सुशासन

जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागिता मूलक सार्वजनिक प्रशासनको विकास गरी विकासको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र श्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो छरितो र कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्नु सुशासन हो। अर्थात यसलाई छोटो छरितो रूपले बुझ्न यसरी पनि अर्थ्याउन सकिन्छ, सुशासन भनेको कुनै पनि संस्थाले रणनीतिक मार्गदर्शन प्रदान गर्न, लक्ष्य हासिलता सुनिश्चित गर्न, दायित्व सम्हाल्न र जिम्मेवारिता तथा जवाफदेहिताका साथ श्रोत परिचालन गर्न प्रयोग गर्ने अभिभारा, आचरण, नीति र कार्यविधिको ढाँचा हो । मूलतः यसका तीन ओटा पाटाहरू रहेको अवस्था छ, जस्तैः सहभागिता, जवाफदेहिता र उत्तरदायित्व। सिद्धान्ततः सुशासनका तत्वहरूको रूपमा पारदर्शिता, जवाफदेहिता, कानूनको शासन, सहभागिता, समतामुलक र समावेशी दक्षता तथा प्रभावकारिता, जिम्मेवारी र सहमति उन्मुखलाई लिइएको छ।

## विद्यालय सुशासन

विद्यालयमा प्राप्त श्रोत र साधनको अधिकतम सदुपयोग गरी सबैलाई चित्तबुझ्दो र समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गर्ने चुस्त विद्यालयको कुशल व्यवस्थापन साथै असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सरोकारवालाहरूले पाउनुपर्ने सेवा पारदर्शी तथा छिटो छरितो र कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्नु विद्यालय सुशासन हो। सहभागितामूलक सङ्गठन, सहभागितामूलक व्यवस्थापन, शिक्षक तथा कर्मचारी व्यवस्थापन, श्रोत व्यवस्थापन, अनुगमन नीति निर्देशिका, सूचना प्रवाह र जवाफदेहिता जस्ता कुराहरू सुशासनका पक्षको रूपमा लिइन्छ।

## विद्यालय सुशासन सम्बन्धी प्रक्रिया

१. **सहभागितामूलक सङ्गठन (Participatory Organization Structure)**: विद्यालय विकास, सञ्चालन, अनुगमनका लागि विद्यालयमा शिक्षा नियमावली अनुसार निर्धारण गरिएका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय भौतिक निर्माण समिति, विद्यालय शिक्षक छनोट समिति, विद्यालय अनुगमन तथा निरीक्षण समिति, सामाजिक परीक्षण समिति, बालक्लब आदि गठन गर्दा सबै वर्गको सहभागिता तथा प्रतिनिधित्व हुने गरी हुनु पर्दछ। विभिन्न वर्ग, धर्म, जात, लिङ्ग, तहबाट प्रतिनिधित्व हुने गरी समिति निर्माण गर्दा हरेक पक्षले आ-आफ्ना विचारहरू र सहयोग विद्यालय विकासमा पुऱ्याउन सक्दछन्। विद्यालयले बनाउने विद्यालय सुधार योजना, विद्यालयको शैक्षिणिक योजना बनाउने सिलसलिामा सरोकारवालाहरूको बढी भन्दा बढी सहभागीता हुन सके सबैमा अपनत्वको भावना विकास भएर समुदाय र विद्यालय बीच प्रगाढ सम्बन्ध विस्तार हुन्छ र विद्यालयका हरेक कार्यक्रममा अभिभावकहरूको प्रचुर मात्रामा उपस्थिति बढ्दछ।

२. **सहभागितामूलक व्यवस्थापन (Participatory Management)** विद्यालयको व्यवस्थापनमा सबै विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.स., शिक्षक अभिभावक संघ, राजनैतिक दलहरू, केन्द्रीय निकायहरू, जि.शि.का., श्रोतकेन्द्र, स्थानीय तह, गैरसरकारी संघसंस्था सबैलाई कुन र के कस्तो व्यवस्थापनमा कसरी सहभागी गराउने हो भन्ने औचित्यको आधारमा आवश्यकता हेरी सहभागी गराउन सके विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, सामाजिक, वातावरणीय विकासमा टेवा पुग्न सक्दछ। कुनै कमी कमजोरीहरू भएका खण्डमा त्यसलाई सच्याउने मौका मिल्न सक्दछ।

३. **शिक्षक तथा कर्मचारी व्यवस्थापन (Teacher & Staff Management)**: गुणस्तरीय शिक्षाका लागि योग्य शिक्षक र योग्य शिक्षकलाई विद्यालयमा टिकाइ राख्नका लागि शिक्षक व्यवस्थापन राम्रो हुनु पर्दछ। शिक्षक व्यवस्थापन पारदर्शी, भरपर्दो र समसामयिक हुनुपर्ने र शिक्षकलाई समय-समयमा पेशागत विकासको व्यवस्थासहित पारदर्शीरूपबाट शिक्षकहरूको कार्य सम्पादन, मूल्याङ्कन गरिनु पर्दछ। राम्रो गर्ने शिक्षकलाई पुरस्कृत गरी प्रोत्साहनको समेत व्यवस्था गर्ने र शिक्षक तथा कर्मचारीहरूको कार्यप्रति समयानुकूल अनुगमन गरी आवश्यक पृष्ठपोषणको व्यवस्था गरिएको हुनु पर्दछ।

४. **श्रोत व्यवस्थापन (Resource Management):** विद्यालयका लागि चाहिने श्रोतसाधन सरकारी निकायको अलावा सरोकारवालाहरूको सक्रियतामा स्थानीय वा अन्य स्तरबाट जुटाउने काम गरिन्छ । विद्यालयहरूले सरकारी निकायको अलावा स्थानीय स्तरमा घ्यौसी, भैलो, चन्दा, जग्गा भाडा, अन्य अचल सम्पत्ति सदुपयोग गरी प्राप्त आम्दानी, रचनात्मक कार्यक्रमहरू सञ्चालन गरी प्राप्त आम्दानी, बालक्लबहरूबाट आयमूलक कार्यक्रम सञ्चालन गरी प्राप्त आम्दानी, दातृ संघ संस्थाहरूसँग समन्वय गरी प्राप्त अनुदान, मानवीय श्रोतसाधनहरूको रूपमा शैक्षिक र भौतिक विकास क्रममा जनश्रमदान र निर्माण सामग्री प्राप्त गर्नु नै स्थानीय श्रोतहरू हुन् । यी श्रोतहरूलाई पारदर्शी ढङ्गले सही तरिकाले खर्च गर्ने गरेको खण्डमा दाताहरूको मन जित्न सकिन्छ र यस्ता श्रोतहरूले निरन्तरता पाउँदछन्।

५. **अनुगमन (Monitoring)**: विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय, आर्थिक एवम् वातावरणीय विकासमा विद्यालय अनुगमनले ज्यादै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा आवश्यक मात्रामा कक्षाकोठा, खानेपानी, शौचालय, पुस्तकालय जस्ता आधारभूत पक्षहरू छन् कि छैनन्, छन् भने के कसरी व्यवस्थापन गरिएको छ र त्यसमा कुनै कमी कमजोरी भएमा सम्बन्धित पक्षले समयमै सुधार गर्नु पर्दछ। यस्तै विद्यालयको कक्षाकोठामा फर्निचरको अवस्था, उचाइ, कक्षाकोठा सजावटको अवस्था, शैक्षिक सामग्रीको प्रयोग तथा प्रदर्शन, विद्यार्थी बसाई व्यवस्थापन, शिक्षक विद्यार्थी आगमन, हाजिर व्यवस्थापन, वार्षिक योजना निर्माण, शैक्षणिक योजना निर्माण, समय तालिका निर्माण र प्रयोग, पाठयोजना निर्माण र प्रयोग, शिक्षक कक्षामा बसी पढाउने समय, वार्षिक योजना बनाइ कार्यक्रम सञ्चालन जस्ता क्रियाकलापहरूमा अनुगमनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैले केन्द्रीय निकायहरूबाट हुने अनुगमन बाहेक स्थानीय स्तरबाट संयुक्त अनुगमनको व्यवस्था समेत गरिनु पर्छ।

६. **नीति निर्देशन (Guidelines/Norms)**: आत्मागत चाहना, भावना वा वलले मात्र परिवर्तन सम्भव हुँदैन। यसका लागि एउटा प्रणालीको नै आवश्यकता पर्दछ। यस प्रकारको प्रणालीको विकास गर्न आवश्यक नीति, निर्देशन, आचारसंहिता वा अन्य कुनै नियम विनियमहरूको आन्तरिक रूपमा तर्जुमा गर्न र त्यसलाई व्यवहारमा उतार्न जरूरी हुन्छ। विद्यालयमा सरोकारवालाहरूको सहभागितामै विद्यालय वडापत्रको निर्माण र प्रदर्शन पनि गर्नु पर्दछ। यस्तै विद्यालयमा भए गरेका कामको मुल्याङ्कन आगामी कार्ययोजनाको तर्जुमा विगत दिनहरूमा भएका गल्तीहरूलाई सुधार गर्न प्रत्येक महिना शिक्षक स्टाफ बैठक बस्ने गरेको छ/छैन, छैन भने बस्ने व्यवस्था गर्नु पर्दछ। सबैको सहभागितामा तयार गरिएको आचारसंहिता अनिवार्य रूपमा कार्यान्वयन हुनु पर्दछ।

७. **सूचना प्रवाह (Information Disclosure):** वर्तमान युग सूचनाको युग हो । त्यसमा पनि सूचना प्राप्तिका आधारमा मानिसहरूले कुनै पनि कार्यक्रमका बारेमा अवधारणा बनाउने अपनत्वको महसुस गर्ने र त्यसलाई आत्मसाथ गर्ने हुन्छ। त्यसैले सुशासनका

लागि सूचना प्रवाह एउटा विशेष महत्त्वपूर्ण पक्ष हो। सूचनाको माध्यमबाट जि.शि.का.बाट विद्यालयमा पठाइने विविध किसिमका कार्यक्रमहरू जस्तैः शिक्षक तलब भत्ताको रकम, भौतिक निर्माणको रकम, छात्रवृत्तिको रकम र किसिम, समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयमा जाने सहयोग आदि कुराको जानकारी गराउन र विद्यालयले समुदायमा प्रवाह गर्नुपर्ने विषयवस्तु पनि सूचनाको माध्यमबाट प्रवाह गर्न अति आवश्यक हुन्छ।

८. **जवाफदेहिता (Accountability):** कुनै पनि संस्था वा व्यक्ति जवाफदेही हुनुपर्ने अवस्था नरहेसम्म सुशासनको जति रट रटाएपनि कार्यान्वयन हुन सक्दैन। तसर्थ जवाफदेहीतालाई पनि सुशासनका लागि एक महत्त्वपूर्ण अङ्गका रूपमा लिइएको छ। को-को प्रति जवाफदेही हुने र के गरेमा उक्त जिम्मेवारी पुरा भएको हुन्छ भन्ने कुरामा विचार गरिनु अति नै आवश्यक हुन्छ। विद्यालयको चौतर्फी विकासका लागि विद्यालयमा विभिन्न समिति, उप-समितिहरू बनाइ त्यसमा विभिन्न पदाधिकारीहरू निर्वाचित/नियुक्ति गरिएको हुन्छ। ती निर्वाचित पदाधिकारीहरूले आ-आफ्नो कामको बारेमा यथार्थ जानकारी प्राप्त गरी आफु सो कामका लागि को प्रति जवाफदेही छु थाहा पाउन नितान्त आवश्यक हुन्छ। यसैले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ, विद्यालयको उन्नतिका लागि समुदाय र विद्यालयप्रति जवाफदेही हुनु पर्दछ। विद्यालयका प्र.अ., शिक्षक, विद्यालय प्रशासन र विद्यार्थीप्रति जवाफदेही हुनु पर्दछ।

## विद्यालय सुशासन विद्यमान अवस्था

नेपालमा गुरुकुलबाट सुरु भएको शिक्षा प्रणाली हालको स्थितिमा आइपुग्न विभिन्न क्रियाकलाप, कार्यक्रम योजना परियोजनाका माध्यमबाट विश्व परिवेशको परिवर्तनसँगै विद्यालय शिक्षामा निजी क्षेत्रको संलग्नताले समग्र शैक्षिक मानकहरूमा निरन्तर सुधारका सङ्केतहरू देखिएका छन्। तथापि शैक्षिक सेवा प्रवाहमा सुशासन कायम गर्न कैयन कमी कमजोरी, समस्या, मुद्दा तथा चुनौतीहरू विद्यमान छन्। तिनको बेलैमा उचित सम्बोधन गरी स्थानीय तहहरूबाट शैक्षिक सुशासन कायम गरी केन्द्रीय शासन सत्ताबाट हल हुन नसकेका समस्याहरू तथा शैक्षिक क्षेत्रमा देखिएका अन्योल्ता एवं समय सापेक्ष गुण्स्तरीय शिक्षाका लागि सुशासन अहिलेको टड्कारो आवश्यकता रहेको छ। विद्यालय सुशासनको वर्तमान अवस्था निम्नानुसार रहेका छन्।

- मुलुकमा प्रजातन्त्र बहाली पश्चात् शैक्षिक अवसरको विस्तार द्रुतत्तर गतिमा बृद्धि भएपनि गुणात्मक सुधारका लागि अझै ठोस प्रयास गर्नुपर्ने अवस्था विद्यमान छ। वि.सं. २०४८/०४९ मा BPEP सुरुवातसँगै पहुँचको क्षेत्रमा थालनी भएकोमा हाल विभिन्न चरण पारगर्दै आएर ५-९ वर्ष उमेरका बालबालिकाको खुद भर्नादर ९६.६ र ९-१२ का बालबालिकाको खुद भर्नादर ८९.४ पुऱ्याउन सफल भएपनि अझै ३.६ प्रतिशत ५-१२ उमेर समूहका १०.६ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहेको अवस्था छ (फ्ल्यास प्रतिवेदन २०७२)।
- विद्यालयमा भर्ना भई बीचैमा कक्षा छाड्ने तथा कक्षा दोहोऱ्याउने बालबालिका संख्या घट्दो क्रममा रहेको भएपनि अझै कक्षा १-५ मा कक्षा छोड्ने बालबालिका ३.९ प्रतिशत र दोहोऱ्याउने ७.६ प्रतिशत रहेका छन्।
- कक्षा १-१० (कर्णाली अञ्चलमा कक्षा १-१२) मा अध्ययन गर्ने प्रत्येक विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराउने प्रयासका बाबजूद पनि ८६.५ प्रतिशत बालबालिकाले मात्र शैक्षिक सत्र सुरु भएको दुई हप्ताभित्र पाठ्यपुस्तक पाउन सकेका छन्। सतप्रतिशत बालबालिकालाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउन अझै ठोस् प्रयास गर्नुपर्ने अवस्था रहेको छ।
- विद्यालय नक्साङ्कन एवम् दरबन्दी मिलान कार्य विगत केही वर्षदेखि गरिदै आएकोमा हाल सोको आधारमा

विद्यालय सार्ने, गाभ्ने तथा हटाउने कार्य सुरु गरिने अवस्थामा रहेको छ। शिक्षक विद्यार्थी अनुपात र विषयगत आधारमा दरबन्दी मिलान एवम् समायोजनको कार्य अझ वर्षौंपिच्छे हुन नसकेको अवस्था छ।

- नयाँ शिक्षा ऐनको मर्म र प्रावधान बमोजिम हरेक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने कार्यमा ठोस प्रयास गर्नुपर्ने अवस्था छ।
- विद्यालयमा विद्यालय सुधार योजना निर्माण गर्ने, सामाजिक परीक्षण गर्ने, गराउने प्रावधान अनुरूप सहभागीता एवम् पारदर्शिताको अभ्यास अगाडि बढिरहेको भएतापनि कतिपय विद्यालयहरूमा यसको मर्म अनुसार कार्य हुन नसकेको अवस्था छ।
- विद्यालय भौतिक पूर्वाधारको विकास गर्न विभिन्न सूचक तयार गरी प्राथमिकताका आधारमा कोटा वितरण गर्ने प्रावधान भएतापनि बाह्य दबाव र प्रभावका कारण वास्तविक आवश्यकता भएका विद्यालयहरू उक्त सुविधाबाट बञ्चित हुने अवस्था सृजना भएको।
- शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालय मार्फत विद्यालयहरूमा निकासा हुने सम्पूर्ण रकम तथा कार्यक्रमको नियमानुसार परिचालन गर्ने आधारहरूका लागि प्रत्येक आ.व. मा शिक्षा विभागबाट कार्यक्रम कार्यान्वयन निर्देशिका जारी गर्ने प्रावधान रहेता पनि सो निर्देशिकाको अक्षरसः पालन हुनमा केहि कमिकमजोरी रहेको अवस्था देखिएको छ।
- शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूमा शैक्षिक सुशासन कायम गरी गुणस्तर शिक्षा सुनिश्चितताका लागि काम गर्न शासकीय सुधार तथा आन्तरिक गुणस्तर शाखाको स्थापना भई विद्यालय शिक्षामा देखिएका विसङ्गतीहरू हटाउने प्रयास भैरहेको भएपनि अझै कतिपय जटिल समस्याहरू समाधान गर्न ठोस पहल गर्नुपर्ने अवस्था रहेको छ।

## उजुरी र गुनासोका मुख्य मुद्दाहरु

महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र तथा शिक्षा मन्त्रालय र शिक्षा विभागमा परेका उजुरीहरू हेर्दा उजुरी र गुनासोका मुख्य मुद्दाहरू निम्नानुसार रहेका छन्ः

- विद्यालय सञ्चालन व्यवस्थापनको नियमन सम्बन्धी।
- करार शिक्षक नियुक्तिमा अनियमितता।
- शिक्षक नियमितता र आचरणको पालना।
- विद्यालयका प्रधानाध्यापक तथा निमित्त प्रधानाध्यापकको व्यवस्था।
- तथ्याङ्क सत्यापन कार्य।
- शिक्षक सरुवामा हुने गरेको अनियमितता ।
- छात्रवृत्ति वितरणमा ढिलाइ तथा अनियमितता।
- विद्यालयमा शिक्षकको अनियमितता।
- भौतिक निर्माण र सुधारका कार्यमा अनियमितता।
- निःशुल्क पाठ्यपुस्तकको वितरणमा ढिलाइ।
- विद्यालय व्यवस्थापनमा बाह्य हस्तक्षेप र अनावश्यक दबाव।
- सामुदायिक विद्यालयमा पठनपाठनको नियमिततामा कमी।
- शिक्षकहरूको राजनीतिमा सहभागिता।
- संस्थागत विद्यालयको मनपरी शुल्क।
- जिल्ला तहमा स्थायी शिक्षकको पदस्थापना।
- शिक्षकहरूले नियम विपरित अन्य निकायमा गरेको कामकाज।
- विद्यालय तहमा वित्तीय अनुशासन कायम नभएको।
- जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक र श्रोत व्यक्तिबाट गर्नुपर्ने अनुगमन तथा निरीक्षणमा कमी तथा कारबाहीमा उदासीनता।

## प्रशासनिक निर्णय तथा विभागीय कारबाही गर्दा ध्यान दिनुपर्ने पक्षहरु

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रमा तीन तहको सरकारको परिकल्पना गरे बमोजिम तीन वटै सरकारहरू आ-आफ्नो ठाउँमा स्वायत्त रहेको अवस्था छ। यसर्थ हिजोको दिनमा देखिएका समस्याहरू दोहोरिन नदिनका लागि तीन वटै तहका सरकारहरूले शिक्षा क्षेत्रमा सुशासन कायम गर्न निर्णय एवं कारवाही गर्दा तलका कुराहरूमा ध्यान दिन आवश्यक छ :

- अधिकार क्षेत्र नभएको विषयमा निर्णय नगर्ने।
- जसले कारबाही गर्ने हो, कानूनले तोकेको पदाधिकारी उसैले मात्र स्पष्टीकरण लिनुपर्ने।
- कार्यविधिको अक्षरशः पालना गर्नुपर्ने।
- व्यक्ति किटेर सजायको निर्णय गर्नुपर्ने।
- सफाइ पेश गर्ने मौका दिनुपर्ने।
- निहित स्वार्थ भएको विषयमा निर्णय नगर्ने।
- निमित्त कार्यालय प्रमुखले विभागीय सजाय गर्न नपाउने।
- विभागीय सजाय गर्ने अधिकार प्रत्यायोजन नहुने।
- नियम, कानूनको प्रावधान हेरेर मात्र निर्णय गर्ने।
- तथ्य, तर्कपूर्ण तथा विवेकी निर्णय हुनुपर्ने।
- कसुरको मात्रा अनुसार सजाय गर्नुपर्ने।
- स्वविवेकीय अधिकारको दुरूपयोग गर्न नहुने।
- निर्णय गर्दा सबुद प्रमाणको मूल्याङ्कन गरी न्यायिक ढङ्गले गर्नुपर्ने।
- विभागीय सजायको निर्णय गर्दा अधिनस्थ कर्मचारीले पेश गरेको टिप्पणीमा "सदर" लेखेर निर्णय गर्न नहुने, निर्णय पर्चा नै खडा गरी निर्णय गर्नुपर्ने।
- निर्णयमा आधार र कारण अनिवार्य रूपमा खोल्नुपर्ने।
- माथिल्लो निकायको निर्देशनको आधारमा न्यायिक प्रकृतिको निर्णय गर्न नमिल्ने।
- तल्लो तहको अधिकार माथिल्लो तहले समेत प्रयोग गर्न नपाउने।
- एउटा सजाय प्रस्ताव गरी अर्को सजाय गर्न नहुने, अर्को सजाय गर्नुपरेमा पुनः स्पष्टीकरणबाट सुरुवात गर्ने।
- तोकिएको अवस्थामा बाहेक निर्णय मिति भन्दा पहिले देखि लागू हुने गरी निर्णय नगर्ने।
- सफाइ सन्तोषजनक नहुनुको कारण स्पष्ट रूपमा खुलाउनु पर्ने।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, भ्रष्टाचार गरेको प्रमाणित भएमा, झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको ठहर्ने गरी फैसला भएकोमा तत्काल नोकरीबाट बर्खास्त गर्ने प्रक्रिया अगाडि बढाउने।

## उजुरी र गुनासो वयवस्थापनका लागि गर्न सकिने उपायहरु

श्रोत केन्द्र वा विद्यालय तहबाटै समाधान हुन सक्ने सानातिना उजुरी तथा गुनासोहरू समेत सिधै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पर्ने गरेका, उजुरीको संख्या र प्रकृति हेर्दा शिक्षाका निकायहरूप्रति जनविश्वास कम हो कि भन्ने अवस्थामा विद्यालय तहबाट हुने काम कारबाही उपर स्थानीय तहमा पर्न आउने उजुरी र गुनासोलाई सकारात्मक दृष्टिकोणबाट हेरी व्यवस्थापनको लागि प्राथमिकताका साथ आवश्यक कारवाही गर्न जरुरी छ। सो का लागि देहायअनुसार अगाडि बढ्न उपयुक्त हुन्छ :

- ऐन, कानून, कार्यविधि, निर्देशिका, परिपत्र लगायतका नीतिहरूको पालनाका सम्बन्धमा नियमित अनुगमन गर्ने।
- स्थानीय सरकारले उच्च प्राथमिकता दिई ऐन तथा नियमको प्रावधानलाई कडाईका साथ पालना गर्ने गराउने तथा मापदण्ड विपरित कार्य गर्नेहरूलाई नियमानुसार कारबाही गर्ने।
- प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०६९ का सिफारिशको आधार लिन सकिने।
- सानातिना उजुरी तथा जनगुनासोहरूलाई समयमै व्यवस्थापन गर्ने।
- उजुरी तथा जनगुनासो व्यवस्थापनका लागि सम्पर्क व्यक्तिको रूपमा अधिकृत स्तरको एक जना कर्मचारी अनिवार्य तोक्ने।
- वार्षिक स्वीकृत तथा बजेटको कार्यक्रम जानकारी सेवाग्राहीलाई सहज रूपमा समयमै उपलब्ध गराउने।
- सेवाग्राहीलाई सजिलो हुने गरी सोधपुछ, स्पष्ट कार्य प्रकृया र लाग्ने समय सहितको नागरिक वडापत्र तथा सूचनापाटीको व्यवस्था गर्ने।
- सेवाग्राहीप्रति सबै कर्मचारीको बोली व्यवहार नरम, शालीन र सहयोगी हुनुपर्ने।
- प्रत्येक महिना समीक्षा बैठक राखि कर्मचारीको पीर, मर्का तथा समस्या बुझी समयमै समाधान गर्नुका साथै कर्मचारीको कामको नियमित रूपमा निरीक्षण तथा अवलोकन गरी कार्यसम्पादनको वस्तुनिष्ठ मूल्याङ्कन गर्ने र सकारात्मक सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने।

## विद्यालय सुशासन सम्बन्धी वर्तमान व्यवस्था

विद्यालयहरूमा निकासा हुने सरकारी रकम लगायत अन्य श्रोतबाट प्राप्त रकमको पारदर्शी ढंगले सहि सदुपयोग गरी मुलुकले तय गरेको उद्देश्य हासिल गर्न/गराउन तथा अनियमितता रोक्न आवश्यक कारवाही गर्नका लागि विभिन्न निकायहरूको निगरानी रहेको छ। सबै प्रकारका अनियमितताहरूको नियन्त्रण एवं निराकरण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग, विभिन्न उजुरीहरूको छानविन गरी कारवाही गर्न राष्ट्रिय सतर्कता केन्द्र, सरोकारवालाहरूको गुनासो सुनुवाई गरी शिक्षा मन्त्रालय लगायतका निकायहरूलाई आवश्यक कारवाही गर्न निर्देशन गर्न प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय अन्तर्गत हेलो सरकार कार्यक्रम संचालनमा रहेको अवस्था छ भने समग्रमा शिक्षाको समतामूलक अवसरको विस्तार र गुणस्तरमा सुधार गर्न शैक्षिक सेवा प्रवाहमा संलग्न केन्द्र देखि स्थानीय तह (विद्यालय व्यवस्थापन समिति, शिक्षक, जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा सम्बन्धी विभागीय निकायहरू, शिक्षा मन्त्रालय) सम्मका निकाय तथा पदाधिकारीहरूले कानूनको पालना गर्दै जवाफदेही, उत्तरदायी, पारदर्शी, सहभागितामूलक, प्रभावकारी, दक्षता एवम् मितव्ययी ढङ्गबाट गुणस्तरीय शैक्षिक सेवा प्रवाह गरी सेवाग्राहीहरूलाई सन्तुष्ट तुल्याई शैक्षिक सुशासन सुनिश्चित् गर्न, नीतिगत एवं संस्थागत संरचनाको समयानुकूल विकास गर्ने क्रममा निम्नानुसार व्यवस्था गरिएको अवस्था छ।

### नीतिगत व्यवस्था

- नेपालको संविधान २०७२ मा सूचनाको हकको व्यवस्था रहेको।
- सुशासन सम्बन्धी ऐन २०६४
- भ्रष्टाचार निवारण ऐन २०५९
- नागरिक अधिकार ऐन २०१२
- स्थानीय सरकार संचालन ऐन २०७४

### संरचनागत व्यवस्था

- **प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय शासकीय सुधार महाशाखा, जनगुनासो**

**व्यवस्थापन शाखा (हेलो सरकार)** : कुनै पनि अन्यायमा परेका तथा कहिं कतै नियम विपरित कामको विरुद्धमा शिक्षा लगायत विभिन्न विषयक क्षेत्र अन्तर्गत सुचना प्रविधिका आधुनिक साधनको प्रयोग (email, internet आदि) गर्न सकिने गरी उजुरी गुनासो गर्न सक्ने व्यवस्था रहेको छ।

- **शिक्षा मन्त्रालय– शासकीय सुधार तथा निरीक्षण शाखा:** शिक्षा मन्त्रालयमा अनुगमन मुल्याङ्कन तथा निरीक्षण महाशाखा अन्तर्गत एक जना उपसचिव रहनेगरी यस शाखाको व्यवस्था गरिएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकायमा परेका उजुरीहरूको छानविन एवं कारवाही गर्ने र उपरोक्त निकायहरूमा प्रगती प्रतिवेदन पेश गर्ने कार्य गर्ने व्यवस्था छ भने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयन गर्ने।

- **शिक्षा मन्त्रालय– जनगुनासो व्यवस्थापन शाखा** : प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय शासकीय सुधार महाशाखा, जनगुनासो व्यवस्थापन शाखा (हेलो सरकार) मा परेका उजुरी तथा गुनासो समेतका सम्बन्धमा आवश्यक कारवाही गर्न आफै वा मातहतका निकायहरूबाट समस्या समाधान गर्न गराउन यस शाखाको व्यवस्था गरिएको हो।

- **शिक्षा विभाग– शासकीय सुधार तथा आन्तरिक गुणस्तर शाखा** : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निकायहरूमा परेका उजुरीहरू तथा त्यस्ता निकायबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने लगायत विभिन्न अदालतहरूबाट माग भएका लिखित जवाफहरू समेत दिने कार्य यस शाखाले गर्दै आएको छ भने अन्तर शाखाहरू संगको समन्वय गरी समस्या समाधान गर्ने कार्य पनि यसै शाखाबाट सम्पादन हुने गर्दछ।

- **केन्द्रीय निकायहरूमा सूचना अधिकारीहरूको व्यवस्था:** मुलुकका प्रत्येक केन्द्रीय निकायमा सेवाग्राहीले मागेको सूचना समयमै उपलब्ध गराउन एक जना सूचना अधिकारीको व्यवस्था छ।

- **क्षेत्रीय शिक्षा निर्देशनालयहरू:** पाँच वटै निर्देशनालयहरूमा मातहतका जिल्ला शिक्षा कार्यालयहरूको अनुगमन तथा उजुरी गुनासाहरूको व्यवस्थापन गर्न एक/एक जना उपनिर्देशकलाई यस सम्बन्धी काम हेर्ने गरी Focal Point तोकिएको छ।

- **जिल्ला शिक्षा कार्यालय-** केन्द्रीय निकायदेखि विद्यालयसम्मका उजुरीहरूका सम्बन्धमा आवश्यक छानविन तथा शिक्षा ऐन नियम बमोजिम कारवाही र सोको जानकारी गराउन तथा समन्वयका लागि एक जना सहायक जिल्ला शिक्षा अधिकारीलाई यस सम्बन्धी काम हेर्ने गरी Focal Point तोकिएको छ।

## विद्यालय सुशासनका लागि वित्तीय अनुशासन

सुशासनका विभिन्न आयामहरू मध्ये आर्थिक अनुशासन एक महत्वपूर्ण आधारशीला हो। प्राप्त श्रोत साधनलाई अधिकतम उपयोग गरी विद्यालय शिक्षा विकासका लक्ष्य र साझा हितलाई समन्यायिक रूपमा हासिल गर्न राज्यशक्तिको उपयोग गर्नु नै सुशासनको मुख्य क्रियाकलाप हो। वर्तमान सन्दर्भमा विभिन्न निकायहरूमा उजुरी तथा गुनासाहरूको चाप बढी हुने कारणमा मुख्यतया आर्थिक पक्ष नै कमजोर र फितलो भएको देखिन्छ। विद्यालय शिक्षामा वित्तीय अनुशासन कायम गरी पारदर्शिताको मर्म अनुसार काम कारवाही अगाडि बढाउन सकेमात्र अन्य सुशासनका पक्षहरू सहजै लागु गर्न सकिन्छ। यसर्थ वित्तीय अनुशासन कायम गर्न तलका प्रक्रियाहरू अवलम्वन गर्न आवश्यक छः

१. **शिक्षक तलबभत्ता निकासामा दोहोरोपना तथा अवकाश पछिको तलब भत्ता निकासा हुन नदिने।**

- शिक्षक अभिलेख व्यवस्थापन: शिक्षकहरूको तलबी

प्रतिवेदन समयमै पारित गराई चुस्त दुरूस्त रूपमा अभिलेख राख्ने । शिक्षक व्यवस्थापन सूचना प्रणाली (TMIS) को अध्यावधिक विवरण राखी तलब निकासा लगायतका प्रक्रियासँग आवद्ध गर्ने । शिक्षक अवकाशको अभिलेख र निकाशाको अभिलेख अध्यावधिक राख्ने ।

- शिक्षक तलब भत्ता निकासा माग फारममा सम्बन्धित क्षेत्रका विद्यालय निरिक्षक (वि.नि), श्रोतव्यक्तिलाई समेत जिम्मेवार बनाउने ।
- शिक्षक तलब भत्ता निकासाका क्रममा शिक्षा शाखाबाट विद्यालयगत शिक्षक दरबन्दी र तलब भिडान गरी आर्थिक प्रशासन शाखाबाट तलव स्केल, ग्रेड र दरबन्दी एकिन गरेपश्चात् मात्र निकासा दिने ।
- बढी रकम निकासा माग गर्ने प्र.अ.लाई कारबाही गर्ने ।

२. **खर्च प्रमाणित गर्ने पुष्ट्याई गर्ने कागजात विना भुक्तानी नगर्ने ।**

- खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात सहितको लेखा राख्ने ।
- भुक्तानी दिँदा खर्चका बील भरपाई अनिवार्य रूपमा संलग्न गर्ने ।

३. **खरीद योजना निर्माण तथा खरीद एकाइको स्थापना ।**

- खरिद एकाइबाट खरिद योजना बनाएर मात्र खरिद गर्ने ।

४. **अनुगमन तथा निरीक्षण कार्यलाई व्यवस्थित बनाउने ।**

- भ्रमण आदेश र निर्णय (स्थान, समयावधि र उद्देश्य) बाट मात्र भ्रमण गर्ने ।
- अनुगमन अभिलेख (भ्रमण अभिलेख खाता) अनिवार्य रूपमा राख्ने ।
- अनुगमन प्रतिवेदन अनिवार्य रूपमा संलग्न गर्ने ।
- भ्रमण खर्च नियमावलीले तोके वमोजिमका विल भरपाईहरू संलग्न गर्ने ।
- अनुगमन प्रतिवेदन कार्यान्वयन गर्ने ।

५. **तालिम तथा गोष्ठीको गुणस्तरीयता, प्रभावकारिता, विश्वसनीयता र मितव्ययीतामा ध्यान दिने ।**

- आधिकारिक र स्वीकृत नर्म्सको अक्षरशः पालनामा जोडदिने ।
- तालिमको कार्यतालिका, सहभागी विवरण, प्रतिवेदन लगायतका अभिलेख राख्ने ।

६. **स्वीकृत आर्थिक कार्यविधि⁄नियमावली अनुसार तोकिएको समयावधिभित्रै पेश्की फर्छ्योट गर्ने ।**

७. **मूल्य अभिवृद्धि करको कारोवार, सोको जानकारी र अग्रिम करकट्टी ।**

- मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने ।
- आयकर ऐन बमोजिम पारिश्रमिक तथा भत्ता रकममा तोकिएको प्रतिशत करकट्टी गर्ने ।
- आयकर ऐन बमोजिमको तोकिएको प्रतिशत अग्रिम कर दाखिला गर्ने ।

८. **स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको पूर्ण पालना गर्ने ।**

९. **विद्यालयको आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षणलाई प्रभावकारी बनाई सो प्रतिवेदन उपर कारवाही (प्रतिवेदनका आधारमा) को व्यवस्था गर्ने ।**

१०. **बैठक भत्ता र अतिरिक्त समय काम गरे वापतको भत्ता ।**

- अर्थ मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम प्रदान गर्न सकिने भत्ता मात्र प्रदान गर्ने ।

११. **कार्य सम्पन्न प्रतिवेदन**

- निर्माणकार्य सम्पन्न भएपछि स्वीकृत नक्सा, डिजाइन र स्पेसिफिकेसन बमोजिम निर्माण भए नभएको प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने ।

नेपालको संविधान २०७२ बमोजिम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा रूपान्तरण भएको छ। सो अनुसार ३ तह : संघ, प्रदेश र स्थानीयको सरकारको स्वरूप निश्चित भएको छ। ३ वटै तहका अधिकारका सूचीहरू संविधानको अनुसूचीमा राखिएका छन्। समग्रमा मुलुकले सुशासन सम्बन्धी न्यायिक व्यवस्था अन्तर्गत केन्द्रमा सर्वोच्च अदालत, प्रदेशमा उच्च अदालत र स्थानीय तहमा जिल्ला अदालतको व्यवस्था गरेको छ भने हरेक स्थानीय निकायमा एउटा न्यायिक समितिको व्यवस्था समेत गरेको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत हेलो सरकार, राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकायहरू केन्द्र स्तरमा विद्यमान रहेको अवस्था छ। केन्द्र, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहयोगात्मक रहेको देखिन्छ। यसै गरी विद्यालय सुशासनका लागि केन्द्र, प्रदेश तथा स्थानीय तहको दायित्व बारे चर्चा गर्न उपयुक्त हुनेछ।

## विद्यालय सुशासनका कायम गर्न विभिन्न तहको दायित्व

### क) केन्द्रीय सरकारको दायित्व

वास्तवमा नेपाल अब संघीय स्वरूपमा रूपान्तरण भइरहेको अवस्थामा संविधान बमोजिम धेरै अधिकारहरूको निक्षेपण तल्लो तहको संरचनाहरूमा भएको छ। विभिन्न कानून निर्माण गर्नेदेखि लिएर बजेट संचालनको व्यवस्था समेत प्रदेश एवं स्थानीय सरकारको जिम्मामा गएको भएता पनि अन्तर्राष्ट्रिय जगतमा नेपालको पहिचान कायम राख्न विभिन्न क्षेत्रमा राष्ट्रिय नीति तथा कार्यक्रमको एकरूपताका लागि तत् सम्बन्धी कार्य संघीय सरकारको रहने छ। संघीय संरचनामा मुलुक प्रवेश गरे सँगै विद्यालय सुशासनका लागि गर्नुपर्ने कार्यहरूमा केन्द्रीय सरकारका जिम्मेवारी तलका बुँदा बमोजिम हुनु पर्दछ :

१. एक्काईसौं शताब्दीको अन्तर्राष्ट्रिय परिवेश अनुसारका विद्यालय सुशासन सम्बन्धी नीति, तथा कार्यक्रमहरूको तर्जुमा गर्ने।

२. राष्ट्रिय स्तरका तत् सम्बन्धी विभिन्न निकायहरूसँगको समन्वय एवं संवैधानिक आयोगहरू एवं प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई प्रगतीको प्रतिवेदन दिने, प्रदेश एवं स्थानीय निकायहरूलाई सहजीकरण र सहयोग गर्ने।

३. दातृ निकायहरूसँगको निरन्तर सहकार्य, समन्वय एवं सहयोगका लागि कार्यक्रमहरूको तयारी।

४. प्रदेश एवं स्थानीय सरकार आत्मनिर्भर नभएसम्म बजेट तथा अन्य श्रोत साधन व्यवस्था।

५. पाठ्यक्रम र परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण।

६. वर्तमान अवस्थामा कायम रहेका शिक्षक, कर्मचारीहरूले नियमअनुसार पाउने तलव भत्ता लगायतका सुविधाहरू उपलब्ध गराउनुका साथै सुशासन कायम गर्न आवश्यक पर्ने ऐन नियमको व्यवस्था गर्ने तथा शिक्षा मन्त्रालयमा उजुरी गुनासो व्यवस्थापन, समन्वय गर्ने कामका लागि छुट्टै शाखाको व्यवस्था गर्ने।

### ख) प्रदेश सरकारको दायित्व

नेपालको नयाँ संरचना बमोजिम संघीय सरकार १ वटा, प्रदेश सरकार ७ वटा र स्थानीय सरकार ७५३ वटा रहने व्यवस्था गरिएको छ। यसरी हेर्दा प्रत्येक तहका सरकारहरू आ-आफ्ना कार्यक्रम संचालन गर्न स्वायत्त हुने व्यवस्था समेत गरिएको छ। तर पनि राष्ट्रिय स्तरको एकरूपताका लागि तीन वटै तहका सरकारहरूको एक आपसी सहकार्य, समन्वयको अपरिहार्यता रहन्छ। यसै सिद्धान्त अनुरूप स्थानीय सरकारहरू सक्षम र सवल नहुन्जेलसम्म केन्द्र र प्रदेशबाट निरन्तर आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध हुन जरुरी छ। यसै सन्दर्भमा विद्यालय सुशासन कायम गर्न प्रदेश सरकारले तलका बुँदाअनुरूप कार्य गर्न उपयुक्त हुन्छ :

१. नेपालको संविधान २०७२ बमोजिमका कार्यहरू बाहेक केन्द्रीय सरकार र स्थानीय सरकारबीच समन्वय, सहकार्य र साझेदारी गर्ने।

२. संघीय कानूनको परिधिभित्र रहि प्रदेशका लागि ऐन नियमको निर्माण गर्ने।

३ संघीय कानूनको परिधिभित्र रहि आफ्नो प्रदेश भित्रको शिक्षासँग सरोकार संस्थाहरूले गरी रहेको कार्यको अनुगमन, मूल्याङ्कन गर्ने।

३. आवश्यकता अनुसार श्रोत साधन उपलव्ध गराउने।

४. सुशासन कायम गर्ने उद्देश्यले प्रदेशभित्र स्थापना भएका अन्य निकायहरूसँग समन्वय गर्ने।

५. प्रदेश सरकारको शिक्षा विभाग अन्तर्गत उजुरी गुनासो व्यवस्थापन सम्बन्धी शाखाको व्यवस्था।

### ग) स्थानीय सरकारको दायित्व

नेपालको संविधान २०७२ ले गरेको परिकल्पना अनुसार तीनै तहको निर्वाचन सम्पन्न भई सरकार समेत गठन भइसकेको परिप्रेक्षमा स्थानीय निकायहरूले आफ्नो गाउँपालिका/नगरपालिकामा शैक्षिक सुशासनका अवयवहरूलाई मध्यनजर गर्दै विद्यालय शिक्षाको विद्यमान अवस्थामा देखिएका सबल पक्षहरूलाई प्रवर्द्धन गर्दै कतिपय देखिएका समस्याहरू समाधान गरी सरोकारवालाहरूलाई कानूनको शासनबाट अपेक्षित उपलब्धी हासिल गराई सन्तुष्ट तुल्याउन निम्न कुराहरूमा ध्यान दिन अति आवश्यक छ।

१. आफ्नो क्षेत्र भित्रका प्रत्येक सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि न्यूनतम आधारभूत शैक्षिक मापदण्ड सहितको विद्यालय विकास योजना निर्माण गर्ने र ती सवै विद्यालयका योजनाहरूको आधारमा गाउँ/नगर शिक्षा विकास योजना निर्माण गर्ने। यस्ता योजना निर्माण गर्दा विद्यालय स्तरमा सबै सरोकारवालाहरूको अनिवार्य सहभागिता गराउनु पर्ने।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना बनाई लागु गर्ने र सो कार्यमा वि.व्य.स.को अनिवार्य सहभागिता गराई अनुगमनको नतिजाको कारवाही सीघ्र गर्ने गराउने।

३. विद्यालय तहमा कानूनको पालना, उत्तरदायित्व, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा जोड दिने। विद्यालयले प्राप्त गर्ने श्रोत, साधनको जानकारी तथा अधिकतम प्रयोग बारे सबैलाई जानकारी गराउने।

४. संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिका बनाई डाइका साथ कार्यान्वयन गरी अनिवार्य रूपमा शुल्क संरचनालाई अभिभावकबाट अनुमोदन गराउन र तोकिएको प्रतिशत छात्रवृत्ति लक्षित वर्गले प्राप्त गरेको सुनिश्चित गराउने।

५. संस्थागत विद्यालयहरूले गरिब, जेहेन्दार तथा लक्षित समूहका बालबालिकाको लागि कानूनले तोके बमोजिम निश्चित प्रतिशतमा छात्रवृत्ति उपलब्ध गराउने र सामुदायिक विद्यालयको हकमा संवैधानिक व्यवस्था अनुरूप पूर्ण निःशुल्क गराउने।

६. सामुदायिक विद्यालयमा तोकिएको मापदण्ड अनुरूप शिक्षक विद्यार्थी अनुपात एवम् विषयगत शिक्षक दरबन्दी मिलान गर्ने।

७. शैक्षिक तथ्याङ्क र सूचनालाई अध्यावधिक, व्यवस्थित र विश्वासनीय बनाउने।

८. सेवा प्रवाहका लागि मापदण्ड, प्रकृया र सुचकाङ्कको विकास गरी कार्य सम्पादनमा सुधार गर्ने।

९. आन्तरिक नियन्त्रण प्रणालीलाई शैक्षिक व्यवस्थापनका सबै तहमा लागू गरी शासकीय प्रणालीमा सुधार गर्ने।

१०. अभिलेख व्यवस्थापनमा सुधार गरी संस्थागत स्मृति र अभिलेख (Institutional Memory) को विकास गर्ने।

११. उजुरी तथा गुनासाहरूको यथाशीघ्र छानबिन तथा कारबाही गरी गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउने। आफ्नो क्षेत्रलाई उजुरी गुनासो रहित बनाउन प्रयत्नशील रहने।

१२. प्रचलित ऐन नियमका प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिने।

१३. स्वीकृत योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन तथा श्रोतसाधनको परिचालनमा मितव्ययिता अप्नाउने।

१४. प्रत्येक विद्यालयले लेखा परीक्षण र सामाजिक परीक्षण वार्षिक रूपमा अनिवार्य रूपमा गर्ने।

१५. गाउँ तथा नगर शिक्षा विकास योजना बनाउँदा आफै व्यवस्था गर्न सक्ने, प्रदेशले र केन्द्रले उपलब्ध गराउने बजेटको आँकलन गरी सम्बन्धित निकायमा योजना र औचित्य सहित पठाउनु पर्ने।

१५. ठोस ऐन नियमका आधारमा बाहेक मनोगत रूपमा कुनै पनि निर्णय नगर्ने।

## विद्यालय सुशासनका लागि तीन वटै सरकारको समन्वय

मुलुक संघीय संरचनामा प्रवेश गरे सँगै विगतका कतिपय कानूनहरू समय सापेक्ष बनाउनुपर्ने हुन्छ। यसका लागि केहि समय लाग्न स्वभाविक हुन्छ। संघीय र प्रदेश कानून तयारी भइरहेको विद्यमान अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ जारी भइसकेको अवस्था छ। यसैले स्थानीय सरकारका दैनिक कार्य संचालन गर्ने क्रममा सो जारी ऐन मुख्य मार्गनिर्देशक हुन्छ। तर ऐनमा सबै कुरा स्पष्ट खुलाइएका हुँदैनन् जस अनुसार कार्य अगाडि बढाउन सकियोस् त्यसैले दैनिक कार्य संचालनार्थ सोही ऐनका आधारमा शिक्षा सम्बन्धी २३ ओटा कार्य सम्पादन गर्न कार्यविधि तयार गर्न लगाई कार्यपालिकाबाट पारित गरी अघि बढ्न सकिन्छ। यसरी काम गर्दा कुनै पनि निर्णय कानून सम्मत नै हुन्छ। विद्यालय सुशासका लागि ३ वटै सरकारले आपसी समन्वय, सहकार्य एवं सहयोगको आधारमा अगाडि बढाउन उपयुक्त हुन्छ। यसका लागि निम्न अनुसार गर्न आवश्यक छ :

१. स्थानीय सरकारको क्षेत्र भित्रको कुनै पनि उजुरीमा छानविन गर्न, कारवाही गर्न तथा किनारा लगाउन शिक्षा शाखा अन्तर्गत फोकल पर्सनको व्यवस्था हुन आवश्यक छ।

२. सो तहबाट समाधान हुन नसक्ने अवस्थामा प्रदेश सरकारको शिक्षा विभाग अन्तर्गतको उजुरी गुनासो व्यवस्थापन शाखाको समन्वयमा कारवाही अगाडि बढाउने।

३. केन्द्रीय निकायमा परेको उजुरी तथा गुनासो समाधानका लागि सम्बन्धित प्रदेश मार्फत वा सोझै स्थानीय सरकारसँगको समन्वयमा फछ्र्यौट गर्ने।

४. विद्यालय सुशासनका लागि स्थानीय सरकारको नै मुख्य जिम्मेवारी हुने र प्रदेश कानून बने पश्चात् मात्र सवैको भूमिका स्पष्ट हुने अवस्था विद्यमान रहेको छ।

## निष्कर्ष

नेपालको संविधान २०७२ अनुसार शिक्षाका विशेष गरी विद्यालीय शिक्षाका महत्वपूर्ण कार्यहरू स्थानीय तहलाई दिइएकोछ। प्राथमिक शिक्षा यस अघि नै स्थानीय निकायलाई निक्षेपित गरिएको शिक्षाको उपक्षेत्र हो तर केन्द्रीय निकायबाट उपलब्ध गराइने बजेट प्रवाह र खास-खास क्षेत्रमा सिमित रूपमामात्र निक्षेपण गरिएको थियो। पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास र वितरण, शिक्षक व्यवस्थापन, अध्यापन अनुमती पत्र वितरण, बजेटको बाँडफाँड, विद्यालयको भौतिक विकासजस्ता कार्यहरू केन्द्रको निर्देशन र खटनपटनमा काम भइरहेको थियो र अझै पनि यस्तै भइरहेको अवस्था छ। वर्तमान संविधानले आधारभूत तथा माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएकोमा स्थानीय तहले पूर्ण रूपमा काम गर्न र परिपक्व हुने समयसम्म केन्द्रीय तहको सहयोग र निर्देशन आवश्यक देखिन्छ। विद्यालय संचालनका मापदण्ड र मानक, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक व्यवस्थापन, परीक्षा र मूल्याङ्कन जस्ता महत्वपूर्ण

विषयमा स्थानीय तह तत्कालका लागि परिपक्व हुन सक्दैनन् । त्यसैले नीति र वित्तीय व्यवस्थापन सम्बन्धी कुरालाई संघ, प्रदेश र स्थानीय तह बीचको साझा कार्यका रूपमा राख्नु पर्छ। वर्तमान संविधान जारी हुनु पूर्व स्थानीय निकायलाई निक्षेपण गरिएका कार्यहरूका सम्बन्धमा भूमिका स्पष्ट पारी जवाफदेही बनाउँदै स्थानीय तहका अधिकार र कार्यसूची कार्यान्वयनका लागि आवश्यक क्षमता बढाउनु नै अहिलेका लागि उत्तम उपाय हो। संविधानमा उल्लेखित अधिकार र कार्यसूचीहरूको प्रभावकारी कार्यान्वयनका लागि एउटा विस्तृत क्षमता विकासको योजना निर्माण र सो योजना अनुसार कार्यान्वयन आवश्यक देखिन्छ। संघीयताको पूर्ण कार्यान्वयनको अवस्थामा विद्यालय शिक्षा लगायत शिक्षा क्षेत्रमा केही समय संक्रमणका नराम्रा बाछिटा देखिने संकेत महसुश भएको छ। यस्तो अवस्थामा शिक्षा क्षेत्रमा सुशासन कायम गर्न हिजोको अनुभवले सिकाएका कुराहरूलाई ध्यान दिनु आवश्यक छ त्यसैले यस क्षेत्रमा उठ्ने मुख्य मुद्दाहरूलाई आत्मसाथ गर्दै सकेसम्म उजुरी गुनासो नआउने गरी कामकारवाही गरिनु पर्छ। निर्णय तथा कारवाही गर्दा अप्नाइने उचित विधि र प्रक्रियामा स्वार्थ रहित ढंगले उजुरी तथा गुनासो व्यवस्थापन गर्न सके मात्र आशातीत फल प्राप्त गर्न सकिन्छ। वास्तवमा उजुरी गुनासो नपर्ने गरी काम गर्न सकेको अवस्था हुन सकेमात्र भ्रष्टाचारमुक्त मुलुकको निर्माण भई सुशासनको अवस्था सृजना गर्न सकिन्छ। यी सबै कुराको चुरो वित्तीय अनुशासनमा निहित हुन्छ भने वित्तीय अनुशासन कायम गर्न ऐन कानूनको पालना र पारदर्शीताको अपरिहार्यतालाई कुनै पनि सरकार एवं व्यक्तिले भुल्नु हुँदैन। यस्तो अवस्था सृजना गर्न स्थानीय तहलाई कार्यान्वनको पक्षमा सवल र सक्षम बनाउन सकेमात्र सोचेजस्तो विद्यालय सुशासन कायम हुन सक्छ। सवल, सक्षम र भेदभावरहित एवं भ्रष्टाचारमुक्त निकायबाट मात्र विद्यालय सुशासन सम्भव हुन्छ। यसका लागि प्रत्येक तहका सरकारमा संलग्न राजनीतिक दल, सरकारमा बसेका कर्मचारी, अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू, पत्रकार एवं शिक्षकहरूले आ-आफ्नो कार्य क्षेत्रमा ईमान्दारीपूर्वक काम गर्न आवश्यक छ भने अहिलेको संक्रमणकालीन अवस्थामा स्थानीय तहमा गएको अधिकार प्रयोग गर्ने सन्दर्भमा कर्तव्यको पालन गर्न गराउन समेत अपरिहार्य देखिन्छ।

## सन्दर्भ सामग्रीहरु


- *नेपालको संविधान २०७२ ।*
- *स्थानीय सरकार संचालन ऐन २०७४ ।*
- *"विद्यालयको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका, २०६५" ।*
- *शैक्षिक सुशासन तथा वित्तीय अनुशासन ब्रोसियर, २०७२, शिक्षा विभाग।*
- *डा. तुलसीप्रसाद थपलिया, २०७४, संघीयताको सन्दर्भमा विद्यालय तहको शासकीय प्रवन्ध।*
- *नेपाल सरकार शिक्षा मन्त्रालय (२०७४) शिक्षा ऐन २०२८ आठौं संशोधन सहित।*
- *नेपाल सरकार शिक्षा मन्त्रालय (२०५९) शिक्षा नियमावली आठौं संशोधन २०७१ सहित।*
- *शिक्षा मन्त्रालय (२०७३) विद्यालय क्षेत्र विकास कार्यक्रम।*
- *रामकृष्ण सुवेदी (२०६७) शैक्षिक प्रशासन र विकास।*
- *डा. विद्यानाथ कोइराला, चन्द्रबहादुर श्रेष्ठ (२०५७) शैक्षिक व्यवस्थापन र संगठनामत्मक व्यवहार।*
- *प्रेमकुमार राई (२०६८) सुशासन कायम गर्न देखिएका विद्यमान चुनौती, लेख-शिक्षा सोपान।*
- *खगराज वराल (२०७४) संघीय राज्य व्यवस्था, लेख- कर्मचारी कलम।*

# नेपालमा विद्यालय सुशासनका मुद्दा तथा रूपान्तरणका लागि सहभागिमूलक विधिहरू

– शुभेन्द्रमान श्रेष्ठ *

## विषय प्रवेश

नेपालमा सुशासनको सवाल मुलुकको प्रगतिको लागि अत्यन्त आवश्यक तत्व भएको विषय पछिल्लो राजनीतिक घटनाक्रम तथा सरकारको प्राथमिकताले पुष्टि गरिसकेको छ। उपर्युक्त सवालमा विगतको व्यवस्थामा पनि झिनो रूपमा भएपनि चासो व्यक्त नभएको होइन। तथापि, हालको लोकतान्त्रिक शासन व्यवस्थामा सुशासनको अवस्थाबारे जनताबाट व्यक्त असन्तोषको आवाजले व्यापकता र वास्तवमा कोलाहलको रूप धारण गरेको छ। तर केवल ईच्छा व्यक्त गर्दैमा शासन व्यवस्थामा सुधार आउँछ भन्ने ठान्नु हुँदैन। नेपालको शासन व्यवस्थामा आजको दिनसम्म आइपुग्दा व्यापक परिवर्तन आएको छ। तर परिवर्तन व्यवस्था र संरचनामा मात्र हो कि सुशासनको प्रत्याभूतिमा पनि हो भन्ने सवाल अझै अनुत्तरित छन्। सैद्धान्तिक रूपमा देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिनै सकेको छ। अधिकारसम्पन्न स्थानीय, प्रादेशिक र संघीय सरकारको गठन भइसकेको छ। जनताले शासन गर्ने आफ्ना प्रतिनिधि पाइसकेका छन्। शासक बन्ने कि सुशासक बन्ने त्यो जनप्रतिनिधिको आचरणले देखाउँदै जानेछन्। तर, कुशासनबाट दिक्क भएका जनताले संविधानको सपथ खाएर सार्वजनिक पदमा बसेकासँग जवाफदेहिता त खोज्छन् नै।

कानूनी जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, सहभागिता जस्ता विषयहरू सुशासनका आधारभूत पक्षहरू हुन्। लोकतान्त्रिक नियन्त्रण, शक्ति सन्तुलन तथा सुधार र सिकाइमा सार्वजनिक जवाफदेहिताको महत्व अधिक रहन्छ। मार्क बुभेन (२००५) ले द अक्सफोर्ड ह्यान्ड बुक अफ पब्लिक म्यानेजमेन्ट नामक पुस्तकमा सार्वजनिक संस्थाहरूले आफूले गरेका कार्यहरूको सम्बन्धमा विभिन्न तहमा विभिन्न तरिकाले जवाफदेही रहनुपर्ने बताएका छन्। जसअनुसार, संस्थाको प्रकृतिको आधारमा राजनीतिक जवाफदेहिता, कानुनी जवाफदेहिता, प्रशासनिक जवाफदेहिता, व्यवसायिक जवाफदेहिता र सामाजिक जवाफदेहिता रहेका छन्। त्यसैगरी, कर्ताको प्रकृतिको आधारमा संस्थागत जवाफदेहिता, तहगत जवाफदेहिता, सामुहिक जवाफदेहिता र व्यक्तिगत जवाफदेहिता पर्दछन्। कामकारवाहीको प्रकृतिको आधारमा हरेक सार्वजनिक संस्थाले वीत्तीय जवाफदेहिता, प्रक्रियागत जवाफदेहिता तथा परिणामको जवाफदेहिता वहन गर्नुपर्ने मार्कले बताएका छन्। त्यसैगरी दायित्वको प्रकृतिको आधारमा ठाडो (माथि तल दुवै), छड्के तथा तेर्सो (समानान्तर कार्यालय) जवाफदेहिता रहने कुरा उल्लेख भएको पाइन्छ।

सामुदायिक विद्यालयहरू पनि सार्वजनिक संस्थाहरू हुन्। यस्ता सार्वजनिक संस्थाको सुदृढीकरण विना सामाजिक न्यायसहितको लोकतान्त्रिक व्यवस्थाको परिकल्पना गर्न सकिँदैन। सार्वजनिक शिक्षालाई विकास र समृद्धिको प्रस्थानविन्दु मान्ने हो भने नेपालमा रहेका सामुदायिक विद्यालयहरूको रूपान्तरण जरूरी देखिन्छ। सामुदायिक विद्यालयहरूको वर्तमान अवस्थाको प्रमुख कारण सुशासनको अभावलाई लिने गरिन्छ। के हाम्रा सामुदायिक विद्यालयहरू मार्क बुभेनले भनेजस्तै सबैकोणबाट जवाफदेही हुन सकेका छन् त ? यिनै विषयवस्तुमा आधारित रहेर यो आलेखमा सामुदायिक विद्यालयका सुशासनका सवाल तथा रूपान्तरणका लागि नेपालको वर्तमान राजनीतिक तथा संघीय परिवेशमा सहभागिमूलक विधि तथा औजारहरू के-के हुन सक्दछन् भन्ने चर्चा गरिएको छ।



** लेखक : श्री शुभेन्द्रमान श्रेष्ठ, शिक्षाविद् तथा हाल एनसिई-नेपालका उपाध्यक्ष हुनुहुन्छ।*

## परिवेश

एक दशक लामो सशस्त्र द्वन्द्व, शान्तिपूर्ण जनआन्दोलन, गणतन्त्रको घोषणा, राज्यको पुनःसंरचना, संविधानसभाबाट नयाँ संविधान, लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, समानुपातिकता, मौलिक हक, अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्याय, कानुनी शासन, संवैधानिक सर्वोच्चता, बहुदलीय व्यवस्था आदि आधारभूत संरचना सहितको नयाँ संविधान बमोजिम स्थानीय, प्रदेश तथा संघीय सरकारको गठन प्रक्रिया पार गरेर नेपाल अहिले नयाँ युगमा प्रवेश गरेको छ। लोकतान्त्रिक विधि तथा प्रक्रिया अन्तर्गत बनेको नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी अधिकारलाई प्रत्याभूत गरेको छ। सत्तासीन एवं अन्य राजनीतिक दल तथा गठबन्धनबाट सबैतहका निर्वाचनमा व्यक्त प्रतिवद्धताले विद्यालय शिक्षालाई राष्ट्रको सम्बृद्धि तथा आर्थिक समुन्नतिको लागि प्रमुख एजेण्डा भित्र समेटेका छन्।

देशमा आएको राजनीतिक परिवर्तनसँगै राज्य सञ्चालन पद्धति र शासकीय संरचना पनि परिवर्तन भएको छ। संघीय संरचनाअनुरूप मुलुकमा सात प्रदेश तथा सातसय त्रिपन्न स्थानीय तहहरू कायम भएका छन्। नेपालको राज्यशक्ति एवम् अधिकारको प्रयोग संविधान र संघीय कानून तथा गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम गर्ने व्यवस्था रहेको छ। संविधानअनुसार आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरी शिक्षालाई नैसर्गिक एवं मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ।

नेपालको संविधान २०७२ को अनुसूची ८ ले विद्यालय (कक्षा १२ सम्मको) शिक्षासम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। संविधानको कार्यान्वयन हुँदै गरेको वर्तमान परिवेशमा विद्यालय शिक्षाको दायित्व पनि स्थानीय तहमा आएको छ। संविधानमा प्रत्याभूत गरिएका शिक्षासम्बन्धी मौलिक हकको सुनिश्चितता गर्ने दायित्व पनि अब स्थानीय सरकारको हुन आउँछ। विद्यालय शिक्षा (प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म) सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न संविधानको धारा २२६ ले स्थानीय तहलाई आफ्ना लागि आफै कानून बनाउने अधिकार समेत दिएको छ।

**संघीय कानूनको रूपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सञ्चालनका लागि विभिन्न २३ वटा अधिकार तथा कार्यक्षेत्र तोकेको छ।**

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति अनुगमन, मूल्याङ्कन र नियमन
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको नामकरण
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
- सामुदायिक विद्यालय शिक्षक एवम् कर्मचारीको दरबन्दी मिलान

- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन र नियमन
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
- ट्यूसन, कोचिङ्गजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा
- अनुशासन कायम, अनुगमन, क्षमता विकास
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम, क्षमता विकास
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

*श्रोत : स्थानीय तहको शिक्षा अधिकार र दायित्वसम्बन्धी नीतिगत व्यवस्था, एजुकेशनल पेजेज र एक्सनएड नेपालद्वारा प्रकाशित लिफलेट, २०७४*

देशमा आएको राजनीतिक तथा संरचनागत परिवर्तनसँगै सार्वजनिक शिक्षाको स्तरलाई कसरी सुदृढ गरेर जान सकिन्छ भन्ने आम सरोकारको विषय बनेको छ। सरकारी तथ्याङ्कलाई मात्र आधार मान्ने हो भनेपनि अधिकांश बालबालिका शिक्षाको पहुँचमा रहेको देखिन्छ। यद्यपि यि तथ्याङ्कप्रतिको विश्वसनीयतामा भने प्रश्न नउठेका होइनन्। समुदाय तहमा पुगेर विद्यालयहरूको अनुगमन गर्दै गर्दा कतिपयमा रित्तो कक्षा कोठा, कतिपय प्राथमिक तह पनि नसकि विद्यालय छोडेका, र कतिपय सामुदायिक विद्यालयबाट बालबालिकालाई छुटाएर महँगो शुल्क तिरेरै भएपनि नीजि विद्यालयमा भर्ना गरिएको पाइन्छ। पहुँचमा देखिएका सकारात्मक तथ्याङ्कलाई गुणस्तरीयताको मापनले फेरि पछाडि धकेलेको पाइन्छ। विद्यार्थी सिकाइ उपलब्धिको मूल्यांकन अनुसार कक्षा ३ का १९ प्रतिशत विद्यार्थीले नेपालीमा एक शब्द पनि ठीक तरीकाले पढ्न नसकेको देखाउँदछ (जोशी २०७४)। सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तरमा ह्रास आउनु तथा विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक नहुनाको प्रमुख कारण शासकीय तथा व्यवस्थापकीय संरचनाको कमजोरीलाई लिने गरिन्छ। यस अर्थमा विद्यालय सुशासनको मुद्दा वर्तमान परिप्रेक्षमा नेपालको शैक्षिक प्रणालीको सबैभन्दा पेचिलो विषय बनेको छ।

## नेपालमा विद्यालय सुशासनका मुद्दाहरू

### जवाफदेही व्यवस्थापन

विद्यालयको स्वामित्व स्थानीय सरकारमा गइसकेको संवैधानिक व्यवस्था भएबाट आगामी दिनहरूमा विद्यालय व्यवस्थापनको मोडल कस्तो हुन्छ भन्ने विषयलाई स्थानीय सरकारहरूले बनाउँदै जानेछन्। यद्यपि केन्द्रीकृत व्यवस्था अनुसारका मौजुदा शिक्षा ऐन बमोजिम सामुदायिक विद्यालयहरूको व्यवस्थापनको जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको रहेको छ। संघीय कानूनको रूपमा आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप विद्यालय व्यवस्थापन समितिको प्रावधानलाई निरन्तरता दिँदै विद्यालयहरूको व्यवस्थापन गर्ने प्रक्रियालाई अघि बढाउने स्थानीय कानूनहरू निर्माण हुँदै गरेको पाइन्छ। विद्यालय व्यवस्थापन समितिले नागरिक तहबाट आधिकारिक

प्रतिनिधित्व गर्दछन्। जसले विद्यालय व्यवस्थापनको कानूनी उत्तरदायित्व वहन गर्दछन्। यस अर्थमा त्यस्ता समितिहरू जनताप्रति जवाफदेही छन्। यस व्यवस्थाबाट समेत कतिपय समयमा सरकार आफ्नो दायित्वबाट पन्छिन खोजेको देखिन्छ। विद्यालयहरू समुदायलाई हस्तान्तरण गरिसकेको र अब आर्थिक व्यवस्थापन लगायतका सम्पूर्ण जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुन्छ भन्ने सम्मका अभिव्यक्तिहरू कर्मचारीतन्त्रबाट नसुनिएको होइन। यस्ता क्रियाकलापबाट सोझा सिधा जनतालाई अल्मल्याउने काम भएको देखिन्छ। तर के बुझ्नु जरूरी छ भने, जनताले तिरेको करबाट राज्य संयन्त्र चल्ने हो। राज्यले सेवा सुविधा उपलब्ध गराउने हो। संविधानले नै शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गरिसकेको अवस्थामा त्यही संविधानको कार्यान्वयनका लागि गठित सरकार र यसका संयन्त्रहरू आफ्नो दायित्वबाट पन्छिन खोज्ने प्रवृत्तिले देशको ८० प्रतिशत बालबालिका जाने सामुदायिक विद्यालयप्रति उदासिनता मात्र थपेको छ। यसको फाइदा केवल निजी शिक्षा प्रदायकहरूलाई मात्र भइरहेका छन्।

एकातिर विद्यालय व्यवस्थापन समितिहरूलाई सरकारी संयन्त्रबाट असहयोग हुने अर्कोतिर विद्यालय व्यवस्थापन समिति आफै निरिह र जवाफदेही नहुनु विद्यालय सुशासनका लागि राम्रो संकेत हुनै सक्दैन। विद्यालय व्यवस्थापन समिति गठनमा देखिएका चरम दलीय राजनीतिक हस्तक्षेपका कारण पनि राम्रा भन्दा हाम्राहरूको हालीमुहाली बढेको पाइन्छ। शिक्षाको अवस्थामा सुधार गर्ने अठोटभन्दा आफ्नो व्यक्तिगत स्वार्थ कसरी पूरा गर्न सकिन्छ भन्ने सोचले आज सामुदायिक विद्यालयहरूको अस्तित्व संकटमा परेको छ। यद्यपि राम्रा व्यक्तिहरू व्यवस्थापन समितिमा आउँदै नआएका भने होइनन्। तर ति राम्रा भनिएका व्यक्ति समेत प्राचार्य/प्रधानाध्यापकको सल्लाहमा मात्र काम गर्ने अवस्था देखिन्छ। यसको मूल कारण ति व्यवस्थापन समितिमा भएका पदाधिकारीको क्षमता अभाव रहेको पाइन्छ। आवश्यक व्यवस्थापकीय एवं कानूनी ज्ञान तथा सीपको अभावमा जवाफदेही विद्यालय व्यवस्थापनको लक्ष्य पूरा हुनसक्दैन।

## पारदर्शी प्रशासन

विद्यालय सुशासनको अर्को महत्वपूर्ण पक्ष विद्यालयमा हुने सम्पूर्ण गतिविधिको पारदर्शिता हो। पारदर्शिताले जनता तथा अभिभावकको विश्वास हासिल गर्दछ। तर नेपालको अन्य सरकारी कार्यालय तथा सेवामा भएको अपारदर्शिताको रोग विद्यालय शिक्षामा पनि भेटिन्छन्। नेपालको विद्यालय शासन पद्दति तथा आर्थिक प्रशासन र अनुशासन पालना प्रभावकारी देखिएको छैन। विद्यालय लेखा परीक्षकका सूची चयनदेखि लिएर लेखापरीक्षक प्रतिवेदनसम्म लेनदेन र मोलतोलको गन्ध आउने गरेको देखिन्छ (पोखरेल २०६९:२६१)। बजेट खर्च र भौतिक प्रगतिको आधारमा समीक्षा नहुने र मात्र प्रशासनिक एवं नोकारशाही तरिकाले नेपालको शिक्षा शासन चलेको छ। यसकै प्रतिविम्वको रूपमा विद्यालय शासनलाई हेर्न सकिन्छ।

शिक्षा लगानी र खबरदारीको अभावले सिर्जना गर्ने आर्थिक दुरूपयोगको अवस्था पनि उच्च छ। नेपालमा सामुदायिक विद्यालयमा दिइने शिक्षा प्रणाली शून्य लागत पुरन (Zero Cost Recovery) पद्दतिमा आधारित छ। जहाँ विद्यार्थी, घरपरिवार अभिभावकबाट खर्च गरिदैंन। तथापि प्राथमीक तहमा समेत अभिभावकको लगानी कुनै न कुनै रूपमा हुने गरेको छ। कूल शिक्षामा हुने खर्चमा घर परिवारबाट ४० प्रतिशत हुने गरेको अध्ययनले देखाएको छ (पोखरेल २०६९:२६१)। यसका बावजुद सामुदायिक विद्यालयको आर्थिक जवाफदेहिता कमजोर देखिएको छ। विद्यालयको बजेट, आम्दानी तथा खर्चको पारदर्शिता, छात्रवृत्ति सम्बन्धी व्यवस्था, शिक्षक नियुक्ति सम्बन्धी पारदर्शिता, विद्यालयका गतिविधि बारेको पारदर्शिता आदि पक्षहरू बालबालिका र अभिभावकले बुझ्नुपर्ने, जानकारी राख्न पाउने आधारभूत विषयहरू हुन्। सामुदायिक विद्यालयमा पारदर्शिताको अभाव भएबाट अभिभावक विद्यालयबाट टाढिएको महसुश गरेको पाइन्छ। विद्यालयले आफ्नो गतिविधि र अवस्थाको सार्वजनिकीकरण गर्ने व्यवस्थाले विद्यालयको सुशासनमा महत्वपूर्ण अर्थ राख्दछ।

## उत्तरदायी नेतृत्व

सार्वजनिक क्षेत्रको नेतृत्वमा जवाफदेहिता भन्नाले आफ्नो भूमिका तथा पदीय दायरा भित्रका प्रशासनिक, शासकीय तथा कार्यान्वयन लगायत आफूले बनाएका नीति नियम, गरेका निर्णय, कार्य, त्यसका परिणामहरूको जिम्मेवारी र उत्तरदायी भन्ने बुझिन्छ। यस अन्तर्गत वित्तीय तथा सामाजिक जिम्मेवारीका लागि सरकारी श्रोतप्रति उत्तरदायी रही सार्वजनिक संस्था तथा निकायहरूप्रतिको दायित्व वहन गर्न सो सम्बन्धी अख्तियार प्राप्त व्यक्तिहरू पर्दछन्। जवाफदेही नेतृत्व लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत विशेषता र सुशासनको एक महत्वपूर्ण पक्ष हो। सामुदायिक विद्यालयहरू सार्वजनिक संस्थाहरू हुन्। यसर्थ सार्वजनिक पदमा बसेर सरकारी बजेटको उपयोग गर्ने त्यस्ता सार्वजनिक संस्थाका व्यवस्थापक तथा नेतृत्वको जवाफदेहिता विद्यालय सुशासनको केन्द्रमा रहेका हुन्छन्।

नेपालमा सामुदायिक विद्यालयको नेतृत्व कसको हो भन्ने दुविधा अझैपनि कायम नै रहेको स्थिति देखिन्छ। विद्यालय व्यवस्थापन समिति अध्यक्षको कि प्राचार्य/प्रधानाध्यापकको? विद्यालय शासन र व्यवस्थापनको विषयलाई एकै तरिकाले बुझ्ने कि फरक ढङ्गले? जबसम्म यि दुई संवेदनशील र प्राविधिक विषयमा स्पष्टता ल्याउन सकिदैन, तबसम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाले उत्तरदायी नेतृत्व प्राप्त गर्न सक्दैनन्। प्रचलित ऐनबमोजिम विद्यमान अवस्थालाई हेर्ने हो भने सामुदायिक विद्यालयहरूको शासन र व्यवस्थापन दुवैको नेतृत्व कानूनी रूपमा विद्यालय व्यवस्थापन समितिले र शैक्षिक नेतृत्व प्रधानाध्यापकले गरेको देखिन्छ। यद्यपि व्यवहारिक रूपमा व्यवस्थापनको नेतृत्व पनि प्रधानाध्यापकले गर्ने गरेका छन्। सामुदायिक विद्यालयको अवस्थाप्रति को उत्तरदायी हुने भन्ने प्रश्नमा एक अर्कालाई दोष लगाउने प्रवृत्ति देखिन्छ। हिजोको केन्द्रीकृत व्यवस्था जस्तो शिक्षा मन्त्रालय र मातहतका निकायलाई मात्र दोष थोपार्ने काम सायद संघीय संरचनामा नहोला। यद्यपि प्रत्येक सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तरप्रति उत्तरदायी नेतृत्वको भने सधैं अभाव नै देखियो। न त प्रधानाध्यापक शिक्षाको गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धिमा उत्तरदायी देखिन्छन् न त वि.व्य.स. अध्यक्ष नै। यसर्थ उत्तरदायी नेतृत्वको अभावमा सामुदायिक विद्यालयको सुशासनमा गम्भीर असर पर्न गएको छ। संविधानले शासनको नेतृत्व स्थानीय सरकारलाई दिइसकेको छ। यसको जवाफदेहिता अब अन्य निकायमा सर्न र सार्न मिल्दैन। अब व्यवस्थापन र शैक्षिक नेतृत्व कसरी र कसलाई दिने भन्ने कार्यविधि नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारहरूले नै तय गर्नेछन्।

## सक्षम शिक्षक व्यवस्थापन

शिक्षा लिने विद्यार्थी जति महत्वपूर्ण हुन्, त्यति नै आवश्यक शिक्षकहरू हुन्। शिक्षकको राम्रो व्यस्थापनमा मात्र शिक्षण सिकाइको आशा गर्न सकिन्छ। शिक्षक व्यवस्थापनमा ठूलो लगानी गर्नुपर्ने भएकोले नेपालको शिक्षक व्यवस्थापनमा पनि विविध तरिका अपनाइएको पाइन्छ। शिक्षक व्यवस्थापनको मुख्य आधार विद्यार्थी-शिक्षक अनुपात हो। तर, विद्यालयमा रहने शिक्षक दरबन्दीसम्बन्धी नीतिगत व्यवस्था अनुरूप व्यवहारमा लागू हुन सकेको देखिँदैन। शिक्षक-विद्यार्थी अनुपातमा व्यापक अन्तर देखिनु शिक्षा गुणस्तर र सिकाइ वातावरणका लागि उपयोगी हुन सक्दैन।

त्यसैगरी विषयगत दक्षता भएका शिक्षकहरूको अभावबाट पनि बालबालिकाको योग्य शिक्षक प्राप्त गर्ने अधिकार कुण्ठित भएको स्थिति छ। तालिम प्राप्त शिक्षकहरू पनि भौगोलिक क्षेत्रगत सन्तुलन हुने गरी तयार नगरिएकाले सुगम क्षेत्रमा काज लिने दबाव छ भने दुर्गम क्षेत्रमा विषयगत शिक्षकको अभाव रहेको छ। एकातिर दरबन्दी नभएका कारण शिक्षक संख्या कमी र अर्कोतिर आफ्नो दरबन्दी भएको ठाउँमा नगई आफूलाई पायक पर्ने स्थानमा काज मिलाएर बस्ने प्रवृत्तिले शिक्षक व्यवस्थापनमा जटिलता थपेको पाइन्छ। जसको मूल्य साना बालबालिका र तिनका अभिभावकले निजी श्रोतका शिक्षकको नाममा चुकाउनु परेको छ। यसर्थ

सार्वजनिक विद्यालयमै पनि शिक्षा प्राप्त गर्न विभिन्न सहयोगको नाममा अभिभावकलाई आर्थिक भार बोकाउने काम भइरहेका छन्। प्रायः शिक्षकहरूमा देखिएका पेशागत प्रतिवद्धताको अभावले पनि सार्वजनिक शिक्षाको गुणस्तरमा सम्झौता हुन पुगेको छ। शिक्षण पेशालाई दलीय राजनीति गर्ने थलो बनाएर आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्नमा अभ्यस्त हुँदै गएपछि सामुदायिक विद्यालयमा कस्तो सुशासन होला ? आफ्नो पेशागत मर्यादा र कर्मलाई कम समय दिने अनि विद्यालय बाहिरका आयआर्जनसम्बन्धी अवसरमा बढी भुलिन थालेपछि त शैक्षिक अवस्था झनै विग्रन पुगेको देखिन्छ। यसबाट विद्यालयको शासन व्यवस्थामा नकारात्मक प्रभाव पर्न गएको छ र समग्र शिक्षा प्रणालीमा चुनौती थपेको छ।

## सहभागिमूलक योजना निर्माण र कार्यान्वयन

विद्यालय सुधार योजना विद्यालयको सुधार वा विकासका लागि बनाइने कार्यक्रमहरूको योजना हो। विद्यालय सुधार योजनाको मूल ध्येय विद्यालयको समग्र पक्षको सुधारमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु हो। सबै सामुदायिक विद्यालयले विद्यालय सुधार योजना (वि.सु.यो.) अनिवार्य बनाउनु पर्ने नीतिगत व्यवस्था छ। जसको परिधिभित्र रहेर सरकारले लगानीको व्यवस्था गरेको हुन्छ। विगतमा लागू गरिएको विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) र अहिलेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०) मा पनि सोही रणनीति अवलम्बन गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमले निर्धारित गरेका उद्देश्यहरू पूरा गर्नका लागि एक महत्वपूर्ण सुधार संयन्त्रका रूपमा विद्यालय सुधार योजनालाई आत्मसाथ गरिएको छ। यद्यपि नीतिगत व्यवस्था एकातिर, व्यवहारिक पाटो अर्कोतिर हुनु नेपाली सामुदायिक विद्यालयहरूको नियतिनै देखिन्छ।

सीमित व्यक्तिहरूले बन्दकोठाभित्र बनाएको वि.सु.यो. वा अन्य विद्यालयबाट सापट लिई फोटोकपी गरेको वि.सु.यो.ले व्यवहारतः विद्यालयको सुधार भएको कतै देखिदैन । यस्ता प्रवृत्ति अहिले पनि नभएका होइनन्। अभिभावक, बालबालिका, बालक्लब तथा विद्यालयसँग सरोकार राख्ने स्थानीय शिक्षाप्रेमीहरूको सहभागिता एवम् परामर्शबिना बनाइएको योजनाले सुशासनको प्रत्याभूति जनसमुदायमा दिन सक्दैन। विद्यालयहरूले आफ्नो योजना निर्माण र कार्यान्वयनमा अभिभावक तथा बालबालिकाको सहभागिता नखोज्नु, वस्तुगत विश्लेषण नहुनु, अभिभावक तथा बालबालिकाको विचार योजनामा नसुनिनु जस्ता कार्यले विद्यालय समुदायप्रति जवाफदेही हुन नसकेको अनुभूति हुन्छ।

## समावेशी व्यवस्थापकीय तथा शैक्षिक संरचना

समावेशी राज्य संरचना लोकतन्त्रको आधारभूत विशेषता भएजस्तै समावेशी व्यवस्थापन र शैक्षिक संरचनाले विद्यालय सुशासनको प्रत्याभूति प्रदान गर्दछ। हाम्रो सामुदायिक विद्यालयहरूका संरचना कत्तिको समावेशी छ भन्ने विषयमा शिक्षा विभागद्वारा वि.सं. २०७२ मा प्रकाशित फ्लास दुई रिपोर्टलाई मात्र आधार मान्ने हो भने पनि, केवल २२.१ प्रतिशत महिलाहरूले विद्यालय व्यवस्थापन समितिहरूमा प्रतिनिधित्व रहेको देखिन्छ। यद्यपि शिक्षा ऐनको आठौं संशोधनपश्चात् पहिलेका सबै विद्यालय व्यवस्थापन समितिहरूको पुनःगठन गरिने भएता पनि समुदाय तहमा महिलाको अर्थपूर्ण सहभागिता न्यून देखिन्छ। शिक्षक अभिभावक संघमा भने महिलाको प्रतिनिधित्व २९.१ प्रतिशत रहेको छ। त्यसैगरी दलित समुदायबाट वि.व्य.स.मा ११.७ प्रतिशतमात्र सहभागिता रहनुले दलित बालबालिका अझैपनि शिक्षाको पहुँचबाट टाढा रहेको अनुमान लगाउन गाह्रो पर्दैन। जनजाति समुदायबाट भने वि.व्य.स.मा ३६.७ प्रतिशत प्रतिनिधित्व रहनु तुलनात्मक रूपमा आशालाग्दो नै देखिन्छ। यद्यपि दलित, जनजाति र मुस्लिम समुदायका छात्राहरूको टिकाउदर अत्यन्त न्यून देखिन्छ। रोजीरोटी र कमाईको आधार बालबालिकालाई ठान्ने बाध्यकारी विपन्न समुदायलाई शिक्षामा आकर्षित गर्न सकिएको छैन। गरिब र धनीको खाडल दिनानुदिन बढिरहेको छ भने राज्य प्रदत्त सेवासुविधाहरू ठूलाठालु र पहुँचवालाको कब्जामा छ भन्ने देखिन्छ (पोखरेल २०६९:७१)।

त्यसैगरी, कूल जनसंख्याको अनुपातमा दलित र जनजाति शिक्षक/शिक्षिकाको संख्या अत्यन्त न्यून रहेको स्थिति छ। आधारभूत तहमा दलित शिक्षक/शिक्षिकाहरू ९.५ प्रतिशत रहेका छन् भने कक्षा ९ र १० मा कूल ४.६ प्रतिशत मात्र रहेको देखिन्छ। त्यसमध्येमा पनि दलित तथा जनजाति समुदायबाट महिला शिक्षकको अवस्था अत्यन्तै न्यून रहेका छन् (शिक्षा विभाग २०७२)। यस अर्थमा नेपालमा रहेका सामुदायिक विद्यालयका संरचनाहरू समावेशी छैनन् भन्ने बुझिन्छ। विकासशील समाज र राज्य निर्माणको अभियानमा शिक्षा अधिकार प्राप्त गर्न महिलाहरूको सशक्तीकरण र सबलताको प्रशस्त खाँचो छ। त्यसका लागि लैंङ्गिक संवेदनशीलता, जागरूकता र प्रोत्साहनमूलक सहभागिता हुनुपर्दछ। शैक्षिक जिम्मेवारी र कार्यमा जुटिरहेका महिलाहरूमा थप इमान्दारिता, जवाफदेहिता र सीप दक्षताको लागि अध्ययन विश्लेषण र नेतृत्वकारी भूमिका समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

## स्थानीय श्रोत साधनको परिचालन

सामाजिक रूपान्तरण शिक्षाको पहुँचमा निर्भर गर्दछ। शिक्षाको पहुँच शिक्षा नीति र यसमा गरिएको लगानीमा भर पर्दछ। शिक्षा लागतले गुणस्तर निर्धारण गर्दछ तर हाम्रो सार्वजनिक शिक्षाको लगानी अझ पनि विद्यार्थी कहाँ अति न्यून रूपमा पुगेको छ (पोखरेल २०६९:२४६)। शिक्षा आयोगका प्रतिवेदनहरू लगानी बढाउन सुझाव दिने तर राष्ट्रिय योजना आयोगका योजनाहरू चाहिँ सीमित लगानीमा जोडदिने क्रममा रह्यो (पोखरेल २०६९:२५५)। फलस्वरूप शिक्षा क्षेत्रमा राज्यको लगानी कूल राष्ट्रिय बजेटको अनुपातमा वर्षेनी घट्दै गयो। सामुदायिक विद्यालयमा लगानी कम र गुणस्तर पनि कम भन्ने आम मानसिकताको प्रत्यक्ष र अप्रत्यक्ष लाभ निजी विद्यालय सञ्चालकहरूले उठाउँदै गए। एकातिर शिक्षालाई सामाजिक र आर्थिक विकासको आधारशीला मान्ने र मौलिक हकको रूपमा संविधानमै सुनिश्चित गरी शिक्षा राज्यको दायित्व हो भन्ने, अर्कोतिर समुदायको आर्थिक लगानी बिना सामुदायिक विद्यालय चल्न सक्दैन पनि भन्ने व्याख्याले अभिभावक र अधिकारकर्मीलाई सधैं अल्मल्याउने काम गऱ्यो।

नेपाल सरकारले सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्तिका लागि लक्ष्य ४ (समतामूलक, समावेशी, गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त शिक्षा) मा आफ्नो प्रतिवद्धता जनाउँदै कूल राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्छु भनी अन्तर्राष्ट्रिय समुदायमा सहमति जनाएको छ। यसका साथै सत्तासीन सबै राजनीतिक दल तथा गठबन्धन तथा प्रतिपक्षीदल समेतले शिक्षा क्षेत्रमा प्रगतिशील लगानीको प्रतिवद्धता स्थानीय, प्रादेशिक तथा संघीय संसदको चुनावमा व्यक्त गरिसकेका छन्। यसको कार्यान्वयन हेर्न अझै बाँकी नै छ। अपितु थोरै साधनश्रोतमा पनि सामुदायिक विद्यालयहरूले आर्थिक सुशासन कायम राखेको देख्न भने विरलै पाइन्छ।

माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुन्छ भनी संविधानले नै मौलिक हकको रूपमा व्याख्या गरिसकेको अवस्थामा यसबाट कुनैपनि बालबालिका (चाहे धनी होस् वा गरीब) लाई विभेद गर्न पाईंदैन। सक्नेलाई पैसा तिराउनु पर्छ र नसक्नेलाई निःशुल्क शिक्षा दिनुपर्छ भन्ने सामाजिक न्यायको व्याख्याले बालबालिका माथिको विभेदलाई प्रश्रय दिन्छ। यही सेवा सुविधा, नैसर्गिक हकको प्रचलन गराओस् भनेर नै जनताले सरकारलाई कर तिरेको होइन र? एकातिर राज्यलाई त्यही सुविधा लिन कर बुझाउने अनि अर्कोतिर संविधानप्रदत्त अधिकार किनेर पाउनुपर्ने यो कस्तो जात्रा हो? यसको चपेटामा फेरीपनि त्यही हुँदा खाने र गरीबका छोराछोरी पर्दैनन् र? ल सरकार एक्लैको लगानी गर्ने हैसियत नभएको भए जनतालाई स्पष्ट भने भइहाल्यो नि! तर जनतालाई दोहोरो करको मारमा पार्ने काम सरकार पक्षबाट कदापि हुनुहुँदैन।

शिक्षामा पहुँच, गुणस्तर र सान्दर्भिकताको पक्षमा राज्य एक्लैको प्रयासले धान्न नसक्ने भए स्थानीय श्रोत साधनको

परिचालनमा ध्यान पुग्नु जरूरी छ। तर अहिलेसम्म त्यस्तो चमत्कारिक प्रयास भएको पाईंदैन। बरू हाम्रो कर्मचारीतन्त्र विदेशीसंस्थासँग हात पसारेर ऋण लिन तयार हुन्छन् तर आन्तरिक श्रोतको परिचालनमा विकल्पहरू के-के हुनसक्छन् भन्ने चिन्तन गरेको खासै पाईंदैन। यसर्थ संघीय संरचनामा अब स्थानीय सरकारहरूले आन्तरिक श्रोत साधनको परिचालन कसरी गर्न सकिन्छ भन्ने विषयलाई सामुदायिक विद्यालयमा सुशासन अभिवृद्धिको एक सूचकको रूपमा परिभाषित गर्दै लैजानु पर्ने देखिन्छ।

## अनुगमन र मूल्याङ्कन

नेपालको शैक्षिक इतिहासलाई हेर्दा विगतमा समुदायले विद्यालयमा पुऱ्याएको योगदानलाई नजरअन्दाज गर्न सकिदैन। आजपनि सयौं विद्यालय तथा शिक्षण संस्थाहरू समाजका शिक्षाप्रेमी, समाजसेवी व्यक्तिहरूको दान, चन्दा, आर्थिक सहयोग, धार्मिक प्रवचन आदिको सहयोगबाट सञ्चालनमा रहेका छन्। सार्वजनिक गुठी र गैरसरकारी संघसंस्थाहरूको योगदानलाई यहाँ विशेषरूपमा लिन सकिन्छ (शर्मा र पाण्डे २०७०)। आर्थिक योगदान त सबैको भए तर विद्यालयले प्रभावकारी रूपमा आफ्नो काम गरिरहेका छन् कि छैनन् ? नीति नियम अनुसार विद्यालय चलेको छ कि छैन ? विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्ता प्रयास भए वा समस्याहरू आए भन्ने आदि जस्ता विषयमा प्रायः सामुदायिक विद्यालयको अनुगमन हुन सकेको छैन्। यो सबै काम विद्यालय निरीक्षक तथा श्रोत व्यक्तिमार्फत बेला बखत् नभएका होइनन्। तर त्यसले विद्यालयको सुशासन कायम राख्न के भूमिका निर्वाह गऱ्यो भन्ने प्रश्न अनुत्तरित छन्। के सामुदायिक विद्यालय कर्मचारीतन्त्रमा मात्र जवाफदेही रहने संस्था हो ? त्यस्तो जवाफदेहिताले सामुदायिक विद्यालयको गुणस्तरमा परिवर्तन ल्याउँदो रहेछ त् ?

नागरिक स्तरबाट अनुगमन हुन नसक्दा सामुदायिक विद्यालय आज कसको हो भन्ने प्रश्न समेत नउठेका होइनन्। प्रशासनिक क्षेत्रमा गुणात्मक प्रभावकारी मूल्याङ्कन एवं अनुगमन, निश्चित अनुगमन सूचकको आधारमा पुरस्कार र दण्ड, संस्थागत तहमा वर्षभरिमा तोकिएको पाठहरू पढाएर सक्ने, तोकिएको निश्चित नतिजाको मूल्याङ्कन विश्लेषण, नतिजा र सिकाइ उपलब्धिका आधारमा अभिभावकसँग अन्तरक्रिया, नयाँ-नयाँ उपाय र शिक्षणविधिको खोजी जस्ता पक्षहरू विद्यालय तहको शासनमा पनि अत्यन्तै कमजोर अवस्थामा रहेको पाइन्छ (काफ्ले २०६५, पोखरेल २०६९:२६१)। यसर्थ सामुदायिक विद्यालयको नागरिक अनुगमन तथा मूल्यांकन हुन नसक्दा यसले सुशासनको प्रत्याभूति दिन सकिरहेको स्थिति छैन।

## विद्यालय सुशासनका सहभागितामूलक विधि तथा औजारहरु

### विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि

शिक्षण सिकाइमा शिक्षकको जति महत्वपूर्ण भूमिका हुन्छ, शिक्षण संस्थाको व्यवस्थापनमा व्यवस्थापन समितिको पनि त्यतिनै महत्व हुन्छ। त्यसैले व्यवस्थापन समितिका सबै सदस्यहरू सक्षम हुनु आवश्यक हुन जान्छ। सामुदायिक विद्यालयका व्यवस्थापन समितिका सबै सदस्यहरू आफ्नो काम कर्तव्य र अधिकारप्रति सचेत भएका हुँदैनन्। व्यवस्थापन समितिको सदस्य हुने बित्तिकै सबैलाई नीति नियम कानूनको ज्ञान हुन्छ भन्ने पनि छैन। तर, कानूनतः पदधारण गरिसकेपछि आफ्नो जिम्मेवारी पूरा गर्नेतर्फ आवश्यक आधारभूत ज्ञान सबैले राख्नै पर्दछ।

सक्षम र सचेत पदाधिकारीबाट मात्र उत्तरदायी व्यवस्थापनको कल्पना गर्न सकिन्छ। यसका लागि विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको सक्षमताको विश्लेषण गरी कुन-कुन विषयमा के-कस्तो प्रकारको तालिम वा अभिमूखीकरण प्रदान गर्न सकिन्छ भनेर पहिचान गर्न सकिन्छ। पहिचान गरिएका क्षेत्रमा सोही विषयका विज्ञको सहायता लिएर विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्न सकिन्छ। यसका साथै विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने विभिन्न कार्यहरूको सन्दर्भमा समितिसँगको सहकार्यमा सहजीकरण गरेर पनि क्षमता अभिवृद्धि गर्न सकिन्छ।

## सहभागितामूलक विद्यालय सुधार योजना निर्माण

विद्यालय सुधार योजना प्रत्यक्षरूपमा सरोकारवालाहरू संलग्न हुने विद्यालय शिक्षाको सबैभन्दा महत्वपूर्ण र प्रारम्भिक योजना हो। यो योजनाले स्थानीय तहमा रहेका श्रोतको पहिचान र परिचालन गर्ने कुरा समेटेका हुन्छन्। विद्यालय सुधार योजना विद्यालय तथा समुदायको शैक्षिक, भौतिक तथा सामाजिक पक्षहरूको अवस्था केलाएर आगामी पाँच वर्षमा चाहेको सुधारको अवस्थालाई परिकल्पना गरी तयार गरिन्छ।

विद्यालय सुधार योजना सबै प्रकारका सामुदायिक विद्यालयहरू (परम्परागत विद्यालयसमेत) ले अनिवार्य रूपमा निर्माण गर्नु पर्दछ। विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजना स्वीकृत गरी प्रत्येक वर्ष जेष्ठ महिनाको अन्तिम हप्ताभित्र एक/एक प्रति श्रोतकेन्द्र र स्थानीय तहमा अनिवार्य रूपमा पेश गर्नुपर्दछ। प्रत्येक वर्ष शिक्षक, विद्यार्थी र अभिभावक जस्ता विद्यालयका सरोकारवालाको संलग्नतामा सहभागितामूलक प्रगति समीक्षा र आवश्यकताका आधारमा योजना अध्यावधिक गरिन्छ। योजनामा उल्लेख गरिएका क्रियाकलापको प्राथमिकताका आधार निर्धारण गरेर योजना कार्यान्वयन र कार्यक्रमहरूको अनुगमन गर्दा मात्र निर्माण गरिएको र अद्यावधिक गरिएको विद्यालय सुधार योजनाको सार्थकता हुन्छ।

सहभागितामूलक विधि अपनाएर तयार गरिएको विद्यालय सुधार योजनाले विद्यालयका सबै सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नुका साथै कार्यान्वयको अनुगमन गर्ने र मूल्याङ्कन गर्ने क्षमताको विकास भएको पाइन्छ। सहभागितामूलक वार्षिक समीक्षा र सामाजिक लेखा परीक्षण एवं सार्वजनिक सुनुवाईका क्रममा औंल्याइएका विषयवस्तु समावेश गरेर विद्यालय सुधार योजना तयार गरिन्छ। रचनात्मक सुझावलाई योजना निर्माण प्रक्रियामा समावेश गरिँदा विद्यालयमा जवाफदेहिता प्रवर्द्धन गर्नमा यो प्रक्रिया सहयोगी हुन्छ।

विशेषगरी विद्यालयमा सिकाइ प्रक्रियालाई कसरी प्रभावकारी बनाउने, शैक्षिक उपलब्धीमा सुधार ल्याउन के-के गर्ने, विद्यालयमा सबै (बालिका, दलित, अपाङ्गता भएका लगायत सीमान्तकृत) बालबालिकाको पहुँचलाई कसरी बढाउने, विद्यालयमा लैंङ्गिक संवेदनशील तथा समावेशी संरचना कसरी तयार गर्ने, योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापनमा सबै वर्ग समुदायका प्रतिनिधिहरूको सहभागिता कसरी अभिवृद्धि गर्ने, बालबालिकाको अधिकारलाई विद्यालय शिक्षाले कसरी प्रवर्द्धन गर्ने, विद्यालयको भौतिक अवस्थामा के-कस्तो सुधार ल्याउने, शिक्षण सिकाइ प्रक्रियामा के कस्तो नवीनता ल्याउने, विद्यालय व्यवस्थापनको जवाफदेहिता वृद्धिका लागि कस्ता योजना बनाउने भन्ने जस्ता विषयवस्तु विद्यालय सुधार योजनामा समेटिनु पर्दछ।

विद्यालय सुधार योजना प्रक्रियामा अभिभावक तथा सरोकारवालाहरूको सहभागिता अत्यन्त महत्वपूर्ण रहन्छ। यसले योजना कार्यान्वयनमा सहजता प्रदान गर्दछ। विशेषगरी प्रधानाध्यापक, सबै शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सबै सदस्यहरू, विद्यालयमा क्रियाशील बालक्लबका सदस्यहरू, विद्यालय शिक्षामा सरोकार राख्ने समुदायमा विद्यमान नागरिक समाज तथा युवा समूहका प्रतिनिधिहरू, स्थानीय सरकार तथा सम्बन्धित वडा कार्यालयका प्रतिनिधिहरू, सामाजिक अगुवाहरू, स्थानीय शिक्षाप्रेमी एवं राजनीतिक दलका प्रतिनिधिहरूको सहभागितामा निर्माण गरिएको विद्यालय सुधार योजना प्रभावकारी बनाउन सकिन्छ।

विद्यालय सुधार योजना बनाउनुपूर्व विद्यालयको परिवेश विश्लेषण अत्यन्त आवश्यक हुन्छ। जसका लागि विभिन्न सहभागिमूलक विधि अपनाउन सकिन्छ। वि.सु.यो. निर्माण प्रक्रिया अन्तर्गत पछिल्लो योजनाको समीक्षा, सिकाइ उपलब्धी लगायतका तथ्यांकहरूको विश्लेषण, विद्यालय सञ्चालन अवस्थाको पुनरावलोकन, भौतिक सुविधाको लेखाजोखा, व्यवस्थापकीय प्रबन्ध आदि बारे विस्तृत

छलफल र अभिलेखीकरण आवश्यक हुन्छ। विद्यालयमा देखिएका मूख्य समस्या र समाधानका उपायहरूलाई बुँदागत रूपमा उल्लेख गरिनु पर्दछ। सुधारका उद्देश्य तथा आवश्यकता पहिचान गरी सोको प्राथमिकीकरण गरेर पाँच वर्षका लागि लक्ष्य प्राप्त गर्न आवश्यक क्रियाकलाप तथा अनुमानित बजेटको पहिचान गरिनुपर्दछ। यसका साथै पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना समेत तयार गरी विस्तृत कार्ययोजना तयार गर्नुपर्ने हुन्छ।

## नियमित शिक्षक अभिावक बैठक तथा अन्तरक्रिया

विद्यार्थीको सिकाइ उपलब्धीलाई बढाउने कुरा अभिभावकको सहयोग बिना सम्भव हुँदैन। त्यसैले विद्यालयले अभिभावकहरूसँगको अन्तरक्रिया र संलग्नतालाई महत्व दिनुपर्दछ। अभिभावकको संलग्नताले बालबालिकाको सिकाइ प्रक्रियामा सकारात्मक भूमिका निर्वाह गर्दछ। परीक्षाको रिजल्ट लिने बेलामा र विद्यार्थी भर्नाको बेलामा मात्र हुने गरेका शिक्षक अभिभावक बैठक तथा अन्तरक्रियालाई फराकिलो ढङ्गले बुझ्नु र प्रयोग गरिनु पर्दछ। विद्यार्थी भर्ना भएपछि मासिक रूपमा अभिभावक वा आम भेला गर्ने, औपचारिक तथा अनौपचारिक मञ्च प्रदान गर्ने र अभिभावकको भूमिका र सहयोगलाई सुनिश्चित गर्ने कार्यले विद्यार्थीको गुणस्तरीय शिक्षामा टेवा पुगेको देखिन्छ। विद्यालय तथा कक्षा कोठामा अभिभावकद्वारा कक्षा अवलोकन, शैक्षिक प्रदर्शनीमा सहभागिता जस्ता गतिविधिले पनि विद्यालयको गतिविधिमा अभिभावकको संलग्नता बढ्न गई सुशासन कायम राख्नमा मद्दत पुग्दछ।

## विद्यालय स्वमूल्याङ्कन

विद्यालयसँग सम्बन्धित तथ्यहरू विश्लेषण गरी विद्यालयको अवस्था मूल्याङ्कन गर्ने विधिको रूपमा स्वमूल्याङ्कनलाई प्रयोग गरिन्छ। यसबाट विद्यालयमा सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्न तथा क्रियाकलापहरूलाई प्राथमिकीकरण गर्न सहयोग पुग्दछ। यसको प्रयोगबाट विद्यालयमा तत्काल गर्नुपर्ने कार्यहरूको बारेमा विद्यालय परिवार तथा सरोकारवालाहरू बीच साझा धारणा बनाउन सहयोग पुग्नुका साथै अभिभावक तथा विद्यालयसँग सरोकार राख्ने नागरिक समूहहरूलाई अनुगमन गर्न सजिलो हुन जान्छ।

विद्यालय स्वमूल्याङ्कनका विभिन्न तरिकाहरू छन्। सहभागितामूलक औजार तथा विधिमार्फत अभिभावक तथा सरोकारवालाहरूको सहभागितामा तयार गरिएको विद्यालय स्वःमूल्याङ्कन सूची तथा अवस्थाको चित्रणबाट विद्यालयले आफ्नो जवाफदेहितालाई प्रबर्द्धन गर्न सक्दछन्। वृहत छलफल तथा अन्तरक्रियाबाट बनेका स्वःमूल्याङ्कन सूची तथा वर्तमान अवस्थालाई कोलममा आवश्यक तथ्याङ्क भरेर अभिलेख गर्न सकिन्छ। यस्ता अभिलेखलाई सबैले देख्ने ठाउँमा चार्ट वा बोर्ड बनाएर राखेमा पारदर्शिता कायम राख्न सकिन्छ। यसका साथै विद्यालयमा आउने जो कोहीले विद्यालय सुधारका लागि प्राथमिकीकरणमा परेका विषयवस्तुलाई बुझ्न र त्यसउपर अनुगमन सहयोग पुऱ्याउन मद्दत पुग्दछ।

## विद्यालयमा सामुदायिक अङ्क तालिकाको प्रयोग

सामुदायिक अङ्क तालिका भनेको सामुदायिक विद्यालय जस्तो सार्वजनिक सेवाप्रदायक संस्था वा निकायले प्रदान गर्ने सेवाबारे सेवाग्राहीले मूल्यांकन गर्ने र योजनावद्ध रूपमा सुधार गर्ने विधि तथा प्रक्रिया हो। यसमा सामुदायिक विद्यालयको शिक्षालगायत अन्य सेवासुविधाको गुणस्तर, पारदर्शिता, जवाफदेहिता, सबै वर्ग र समुदायका बालबालिकाको पहुँच, अनुकुलता, शिक्षक तथा कर्मचारीको व्यवहार, अभिभावकको भूमिकालगायत पक्षमा अभिभावक तथा विद्यालय व्यवस्थापन तथा शिक्षकहरूले अङ्क दिएर मूल्याङ्कन गरिन्छ।

यो सहभागितामूलक विधिको मूलभूत उद्देश्य अभिभावक र विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूको प्रत्यक्ष संलग्नता र अग्रसरतामा सामुदायिक विद्यालयहरूले प्रदान गर्ने शिक्षालाई पहुँचयोग्य र गुणस्तरीय बनाउनु हो। सामुदायिक विद्यालयहरू बालबालिका र अभिभावकप्रति उत्तरदायी भई सेवा दिएको तब मान्न सकिन्छ, जतिबेला

सामाजिक जवाफदेहिता, पारदर्शिता, सहभागिताजस्ता पक्ष समेटिन्छन्। यो विधिको प्रयोगले सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरको स्तरोन्नतिका लागि बढी जोड दिन्छ। मूल्याङ्कन गर्नुअघि मूल्याङ्कनका आधार तय गरिन्छ। मूल्याङ्कनका आधार बनाउन तथा अङ्क प्रदान गर्न चरणवद्ध छलफल/बैठक सञ्चालन गरिन्छ। बैठकमा सार्वजनिक शिक्षा तथा सामुदायिक विद्यालयलाई प्रदान गरिएका सुविधासँग सम्बन्धित विद्यमान नीति नियम, विज्ञको भनाइ, उपलब्ध दृश्यसामग्री र पोस्टर प्रयोग गरिन्छ। यसका साथै बालबालिका, अभिभावक तथा व्यवस्थापन समिति एवं शिक्षकहरू आफूले सेवा लिँदा वा दिँदा प्रत्यक्ष अनुभव गरेका, भोगेका, देखेका र आफूलाई लागेको अनुभूतिका आधारमा सामुदायिक विद्यालयको शिक्षाको स्तर मापन गरिन्छ।

मूल्याङ्कनका लागि तयार गरिएको विभिन्न आधारमा अङ्क प्रदान गर्दा विद्यालयबाट प्रदान गरिएको सेवाको स्तरसँग आफूले लिएको, पाएको वा दिएको सेवाको स्तर तुलना गरिन्छ। तुलना गर्दा राम्रो लागेको पक्षमा बढी अङ्क दिएर वा खुसीको चिह्नले संकेत गरिन्छ। चित्त नबुझेकामा थोरै अङ्क प्रदान गरेर वा दुःखी भएको चिह्नले संकेत गरिन्छ। अङ्क कम वा बढी दिनुको तथ्य र प्रमाण कैफियतमा खुलाइन्छ। यो प्रक्रिया अभिभावक र शिक्षक दुवै पक्षबाट अलग-अलगरूपमा अवलम्बन गरिन्छ। अलग-अलग रूपमा गरिएको मूल्याङ्कन संयुक्त समीक्षा बैठकमा प्रस्तुत गरिन्छ। दुवै पक्षको प्रस्तुति पछि मूल्याङ्कनमा किन कम वा बढी अङ्क प्रदान गरियो भनी विश्लेषण हुन्छ।

यसबाट राम्रा र सुधार गर्नुपर्ने पक्षको सूची तयार हुन्छ। सुधारका लागि विषयवस्तुका आधारमा समयसीमा तोकेर सुधार योजना तय गरिन्छ। योजना अनुरूप सुधार गर्नुपर्ने सम्बन्धित पक्षको जिम्मेवारी समेत स्पष्ट रूपमा उल्लेख गरिन्छ। यसका साथै संयुक्त अनुगमन टोली बनाएर सुधारका पहलहरू स्थानीय स्तरबाटै शुरू हुन्छन्। निर्धारित समयावधिपछि पुनः यो प्रक्रिया दोहोर्‍याइन्छ र सुधार भए नभएको पुनःमूल्याङ्कन गरिन्छ। सुधार नभएका पक्षमा के गर्न सकिन्छ भनेर सुझाव लिइन्छ र सोही बमोजिम सुधारको प्रयत्न अगाडि बढाइन्छ।

यस कार्यमा सबै सरोकारवालहरूको सहभागिता सुनिश्चित गरिने भएकोले यसमा सहभागि हुने समुदायका सदस्यहरूको सार्वजनिक शिक्षा तथा सामुदायिक विद्यालयहरूप्रति विश्वास बढ्नुका साथै अपनत्वको भावना विकास हुन्छ। सार्वजनिक शिक्षा सुधार गर्ने सम्बन्धमा देखिएका कमी कमजोरी बारे समुदाय र नागरिकका तर्फबाट सामूहिक छलफल हुने हुनाले अभिभावक र शिक्षकहरू बीच पनि सुमधुर सम्बन्ध स्थापित हुन्छ।

## सामाजिक/लेखा परीक्षण

कुनैपनि सामुदायिक विद्यालयले गरेका काम कारवाही, विद्यालयको प्रभावकारिता तथा जवाफदेहितालाई सहभागितामूलक विधिमार्फत मापन गर्न सामजिक परीक्षणहरू गरिन्छन्। विद्यालयमा हरेक वर्ष सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था शिक्षा नियमावली, २०५९ को नियम १७१ (क) ले गरेको छ। अपितु माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापनमा कस्तो ऐन नियमावली बनाउने भन्ने अधिकार स्थानीय सरकारहरूमा आइसकेको तर मौजुदा कानूनको खारेजी पनि नभएको सन्दर्भमा उल्लिखित प्रावधानहरू वर्तमान समयमा पनि आकर्षित हुने देखिन्छ। जस अनुसार हरेक विद्यालयले शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा एक सामाजिक परीक्षण समितिको गठन गर्नुपर्ने व्यवस्था रहेको छ। प्रधानाध्यापकले नियुक्त गरेको एकजना शिक्षक सदस्य सचिव रहने उक्त समितिमा एकजना महिलासहित दुई अभिभावक, विद्यार्थीहरू, सम्बन्धित वडाको वडा अध्यक्ष, स्थानीय बुद्धिजीवी रहने व्यवस्थासमेत नियमावलीले गरेको छ।

विद्यालय तहमा सामाजिक परीक्षण कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले शिक्षा मन्त्रालयद्वारा वि.सं. २०६५ सालमा सामाजिक परीक्षण निर्देशिका २०६५ समेत जारी गरेको

थियो। यस निर्देशिका बमोजिम सबै विद्यालयले आर्थिक लेखापरीक्षण समेत सामाजिक परीक्षणमा समावेश गर्नुपर्ने व्यवस्था मिलाएको छ। शिक्षाको गुणस्तर, भौतिक सुविधाको सान्दर्भिकता तथा उपलब्धता, शिक्षक र विद्यार्थीको सम्बन्ध, शिक्षक अभिभावक सम्बन्ध तथा विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूको प्रभावकारिताको लेखाजोखा गर्नु सामाजिक परीक्षण विधिका प्रमुख उद्देश्यहरू हुन्। नयाँ आर्थिक वर्षको ६० दिनभित्र सबै विद्यालयले आफ्नो सामाजिक परीक्षण सम्पन्न गराई त्यसको पन्ध्र दिनभित्र परीक्षणका क्रममा व्यक्त भएका सवाल तथा सुझावहरूलाई सम्बोधन गर्नका लागि विद्यालयको आफ्नो कार्ययोजना समेत दिइएको ढाँचामा सामाजिक परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा बुझाउनु पर्ने व्यवस्था सामाजिक परीक्षण निर्देशिका २०६५ ले गरेको छ।

सामाजिक परीक्षणको क्रममा विद्यालयले तय गरेका योजना, लक्ष्य तथा उद्देश्य बमोजिका उपलब्धिहरूलाई अभिभावक तथा शिक्षासँग सरोकार राख्ने स्थानीय अन्य सरोकारवालाहरू समक्ष प्रस्तुत गरेर छलफल गरिन्छ। यसबाट संस्थागत रूपमा सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान हुन्छ र जवाफदेहिता प्रवर्द्धनमा सघाउ पुऱ्याउँदछ। विद्यालयमा गरिने सामाजिक परीक्षणले वर्षभरी गरिएका कार्यक्रमको लेखाजोखा गर्दछ। विद्यालयप्रति विश्वास तथा अपनत्व बढाउन, अभिभावकको सशक्तीकरण गर्न तथा जवाफदेहिता प्रवर्द्धन गर्न सामाजिक परीक्षणहरूको महत्वपूर्ण भूमिका रहन्छ। सामाजिक परीक्षणका क्रममा विद्यालयले सम्पन्न गरेका कार्यक्रम, विद्यालय व्यवस्थापन समितिले गरेका महत्वपूर्ण निर्णयहरू, शैक्षिक प्रगति, सिकाइ उपलब्धीमा गरिएका पहलहरू, भौतिक अवस्था, खानेपानी तथा शौचालयको व्यवस्था, बालसहभागिताका लागि भएका प्रयासहरू लगायत विभिन्न अन्य सम्बन्धित विषयवस्तुमा आधारित रहेर समीक्षा गरिन्छ। यस्ता सहभागितामूलक समीक्षाहरूबाट सामुदायिक विद्यालयको समग्र शैक्षिक, व्यवस्थापकीय, आर्थिक, भौतिक तथा वातावरणीय सुधारमा सहयोग पुऱ्याई बालबालिकाको सिकाइको स्तरमा सुधार ल्याउन मद्दत गर्दछ।

## विद्यालय आचार संहिता

कानूनी बन्धन र नैतिक बन्धन मानव आचरणलाई नियन्त्रणमा राखि अनुशासन कायम राख्ने दुई महत्वपूर्ण औजार हुन्। नैतिकवान मानिसले मात्र कानूनी दायित्वलाई राम्रोसँग बुझ्न र परिपालना गर्न गराउन सक्दछन्। मानिसका आचरणलाई अपेक्षित बनाई साझा उद्देश्य पूरा गर्नका निमित्त के गर्ने र के नगर्ने भन्ने सवालप्रति सबै सचेत, सबैको साझा बुझाई र सार्वजनिक प्रतिबद्धताको आवश्यकता पर्दछ। जसले मानिसलाई नैतिक बन्धनमा बाँधेर राख्दछ। यो सामुहिक जवाफदेहिता र व्यक्तिगत जवाफदेहिता खुट्ट्याउनका लागि अनिवार्य हुन्छ। संस्थागत मूल्य मान्यता तथा जवाफदेहिता अनुसार संस्था सञ्चालन गर्न लिखित वा अलिखित बुँदाहरूप्रति प्रतिवद्धता गरिएका हुन्छन्। त्यस्ता बुँदाहरूलाई आचारसंहिता भन्ने गरिन्छ।

आचारसंहिताले विद्यालयका हरेक सदस्यलाई आ-आफ्नो भूमिका प्रभावकारी बनाउनका साथै आफूले गरेका कामप्रति जवाफदेही हुन सिकाउँदछ। विद्यालयको पठनपाठन प्रभावकारी बनाउन, शिक्षकको कक्षाकोठामा उपस्थितिलाई नियमित र व्यवस्थित गर्न, विद्यालयमा कुनैपनि अवाञ्छित गतिविधि हुन नदिन, विद्यालयमा अनुशासन कायम राख्न आदि आधारभूत विषयमा आचारसंहिता बनाई लागू गर्ने प्रचलन रहेको छ। मूलतः शान्तिपूर्ण वातावारणमा प्रत्येक बालबालिकाले गुणस्तरीय शिक्षाप्राप्त गर्नका लागि विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकका अधिकार र जिम्मेवारीलाई प्रष्टपार्दै विद्यालयका नीति नियम कार्यान्वयनका लागि वातवरण तयार गर्नेतर्फ आचारसंहिता केन्द्रीत रहने गरेका छन्।

शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र अभिभावकले पालना गर्नुपर्ने आचार छुट्टाछुट्टै तयार गर्न सकिन्छ। तर जसले आचारसंहिताको पालना गर्ने अपेक्षा गरिएको हो, उनीहरूकै सहभागितामा आचारसंहिता निर्माण गरिनु पर्दछ। यसबाट सम्बन्धित व्यक्तिहरूको अपनत्व महसुश भई त्यसप्रतिको उत्तरदायित्वलाई अझ मजबुत बनाउँदछ। त्यसरी सबैको सहभागितामा तयार गरिएको

आचारसंहितालाई सबैले देख्ने ठाउँमा लेखेर राख्नु पर्दछ। यसोगर्दा आचारसंहिताको अनुगमन गर्न र समीक्षा गर्न सजिलो हुनेछ। त्यसैगरी सहभागितामूलक अनुगमनमार्फत उक्त आचारसंहिता लागू भए नभएको सुनिश्चित गरिन्छ। आचारसंहिताले विद्यालयका सरोकारवालाहरूलाई जिम्मेवारी बोध गराउँदै विद्यालय सञ्चालनका लागि सक्रिय सहभागिता बढाउन सहयोग पुऱ्याउँदछ।

## नागरिक अनुगमन तथा मूल्यांकन

सँयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी घोषणापत्र, १९४८, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि, १९६६, संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लगायत विभिन्न अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरूको पक्ष राष्ट्र पनि हो नेपाल सरकार। ती सबै अन्तर्राष्ट्रिय सन्धिहरूमा शिक्षा अधिकारलाई मानवअधिकारको रूपमा सुनिश्चित गरिएका छन्। जसलाई नेपाललगायत अधिकांश मुलुकले आफ्नो राष्ट्रिय कानून तथा नीति र कार्यक्रममा समावेश गरेका छन्। शिक्षा सार्वजनिक सम्पत्ति हो। नेपालको परिवेशमा आधारभूत तथा माध्यमिक शिक्षा हरेक नागरिकको मौलिक हक हो। शिक्षाका अधिकारहरूको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने प्रमुख दायित्व राज्यको हो। नेपाली बालबालिकाले संविधानप्रदत्त मौलिक हकको उपभोग के कति गर्न सकेका छन् वा छैनन् भन्ने विषय विद्यालयमा सुशासन कस्तो छ भन्ने कुराले धेरै प्रभाव पारेको हुन्छ। यसर्थ सार्वजनिक संस्था र सरकारलाई आफ्नो दायित्वप्रति जवाफदेही बनाउन नागरिकस्तरबाट निरन्तर निगरानी र खबरदारीको आवश्यकता हुन्छ।

नागरिक अनुगमन र मूल्याङ्कनको विधि पनि जनसहभागितामा सञ्चालित सार्वजनिक विद्यालयहरूको निगरानी र खबरदारीको एउटा मोडल हो। यस्ता पहलहरूबाट विद्यार्थी, बालबालिका, समुदाय तथा स्थानीय नागरिक समाजको गुणस्तरीय शिक्षा अधिकारको वकालत गर्ने क्षमताको मात्र हैन यी आवश्यकताहरूबारे जनचेतना अभिवृद्धि गर्ने लक्ष्य लिएका हुन्छन्। त्यसकारण यो सहभागितामूलक पद्दतिद्वारा सार्वजनिक शिक्षामा देखिएका विसंगतिबारेको प्रमाण संकलनका लागि नागरिक समाजको सशक्तीकरण गर्ने विधि पनि हो।

सामुदायिक विद्यालयमा नागरिक अनुगमनको मूल अभिप्राय नै शिक्षाको गुणस्तर सुधार गर्न नागरिक समाजको सकृयतालाई बढाउनु हो। यसका साथै अधिकारमा आधारित सूचकहरूको माध्यमद्वारा नागरिकको सहभागिता अभिवृद्धि गरी शिक्षाका अधिकारहरूको अवस्था बारे स्थानीय तथा राष्ट्रिय प्रतिवेदनहरूको निर्माणमा सहयोग पुऱ्याउनु, शिक्षा क्षेत्रमा भएका सकारात्मक प्रगति तथा बाँकी रहेका चुनौतीहरूलाई पहिचान गर्नु, तथ्य प्रमाणहरू सहित प्रचार प्रसार गर्ने र विभिन्न सरोकारवालाहरूको सहभागितामा अभियान थाल्ने यस विधिको उद्देश्यहरू रहेका हुन्छन्।

यो प्रक्रिया अन्तर्गत सरोकारवालाहरू मध्येवाट प्रमुख साझेदारहरूको पहिचान गरिन्छ। बालबालिका, अभिभावक, आमा समूह, शिक्षक, समुदायका अगुवाजस्ता विद्यालयतहका सरोकारवालाहरू लगायत मानव अधिकारकर्मी, पत्रकार, शिक्षक, महिला र युवा संगठनहरू तथा गैससहरूको सहभागितालाई पनि सुनिश्चित गरिएको हुन्छ। संयोजन गर्ने, सहभागिता बढाउने तथा संगठित गर्ने बारेमा कार्यविधि बनाएर स्थानीय सहजकर्ताहरू पनि तयार गर्न सकिन्छ। त्यसैगरी यस प्रक्रियालाई स्थानीय सन्दर्भअनुकूल र सबैको स्वामित्व तथा अपनत्व बढाउन स्थानीय साझेदार तथा सरोकारवालाहरूलाई संलग्न गराउनु आवश्यक हुन्छ। सहजीकरण गर्ने संस्थाले अनुगमनमा संलग्न नागरिक/नागरिक समाज प्रतिनिधिहरूको सहभागिता र सहमतिमा शिक्षा अधिकारसम्बन्धी सूचकहरूको निर्माण गरी आवश्यक औजारहरूको चयन गर्नुपर्दछ। यसले अनुगमनमा साझा बुझाई स्थापित गर्दछ र सूचना संकलन विधिमा एकरूपता कायम राख्न सहयोग पुऱ्याउँदछ। वर्तमान परिप्रेक्षमा नेपालको संविधान २०७२ ले प्रदान गरेको शिक्षासम्बन्धी हक, बालबालिकाको हक, सामाजिक न्यायको हकअन्तर्गतका शिक्षासम्बन्धी व्यवस्था, विद्यालय क्षेत्र विकास

कार्यक्रमका सूचकहरू, दिगो विकास लक्ष्य ४ मा नेपाल सरकारले निर्माण गरेका सूचकहरू आदिलाई आधार बनाएर सूचक निर्माण गर्नसकिन्छ।

अनुगमन तथा सर्वेक्षण गरिने विद्यालयहरू छनौट गरिसकेपछि सहभागितामूलक औजारहरूको प्रयोग गरी नागरिक स्तरबाट सूचकांकको अनुगमन गरिन्छ। सरकारले गरेका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा सम्झौता कार्यान्वयनका निचोडहरू तथा आवधिक समीक्षा प्रक्रियासँग दाँजेर पनि यसलाई विश्लेषण गर्न सकिन्छ। यसरी विद्यालयबाट संकलित सूचनालाई विद्यालय, स्थानीय तह, जिल्ला, प्रदेश र राष्ट्रियतहमा विभिन्न तहमा छायाँ प्रतिवेदनको रूपमा 'नागरिक समाज शिक्षा प्रतिवेदन' तयार गर्न सकिन्छ। ती प्रतिवेदनहरूलाई शिक्षा अधिकारको सुनिश्चतता तथा सामुदायिक विद्यालयमा सुशासन अभिवृद्धिका लागि अभियान थाल्ने, प्रचारप्रसार गर्ने र विभिन्नसंस्था र सरोकारवालाहरूको परिचालन गर्नेजस्ता कामकारवाहीको आधार दस्तावेजका रूपमा प्रयोग गर्न सकिन्छ।

## सार्वजनिक सुनुवाई

सार्वजनिक चासोका विषय वा सवालमा सर्वसाधारण जनता, अधिकारग्राही, सरोकारवालाहरू तथा सम्बन्धित सार्वजनिक संस्था वा निकायका सेवाप्रदायकहरू बीच सार्वजनिक स्थानमा हुने खुला छलफललाई सामान्यतयाः सार्वजनिक सुनुवाई भनेर बुझिन्छ। यस्ता सार्वजनिक सुनुवाईहरू समुदायतहमा औपचारिक कार्यक्रमको रूपमा सञ्चालन गरिन्छ। यस्ता खुला छलफलहरूले विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, बालबालिका तथा सर्वसाधारण जनतालाई एकैठाउँमा भेला भई शिक्षासम्बन्धी सूचना तथा विद्यालय शिक्षाको अनुभव साट्ने राम्रो अवसर सिर्जना गर्दछ। यस्ता छलफलहरूमा सम्बन्धित सामुदायिक विद्यालयको सेवाक्षेत्र भित्रपर्ने समुदायमा रहेका सबै जनतालाई सहभागिताका लागि खुला निमन्त्रणा हुने गर्दछन्। सुशासन अभिवृद्धि गर्ने यो विधिले सर्वसाधारण जनतालाई विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूबीच आफ्नो विचार, सरोकार तथा गुनासो राख्ने अवसर प्रदान गर्दछ। यसका साथै, लाभान्वित समुदायको आँखाबाट सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर, प्रभावकारिता, सान्दर्भिकतालाई लेखाजोखा गर्न समेत यो विधि उपयोगी हुन्छ। अर्कोतिर, अभिभावक तथा सर्वसाधारण जनताको विद्यालयप्रतिको दृष्टिकोण, सन्तुष्टिको स्तर थाहा पाउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूले अवसर पाउँदछन्। सामुदायिक विद्यालयहरूमा पारदर्शिता, उत्तरदायित्व, जनताको सहभागिता तथा स्थानीय नागरिकप्रति जवाफदेहिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाईलाई एक महत्वपूर्ण विधिको रूपमा लिइन्छ। यसप्रक्रियामा सर्वसाधारण जनताले प्रत्यक्षरूपमा आफूलाई लागेका प्रश्नहरू विद्यालय अधिकारीहरूलाई सोध्न, आफ्नो सरोकारहरूलाई आवाज दिन, समस्या समाधानका वैकल्पिक उपायहरू सुझाउने अवसर प्राप्त गर्दछन्। नागरिक सुनुवाई वा सामुदायिक सुनुवाईजस्ता नामले समेत सार्वजनिक सुनुवाईलाई विभिन्न परिवेशमा विभिन्न तरिकाले प्रयोगमा ल्याइएको पाइन्छ।

स्थानीय स्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनुपर्ने व्यवस्था सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० ले गरेको छ। सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गर्नु पर्नेछ।

यसका साथै सोही ऐनको दफा ३१ ले गुनासो व्यवस्थापनको समेत व्यवस्था गरेको छ। यस दफाबमोजिम सरकारी निकाय एवं कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका

राख्नुपर्नेछ। गुनासो पेटिकामा जोसुकैले गुनासो पेश गर्न सक्नेछन्। गुनासो व्यवस्थापन गर्नका लागि सम्बन्धित सरकारी निकाय एवं कार्यालयका जिम्मेवार अधिकृतले प्रत्येक तीन दिनमा एकपटक अन्य कर्मचारीको रोहवरमा गुनासो पेटिका खोल्नु पर्नेछ र सो पेटिकामा प्राप्त भएका गुनासो तथा सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न आवश्यक कारबाही गर्नुपर्नेछ।

## अवसर र चुनौतीहरु

नयाँ संविधानको कार्यान्वयनसँगै देश संघीय संरचनामा प्रवेश गरिसकेको छ। संविधान बमोजिम विद्यालय शिक्षाको दायित्व स्थानीय सरकारहरूको मातहतमा आउने क्रम जारी छ। यसलाई राम्रो संकेत मान्न सकिन्छ। विद्यालय शिक्षामा सुशासनको अवस्थामा कस्तो रूपान्तरण ल्याउन सकिन्छ भनि स्थानीय सरकारले आफ्नै ऐन, नियमावली जारी गर्ने अधिकार राख्दछ। यसको सफल प्रयोग स्थानीय समुदायका लागि ठूलो अवसर हुनसक्दछ।

यसका साथै प्रायः सबै राजनीतिक दल तथा नागरिक समाज सार्वजनिक शिक्षाको सुदृढीकरणको पक्षमा उभिनु पनि प्रगतिशील शिक्षा नीति निर्माणमा अवसर सावित हुन सक्दछन्। राजनीतिक प्रतिबद्धता खाली ओठे प्रतिवद्धतामै सिमित भयो भने चाहिँ सामुदायिक विद्यालयहरू फेरी ठूलो दुर्घटनातर्फ जाने सम्भावनालाई भने आंकलन गर्न गाह्रो पर्दैन। यसैको निगरानी, खबरदारी तथा सुशासनका लागि साझेदारी गर्न नागरिक समाज संस्थाहरू हरबखत तयार रहनु पर्दछ।

लामो समय केन्द्रीकृत अवस्थामा हुर्किएको हाम्रो मानसिकता र प्रशासनिक संयन्त्र सामुदायिक विद्यालयको सुदृढीकरणमा चुनौतीका रूपमा देखिन्छन्। यस्तो प्रवृत्तिले सधैं नागरिकको सहभागितालाई वेवास्ता गर्दछ। त्यसकारण संरचनासँगै आचरण र प्रवृत्तिको पनि रूपान्तरण आवश्यक देखिन्छ। यसकालागि पनि नागारिकहरू संगठित हुन र सामाजिक अभियानमा निरन्तर सहभागी हुनु आवश्यक छ।

स्थानीय पालिकाहरूनै जनताका लागि भौतिकरूपमा सबभन्दा नजिकका सार्वजनिक संस्था हुन्। तर ग्रामीण बालबालिकाका शिक्षामा दिगो सुधार ल्याउने अभिप्रायबाट योजना बनाउन र कार्यान्वयनमा ल्याउन सम्भाव्य, उत्तरदायी र पारदर्शी संस्थाको रूपमा स्थानीय पालिकाहरूको विकास गर्ने प्रयास भएन भने त्यसले विद्यालयको सुशासनमा चुनौती थपिन्छन्। यसर्थ स्थानीय पालिकाहरूको सशक्तीकरण गर्दै प्राविधिक र अन्य श्रोतउपर पहुँच पाउने आवश्यकतालाई सहजीकरण गर्न प्रदेश र संघीय सरकार तयार रहनु उत्तिकै आवश्यक देखिन्छ। संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न बनाए तापनि व्यवहारमा भने संघ र प्रदेशको मातहतमा राख्ने प्रयास भए त्यसले समुदायिक विद्यालयमा सुशासन दिन सक्दैन।

स्थानीय पालिकाहरूमा हुनसक्ने चरम दलीय राजनीतिक हस्तक्षेपलाई पनि चुनौतीको रूपमा हेर्न सकिन्छ। जसको प्रतिविम्ब हालको शिक्षक व्यवस्थापनमा देखिन् थालेका छन्। बालबालिकाको गुणस्तरीय शिक्षा पाउने अधिकारलाई केन्द्रमा राखेर यस्ता समस्याको युक्तिसंगत समाधान गरिनु पर्दछ। यस्ता जटिल विषयमा नागरिक समाजको भूमिका अझ बढ्ने देखिन्छ।

वर्तमान परिवेशमा स्थानीय स्तरमा देखिएको मूल चुनौती सामुदायिक विद्यालयहरूमा गर्नुपर्ने सार्वजनिक वित्तीय लगानी र त्यसको कुशल व्यवस्थापन हो। जसको लागि स्थानीय सरकारले के कस्तो प्रबन्ध मिलाउने हो ? प्रदेश र संघीय सरकारले कसरी सहयोग गर्ने हो भन्ने विषयमा स्पष्टता ल्याउनु तत्कालको लागि महत्वपूर्ण विषय बनेको छ। स्थानीय सरकारले विभिन्न प्रकारका शिर्षकमा कर उठाउन सक्दछन्। स्थानीय सरकारले लिएका सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन कर, सवारी साधान कर, भूमि कर, मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर तथा स्थानीय तहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानून तथा अन्य प्रचलित कानून बमोजिम लगाएका कर बाट सार्वजनिक शिक्षमा प्रगतिशील लगानी गर्न पर्याप्त अवसरहरू संविधानले दिएको छ। यसको सही सदुपयोगमा

नागरिकले आफ्नो सरोकार राख्न र पैरवी गर्न सक्दछन् । त्यसै गरी स्थानीय सरकारले संघ र प्रदेश सरकारबाट प्राकृतिक श्रोत तथा मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट प्राप्त राजश्वको बाँडफाँडबाट पनि रकम प्राप्त गर्न सक्दछन् । यस बाहेक वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानस्वरूप स्थानीय तहले संघ तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गर्नसक्ने अवस्थालाई विद्यालय सुशासन अभिवृद्धि गर्ने अभियानमा अवसरको रूपमा हेर्न सकिन्छ ।

## उपसंहार

सार्वजनिक संस्थाको रूपमा रहेका सामुदायिक विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गर्नेतर्फ बालबालिका र अभिभावकप्रतिको आफ्नो जवाफदेहिता विद्यालय सुशासनको आधारभूत शर्त हो। यसका लागि स्थानीय, प्रादेशिक तथा संघीय तहमा मुलुकको शासन व्यवस्थाको स्थितिका सम्बन्धमा स्वतन्त्र नागरिक समाजका तर्फबाट नियमित अनुगमन गरिनु आवश्यक देखिन्छ। जब प्रत्येक नागरिक सार्वजनिक शिक्षा सुदृढीकरणको अभियानमा सहभागी बन्ने अवसर पाउँछन् त्यसबाट शैक्षिक सुशासनमा तिब्रता आउने मात्र होइन कि जनतामा सार्वजनिक शिक्षाप्रतिको विश्वास सुदृढ हुनेछ र राज्य र नागरिक बीचको सम्बन्धमा सुधार हुनेछ। जनताको उर्लदो आकांक्षा र सरकारको कार्यसम्पादनको स्तरबाट जनतामा व्याप्त नैराश्यताको कारण अधिकारको प्रभावकारी निक्षेपणको माध्यम स्थानीय तहमा लाभान्वित जनसमुदाय स्वयंलाई सशक्तीकरण गर्नु जरूरी छ।

प्रशासनको केन्द्रीकरणको स्वरूपले गर्दा, स्थानीय तहमा रहेका सरकारी कर्मचारी तथा शिक्षकहरू जो स्थानीय समुदायको माझ रहन्छन् तर केन्द्रबाटै निर्देशित हुन चाहन्छन् । यस्तो अवस्थामा स्थानीय सरकार र समुदायप्रति जवाफदेही हुनुपर्ने आवश्यकता विरलै रहन्छ। परम्परागत तवरमा ठालूहरूले चलाइआएका अचुनौतीपूर्ण प्रथा अहिले पनि स्थानीय कर्मचारी र राजनीति दलका नेताहरूमा नदेखिएका होइनन्। समाजमा अन्य प्रतिस्पर्धी स्वार्थ वा प्रभावको कारण जब उनीहरूलाई खतरा महशुस हुन्छ, तब फेरी सर्वदलीय बैठकको नाममा नागरिकका स्वतन्त्र अधिकारहरू कुण्ठित गर्ने प्रयास हुन सक्छन्। यस तर्फपनि सचेत प्रयासहरू हुनु आवश्यक देखिन्छ। जबसम्म सामुदायिक विद्यालयहरूलाई दलीय राजनीतिक स्वार्थबाट मुक्त गर्न सकिदैन, तबसम्म विद्यालयले सुशासनको प्रत्याभूति दिन सक्दैनन्। स्थानीय सरकारको अधिकारमूखी सोंच, प्रगतिशील लगानी, जवाफदेही व्यवस्थापन, उत्तरदायी नेतृत्व र सचेत नागरिक सहभागिताबाट मात्रै सामुदायिक विद्यालयमा सुशासन सम्भव देखिन्छ ।

## सन्दर्भ र सामग्रीहरु


- *अधिकारी, धनञ्जय शर्मा (२०६९) असल नागरिक निर्माणमा अभिभावकको भूमिका। मान्नमी, वर्ष १, अंक १ बैशाख २०६९, ललितपुर : रूपान्तरण नेपाल, पेज ५७-६१*
- *एक्सनएड नेपाल (२०६८) विद्यालय शिक्षाका दश अधिकारहरू : अनुगमन तथा प्रवर्द्धन श्रोत पुस्तिका, काठमाडौं : एक्सनएड नेपाल*
- *एनसिई नेपाल (२०७४) आ.व. २०७४/७५ को बजेटमा शिक्षा : एक विश्लेषण, काठमाडौं : शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)*
- *एजुकेशनल पेजेज र एक्सनएड नेपाल (२०७४) स्थानीय तहको शिक्षा अधिकार र दायित्वसम्बन्धी नीतिगत व्यवस्था, काठमाडौं : एजुकेशनल पेजेज र एक्सनएड नेपाल*
- *कार्की, विष्णु (ई.सं. २००९) शिक्षामा राजनीति। राजन शर्माद्वारा सम्पादित, विद्यालय क्षेत्र सुधार : छानिएका नौ मुद्दा, काठमाडौ : कर्सन फर सोसल अफेयर्स नेपाल, पेज ८५-९०*

- कोइराला, विद्यानाथ (ई.सं. २००९) सुशासनको आँखामा विद्यालय सुधार योजना। राजन शर्माद्वारा सम्पादित, विद्यालय क्षेत्र सुधार : छानिएका नौ मुद्दा, काठमाडौ : कर्सन फर सोसल अफेयर्स नेपाल, पेज ४१-४५
- ग्रामीण विकास प्रतिष्ठान/नेपाल (२०५७) नेपालमा सुशासन : पाँचथर र कन्चनपुर जिल्लाहरूको अध्ययनको आधारमा गरिएको समीक्षा, काठमाडौं : ग्रामीण विकास प्रतिष्ठान/नेपाल
- गैरे, राम ( ) दिगो विकास लक्ष्यमा शिक्षा, काठमाडौं : शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)
- चलाउने, भवानसिंह (२०७३) संघीय नेपालमा शिक्षा : सार्वजनिक शिक्षाको सञ्चालन र व्यवस्थापनको भावी दिशा। दिनेश श्रेष्ठद्वारा सम्पादित, सहभागितामूलक लोकतन्त्र र स्थानीय आयाम, काठमाडौं : हाम्रो अभियान, पूर्वाञ्चल र फोरम फर पार्टीसिपेटरी डेमोक्रेसी, पूर्वाञ्चल, विराटनगर, पेज १७५-१८९
- जोशी, राजेन्द्रध्वज (२०७४) सामुदायिक शिक्षा सुधार्ने अभिभारा। सन्दर्भ पुस्तक : विद्यालय शिक्षामा स्थानीय सरकार, काठमाडौं : शिक्षा नीति तथा अभ्यास केन्द्र, पेज ४४-४८
- पोखरेल, सरोज (२०७०) विद्यालयलाई प्रभावकारी बनाउने उपाय (विद्यालय सरोकारवालाका लागि हाते पुस्तिका), काठमाडौं : एक्सनएड नेपाल
- पोखरेल, ईश्वरीप्रसाद (२०६९) नेपाली शैक्षिक प्रणालीका स्वरूपहरू : व्यावहारिक विश्लेषण, काठमाडौं : एसिया पब्लिकेसन्स् प्रा.लि.
- पोखरेल, ईश्वरीप्रसाद (क) (२०६९) शिक्षा दर्शन र सामाजिक रूपान्तरणका मुद्दा, काठमाडौं : शिक्षा-परीक्षा सामग्री केन्द्र
- वाग्ले, मनप्रसाद (२०७४) संविधानमा शिक्षासम्बन्धी प्रावधानहरू : वर्तमान सन्दर्भमा स्थानीय सरकारको दायित्व र केही देशका अनुभवहरू, काठमाडौं : शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)
- शर्मा, महाश्रम र पाण्डे, रोजनाथ (२०७०) विद्यालय शिक्षाको व्यापकता र गुणस्तरीयतामा राज्यको भूमिका। बहसमा सार्वजनिक शिक्षा, काठमाडौं : एनसिइ नेपाल, पेज २७
- शिक्षा विभाग (२०७१) विद्यालयहरूको सामाजिक परीक्षण (क्यअर्धा ब्गमस्त) गर्ने सम्बन्धी निर्देशिका २०६५ (पहिलो संशोधन २०७१ सहित), भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग
- शिक्षा विभाग (२०७४) विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४, भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग
- शिक्षा विभाग (२०६२) फ्लास २ रिपोर्ट २०७२ (२०१५-०१६), भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग
- शिक्षा विभाग (२०६८) समुदायद्वारा व्यवस्थित विद्यालयहरूले गरेका सफल अभ्यासको संगालो, भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग
- शिक्षा मन्त्रालय (२०६८)विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८, काठमाडौं : नेपाल सरकार, शिक्षा मन्त्रालय
- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- शिक्षा ऐन, २०२८ (आठौं संशोधन सहित)
- शिक्षा नियमावली, २०५९
- सामाजिक परीक्षण निर्देशिका २०६५
- *Public Audit Guideline, 2067, Ministry of Local Development*
- *AIN (2010). Guidelines for Social Audit, Kathmandu: Association of International NGO in Nepal (AIN), Capacity Building Working Group (CBWG)*
- *Boven, M. (2005). The Oxford Handbook of Public Management, Oxford: Oxford University Press*
- *ACORAB (2013). Public Hearing and Social Audit Implementation Guideline, Kathmandu: Association of Community Radio Broadcasters Nepal*
- *MoE (2016). School Sector Development Plan, Nepal, 2016–2023. Kathmandu: Ministry of Education, Government of Nepal.*

# विद्यालय सुशासनका लागि सामुदायिक सहभागिता र सरोकारवालाहरूको भूमिका

–डा. भोलाप्रसाद दाहाल *
–दल बहादुर सुनार *

## सुशासन (Governance)

विश्वमा Governance अर्थात सुशासन शब्दको प्रयोग सर्वप्रथम १९८० को दशकको उत्तरार्द्धमा राजनीतिक र सामाजिक विज्ञानका केही पक्षहरुका साथै मूलतः आर्थिक क्षेत्रको सुदृढीकरणका लागि भएको पाईन्छ। सुरुमा शासनलाई राष्ट्रिय मामिलाहरुको व्यवस्थापनका लागि प्रयोग गरिने राजनीतिक शक्ति भनि परिभाषित गरियो। पछि विश्व बैंकले ८० को दशकमा शासनलाई विकासका लागि देशको आर्थिक र सामाजिक श्रोतहरुको व्यवस्थापन गर्न अभ्यास गरिने शक्तिका रुपमा व्याख्या गऱ्यो। यसैगरी सबै क्षेत्रमा समुन्नत व्यवस्थापकीय विकासलाई सुशासन भनियो।[1] व्यवहारतः आर्थिक अनुशासन पालना र संस्थागत उपलब्धी हासिल गर्न गरिने अभ्यास वा शक्तिको प्रयोग नै सुशासन हो। सुशासन एउटा अवधारणा हो र कामकाजी भाषामा यसको अर्थ सबै राम्रा कार्यहरुको समष्टिगत रुप "Good Things" हो।[2] राज्यसंयन्त्रको विकास क्रमसँगै यसको परिभाषा र बुझाईमा पनि व्यापकता आयो। विश्व बैंक, संयुक्त राष्ट्रसंघ, आर्थिक सहायता तथा विकास संगठन (OECD) लगायतका निकायहरुले आर्थिक अनुशासन, पारदर्शिता तथा जवाफदेहिताका अतिरिक्त प्रजातान्त्रिक सुशासन र मानवाधिकार तथा राजनीतिक सँस्कारलाई सुशासनको दायरामा राखेको पाईन्छ।[3] सुशासन भन्नाले सम्बद्ध पक्षहरूद्वारा प्रजातान्त्रिक पद्दतिको सञ्चालन, कार्यान्वयन र प्राप्त उपलब्धीको समष्टिगत स्वरूपलाई बुझिन्छ। सुशासन कुनै पनि संस्था, व्यवस्था वा पद्दतिभित्र निर्णय गर्ने र ती निर्णयको कार्यान्वयन गर्दा अपनाइने चरण र प्रक्रियामा निहित हुन्छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले सुशासनका सिद्धान्तहरु[4] अन्तर्गत निम्न पक्षहरुलाई समेटेको छ :

- सहभागिता र समावेशीकरण
- जवाफदेहिता र कानुनी शासन
- भेदभावरहित र समानता

माथि उल्लेखित आधारहरु राज्यका हरेक निकायमा अभ्यास गरिएको हुनुपर्दछ भने यिनको सुनिश्चितताले सुशासन भएको भन्ने बुझिन्छ। राज्य भन्नाले कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र नागरिक समाजको समष्टिगत रुप हो। यी सबै निकाय र क्षेत्रमा सुशासन अपरिहार्य छ।

## विद्यालय सुशासन

शिक्षामा सुशासन भन्नाले विद्यालयमा शैक्षिक सेवा प्रवाह गर्दा अपनाइने वा लिइने नीति, निर्णय, र तिनको कार्यान्वयनमा संस्थागत स्थायित्व, सहभागितात्मक, समावेशी, भेदभावरहित र जवाफदेहिता हुनुपर्दछ। शिक्षाविद् मनप्रसाद वाग्ले (२०१८) भन्नुहुन्छ, "अनुसार कुनै पनि संस्थाको प्रशासन अन्तरसंस्था सम्बन्धबाट सुदृढ पार्ने अवधारणा नै सुशासनको मूल मर्म हो।" विश्व बैंकका अनुसार, सुशासन भन्नाले जिम्मेवारी, अभ्यास, नीति तथा प्रक्रियाहरुको समूह हो जसले कुनै एक संस्थालाई आफ्ना उद्देश्य प्राप्त भए नभएको र श्रोतको जिम्मेवारी र जवाफदेहिपूर्वक उपयोग भए नभएको सुनिश्चित गर्न रणनैतिक दिशा प्रदान गर्दछ।

[1] *World Bank's publication 'Governance and Development is its first publication to define the concept of governance and good governance, and materialize the concept in the field of institutional development, particularly, financial and other banks.*
[2] *Rachel Gisselquist (2012); What does Good Governance mean?, Article, United Nations University, Tokyo, Japan*
[3] *Rachel Gisselquist (2012); What does Good Governance mean?, Article, United Nations University, Tokyo, Japan*
[4] *UNDP (2011); (Towards human Resilience…); Governance Principles, Institutional Capacity and Quality, New York, USA*



* *लेखक : डा. भोलाप्रसाद दाहाल, शिक्षाविद् तथा हाल सर्च फर कमन ग्राउण्ड नेपालमा राष्ट्रिय निर्देशकका रुपमा कार्यरत हुनुहुन्छ।*
* *लेखक : श्री दल बहादुर सुनार, शैक्षिक अभियन्ता तथा हाल सर्च फर कमन ग्राउण्ड नेपालमा कार्यरत हुनुहुन्छ।*

शैक्षिक सुशासनको कुरा गर्दा शिक्षा प्रदान गर्ने संस्थाले आन्तरिक र बाह्य दुवै रूपमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न अवलम्बन गर्ने नीति तथा प्रक्रियाहरु पर्दछन् । विद्यालयले लिने निर्णय प्रक्रियामा सम्बन्धित पक्षहरूको सहभागिता भए नभएको, कार्यान्वयनकर्ता जवाफदेही भए नभएको, निर्णय, कार्यान्वयन र उपलब्धीहरूका बारेमा सूचनाको प्रवाह गरे नगरेको जस्ता विषयहरूले उक्त विद्यालयको सुशासनको अवस्थालाई झल्काउँछ । विद्यालय सुशासन र नेतृत्व एक अर्काका पूरक हुन् । सबल नेतृत्वले विद्यालयको आन्तरिक सुशासन कायम गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । स्किमाङ्क (२००७) का अनुसार, "विद्यालय सुशासन भन्नाले जटिल बहुस्तरीय संरचनाभित्र विभिन्न सरोकारवालाहरू बीचको कार्यहरुको संयोजनबाट प्राप्त उपलब्धीलाई विद्यालयले कसरी संस्थागत र रूपान्तरण गर्न सक्दछ भन्ने हुन्छ ।" उनका अनुसार सुशासन भन्नाले कुनै कार्यको संयोजन अर्थात् Coordination of actions हो । शैक्षिक उपलब्धी हासिल गर्न कार्य सम्पादन गर्दा लिइने निर्णय र अपनाइने कार्यान्यवयन प्रक्रिया सहभागितामूलक हुनुपर्ने, कार्यान्वयन पक्ष उत्तरदायी र जवाफदेही हुनुपर्ने तथा त्यसको सूचना प्रवाह र व्यवस्थापन पक्ष पारदर्शी र दूरगामी हुनुपर्ने हुन्छ । यी सम्पूर्ण प्रक्रियाको संयोजनकारी भूमिका र सरोकारवालाहरुको उपस्थिति, अपनत्व र सहकार्यको अवस्थालाई एकमुष्ट रूपमा विद्यालयको सुशासन अर्थात् School Governance मानिन्छ ।

## अन्तर्राष्ट्रिय परिवेश

सन् १९८० को दशकपछि विश्वका धेरै राष्ट्रहरुमा विद्यालय शिक्षामा पुनर्संरचना गरी विद्यालयलाई अधिक स्वायत्तता दिने र विद्यालय व्यवस्थापनका माध्यमबाट निर्णय प्रक्रियालाई विकेन्द्रीकरण गर्ने प्रक्रियाको थालनी भएको थियो ।[5] यसैताका अमेरिका, अष्ट्रेलिया, दक्षिण अफ्रिका लगायत OECD राष्ट्रहरुमा विद्यालयलाई स्वायत्त बनाउने र विद्यालयको शासकीय अधिकार विद्यालयमा अभिभावकहरुमध्येबाट निर्वाचित भई आएका प्रतिनीधिलाई (School Governing Body) विद्यालयको शासकीय जिम्मेवारी दिइयो । विश्व परिवेशको झण्डै २२ वर्षपछि नेपालमा विद्यालय व्यवस्थापन समितिको गठनमार्फत शिक्षाको विकेन्द्रीकृत व्यवस्थाको अभ्यास गर्न सुरु गरियो ।

विद्यालयको सुशासन विद्यालयको स्वायत्ततासँग जोडिएको हुन्छ ।[6] कुनै एउटा विद्यालयले आफ्ना आन्तरिक प्रशासन, आर्थिक व्यवस्थापन तथा सामाजिक सम्बन्ध सुधारका लागि लिने निर्णयहरुमा उक्त विद्यालय कत्तिको स्वायत्त छ भन्नेमा सुशासन निर्भर गर्दछ । त्यसैगरी ती निर्णय लिने प्रक्रिया कत्तिको समावेशी र सहभागितामूलक छ भन्ने सुशासनको अर्को पाटो हो । OECD आबद्ध राष्ट्रहरूका विद्यालयमा गरिएको अध्ययन अनुसार मकाउ (चीन), नेदरल्याण्ड्स, चेक रिपब्लिक र संयुक्त अधिराज्यका विद्यालयहरुलाई विद्यालयको आन्तरिक श्रोत निर्धारण (व्यवस्थापन) को जिम्मेवारी धेरै प्रदान गरिएको छ भने टर्की, ग्रीस, अल्बानिया, इटाली, जर्मनी, रोमानिया, अष्ट्रिया, फ्रान्स र जोर्डन लगायतका देशहरुमा थोरै छ ।[7] विद्यालय शिक्षा व्यवस्थापनका लागि नेपाल लगायत दक्षिण एसियाका सबै देशमा विद्यालय व्यवस्थापन समिति गठन र परिचालन गर्ने गरिन्छ । उत्कृष्ट शिक्षा प्रणाली भएको देश बेलायतमा विद्यालय तथा शैक्षिक नेतृत्व प्रधानाध्यापकले र अन्य प्रशासनिक कार्यमा सहयोग र अनुगमन विद्यालय व्यवस्थापन समितिले गर्दछ । School Governing Body अर्थात् नगरर/गाउँ शिक्षा समितिले सम्पूर्ण विद्यालयको प्रशासनिक तथा शैक्षिक सहयोग, अनुगमन, नियमन गर्ने गर्दछ ।[8]

## विद्यालय शासन सुधारमा सरकारी प्रयास

नेपालमा विद्यालय सुशासन कायम गर्न प्रत्यक्ष परोक्ष प्रयासहरु हुँदै आएका छन् । विद्यालयीय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन विभिन्न आयोगको गठन र तिनले दिने

[5] *UNESCO (2005); Educational decentralization and school governance in South Africa:from policy to practice, Paris*
[6] *@2015 OECD; Organization for Economic Cooperation and Development; School Governance, Assessments and Accountability.*
[7] *OECD, PISA 2012.*
[8] *Governance handbook; Department of Education;2015; United Kingdom; London*

सुझावलाई शैक्षिक नीति निर्माणको आधार मानिएको छ । तथापी ति आयोगहरू र तिनले पेश गर्ने प्रतिवेदनहरु परिवर्तित राज्य व्यवस्थालाई जनतामाझ अनुकुलन गर्नमा सहयोगी भएको देखिन्छ । विद्यालय शिक्षालाई स्वशासित बनाउन सके व्यवस्थापनमा सहजता आउने र अन्ततोगत्वा त्यसले सुशासन कायम गर्ने नीति अनुरुप सरकारले नवौं पञ्चवर्षीय योजना (1996–2001) र शिक्षा ऐन सातौं संशोधनमार्फत शैक्षिक संस्थाहरुको व्यवस्थापन र संचालन प्रक्रियामा अभिवृद्धि ल्याउन विकेन्द्रीकरणको नीति आफ्नो योजनामा राख्यो । यसलाई स्थानीय स्वायत्त शासन ऐन (1999) ले कार्यान्वयन गऱ्यो । सो ऐनको विकेन्द्रीकरणको नीति अनुरुप विश्व बैंकबाट सहयोग प्राप्त सामुदायिक विद्यालय सहयोग कार्यक्रम (CSSP) अन्तर्गत सरकारीस्तरबाट व्यवस्थापन हुँदै आएका विद्यालयलाई समुदायको अपनत्व वृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन समुदायमा नै विद्यालय व्यवस्थापन हस्तान्तरण गरिएको थियो ।[9] यसरी समुदायमा हस्तान्तरित विद्यालय सञ्चालन र व्यवस्थापनका लागि सोही विद्यालयको समुदायबाटै विद्यालय व्यवस्थापन समिति गठन गरी सञ्चालनको थप जिम्मेवारी दिइयो ।

यसैगरी विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९-२०१५) ले पनि शैक्षिक व्यवस्थापनलाई स्थानीय स्तरमै सबलीकृत गर्न सरोकारवालाको क्षमता अभिवृद्धिको प्रक्रियालाई निरन्तरता दियो । विद्यालय व्यवस्थापन समिति नै विद्यालयस्तरमा विद्यालय प्रशासन, नीति र कार्यक्रमहरुको अनुगमन गर्ने प्रमुख अंगको रुपमा कार्यरत रह्यो र रहँदै आएको छ । यसैगरी तहगत नीति निर्माण र तिनको कार्यन्वयनको अनुगमन गाउँ शिक्षा समिति र जिल्ला शिक्षा समितिले गर्ने व्यवस्था आयो । वि.स. २०६२/६३ को दोश्रो जनआन्दोलनपछि देशको राजनीतिक र प्रशासनिक संरचना परिवर्तनसँगै शैक्षिक व्यवस्थापन र जिम्मेवारीमा पनि परिवर्तन आएको छ । शिक्षा ऐन आठौं संशोधनले विद्यालय व्यवस्थापन समिति गठनको नयाँ मापदण्ड निर्धारण गरे लगत्तै पुरानो आधारमा गठित सबै समितिहरु विघटित भए र नयाँ बन्ने प्रक्रिया सुरु भयो । यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६-२०२३) ले स्थानीयस्तरमा विद्यालयको व्यवस्थापन, शैक्षिक गुणस्तर तथा सुशासन कायम गर्न विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार र दक्ष बनाउने लक्ष्य तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । विद्यालय व्यवस्थापन समितिलाई सुशासन, शैक्षिक गुणस्तर र योजना निर्माणमा शिक्षक अभिभावक संघ र प्रअले सहयोगी भूमिका खेल्नुपर्ने उल्लेख छ । साथै SSDP ले नमूना विद्यालयको अभियानसँगै सबै विद्यालयलाई उच्चतम स्वायत्तता प्रदान गर्नुपर्ने औंल्याएको छ ।

नेपाल सरकारले सुशासन ऐन, २०६४ लागु गरी हरेक निकाय, कार्यक्षेत्रमा पदीय जिम्मेवारी निर्धारण गरी सुशासन कायम गर्ने प्रशंसनीय कार्य गरेको छ । त्यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सेवाग्राहीको सूचनाको हक सुनिश्चित गर्दै हरेक निकायले सेवाग्राहीसँग सम्बन्धित सूचना प्रदान गर्ने व्यवस्था गरेको छ । यसले शैक्षिक संस्थाबाट अभिभावक र विद्यार्थीले पाउनुपर्ने सूचनाको हकलाई ग्यारेन्टी गरेको छ । सुशासनको अभिन्न पाटो नियमन, अनुगमन र मूल्याङ्कन हो । विगतमा नेपालको शैक्षिक संरचना केन्द्रीकृत थियो । योजना निर्माणको जिम्मेवारी स्थानीयस्तरमा रहे पनि विशेषगरी बजेटको पूर्णाधिकार मन्त्रालय, विभाग हुँदै जिल्ला शिक्षा कार्यालयमा सीमित थियो । जिल्लास्तरमा जिल्ला शिक्षा कार्यालय नै प्रमुख शैक्षिक प्रशासनिक निकायको रुपमा रहेको थियो । स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले विद्यालयको व्यवस्थापन, नियमन, अनुगमन कार्य स्थानीय सरकारलाई प्रदान गरेको छ । यसर्थ संघीय संविधान र नयाँ राजनीतिक प्रशासानिक व्यवस्था अनुसार शैक्षिक योजना निर्माणदेखि बजेटको बाँडफाडको अधिकार र त्यसको कार्यान्यिन पनि स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखिएको छ ।

[9] *https:®®reliefweb.int®report®nepal®nepal-community-run-schools-make-progress*

## विद्यालय सुशासनको अवस्था

विद्यालय सुशासनका महत्वपूर्ण मापदण्डहरूः- सहभागिता, जवाफदेहिता, पारदर्शिता र व्यवस्थापन हुन् ।[10] निरन्तर रुपमा ओरालो लागेको विद्यार्थीको शैक्षिक उपलब्धी तथा गुणस्तरका पछाडि विद्यालयको सुशासनको अवस्थालाई विश्लेषण गर्ने गरिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार आ.व. २०७२/७३ मा परेका उजुरीहरुमध्ये सबैभन्दा धेरै २३ प्रतिशत शिक्षा क्षेत्रसँग मात्र सम्बन्धित थिए ।[11] शैक्षिक गुणस्तर तथा विद्यालय सञ्चालन प्रक्रियाको अनगुमन गर्ने कामका हेतु जिल्ला शिक्षा समिति र गाउँ शिक्षा समितिको प्रावधान रहेता पनि तिनको प्रभावकारितामा कमजोरी देखिएका छन् । प्रदेश नं.२ का धनुषा, महोत्तरी र सिराहाका केही विद्यालयमा गरिएको अध्ययन अनुसार विद्यालय व्यवस्थापन समिति बाहेक जिल्ला शिक्षा समिति र गाउँ शिक्षा समितिको उपस्थिति र कार्य बारेमा विद्यालयस्तरका व्यक्तिहरूलाई पनि थाहा नहुनुले सरोकारवालाहरुको न्युन जिम्मेवारीको अवस्था दर्शाउँछ । विद्यालय सुशासनको अवस्थाका बारे थप यस प्रकार चर्चा गरौं :-

### शिक्षकको पेशागत ईमान्दारी

शिक्षकको पेशागत ईमान्दारिता अर्को महत्वपूर्ण पक्ष हो जसले गुणस्तरीय शिक्षा ग्रहणबाट बालबालिकालाई सुनिश्चित गरेको छ । यसै सन्दर्भमा धनुषा, महोत्तरी र सिराहामा शिक्षा क्षेत्रमा क्रियाशील ३० नागरिक सामाजिक संस्था (Civil Society Organization) र विद्यार्थीहरुसँग गरिएको अन्तरक्रियामा तिनवटै जिल्लामा विद्यालय सुशासन र शिक्षाको गुणस्तर खस्किनुका कारणहरुमध्ये शिक्षकहरुको पेशाप्रतिको न्युन ईमान्दारितालाई विद्यालय व्यवस्थापन समितिको निष्कृयता पछिको प्रमुख मानिएको थियो । स्थानीय अभिभावकका अनुसार विद्यालयमा शिक्षक ढिलो आउने र छिटो जाने परम्परा जस्तै बनेको छ । मध्यान्तरपछि धेरैजसो विद्यार्थी विद्यालयबाट हिंडिसकेको यथार्थता महोत्तरीका केहि विद्यालयको अनुगमनका क्रममा प्रत्यक्ष अवलोकन गर्दा पाइयो । यसै सन्दर्भमा अभिभावकलाई सोध्दा शिक्षकले नै विद्यार्थीलाई घर जान अभिप्रेरित गर्ने गरेको पाइयो । शिक्षकहरु अभिभावक तथा विद्यार्थीलाई दोष दिन्छन् भने अभिभावकहरु शिक्षकलाई । वास्तविकता बुझ्न विद्यार्थीसँग छुट्टै छलफल गर्दा केहिले आफ्नो भाइ वा बहिनीको छुट्टी छिटो हुने भएकोले छिट्टै घर हिँड्नुपर्ने बाध्यता भएको सुनाए भने धेरै जसोले शिक्षकहरु टाढाबाट आउनुपर्ने भएकोले छिटै हिँड्नुहुन्छ अनि कक्षा नभएपछि हामी पनि हिँड्छौं घरतिर भन्ने जवाफ दिए । विद्यालय सुशासन कायम राख्न सबै सरोकारवालाहरुबीच सहकार्य र एकअर्काप्रति जिम्मेवार र पारदर्शी भएको हुनुपर्दछ ।

### विद्यालय व्यवस्थापन समिति

विद्यालय तहमा विद्यालय सञ्चालनका लागि नीति तथा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी हरेक चरणका लागि जिम्मेवार निर्णय लिने जवाफदेही शासकीय संरचना हो "विद्यालय व्यवस्थापन समिति" । शिक्षा ऐन (२०२८) र यसका हरेक संशोधनले पनि वि.व्य.स.लाई विद्यालयको अपरिहार्य शासकीय अंगको रुपमा व्यवस्था गर्दै आएको छ । सामुदायिक विद्यालयको वि.व्य.स.का विशिष्ट कार्य तथा जिम्मेवारीहरु मध्ये शिक्षा ऐनले निर्दिष्ट गरेबमोजिम देहायका काम, कर्तव्य र अधिकारहरु छन् :-

- विद्यालय सञ्चालनको लागि प्रयाप्त साधन र श्रोतको परिचालन गर्ने,
- विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
- शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,
- विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई दिने,
- जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने, आदि ।

समुदायस्तरमा वि.व्य.स.को गठन प्रक्रिया र यसले

[10] Wagley, M. & M. Sharma (2018); Headteacher Resource Book, Search for Common Ground & GoGo Foundation, Kathmandu, Nepal
[11] 26th Annual Report (2073): CIAA, Kathmandu, Nepal

सम्पादन गरी आएका क्रियाकलापलाई हेर्दा यथार्थता फरक देखिन्छ । विद्यालयमा व्यवस्थापन समिति भन्नाले विद्यालयको आर्थिक चल, अचल सम्पत्तिको हर्ताकर्ता हुन पाइने र आफूखुसी प्रयोग गर्न सकिने मानसिकता अभिभावक, शिक्षक, तथा राजनीतिक कार्यकर्ता सबैमा व्याप्त छ। धनुषाको एक विद्यालयमा व्यवस्थापन समिति गठन प्रक्रियामा गोली चली एक जना सर्वसाधारणको ज्यान जानुले पनि व्यवस्थापन समितिका लागि हुने राजनीतिक दौडधुपको रुप उदाङ्गो देखिन्छ । गोगो फाउण्डेशन र शिक्षाका लागि राष्ट्रिय अभियान नेपालको सर्भे (२०१७) अनुसार उल्लेखित तीनै जिल्लाका ४२ ओटा माध्यामिक विद्यालयमध्ये २ विद्यालयमा मात्र शिक्षक अभिभावक संघ र १३ विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गर्न सकिएको थियो। बाँकी २४ विद्यालयहरु व्यवस्थापन समिति बिहीन नै सञ्चालित थिए। गठित समितिहरु पनि विद्यालयको आर्थिक क्रियाकलापमा सक्रिय हुनु बाहेक योजना निर्माण, बालविकास, शिक्षक व्यवस्थापन तथा अभिभावक सम्बन्ध व्यवस्थापनमा कुनै पनि चासो नदिएको गुनासो स्थानीयको छ। [12]

वि.व्य.स.का अतिरिक्त शिक्षक अभिभावक संघको गठन र क्रियाशीलता विद्यालय सुशासनको एक अपरिहार्य आवश्यकता हो। विद्यालयको शैक्षिक गुणस्तर कायम राख्न र सामाजिक परीक्षण सम्पन्न गर्ने जिम्मेवारी शिक्षक अभिभावक संघको हो। तर सर्वेक्षित ४२ विद्यालयमध्ये २ विद्यालयमा मात्र शिक्षक अभिभावक संघ गठन गरिएको पाइएको थियो। विद्यालयमा सुशासन कायम गर्ने प्रमुख शासकीय संरचनाको यस्तो अवस्थाले ती विद्यालयको सुशासनको अवस्था उजागर गर्दछ।

## योजना निर्माण तथा कार्यान्वयन

विद्यालय सुधार योजना विद्यालय विकासको महत्वपूर्ण आधार हो । विद्यालयको सर्वाङ्गिण विकासका लागि भौतिक, सामाजिक, आर्थिक, शैक्षिक तथा व्यवस्थापनका सबै पक्षहरुको चरणगत आधार तयार तथा विकासको लक्ष्य, उद्देश्य, रणनीति, लगानी, श्रोत तथा जिम्मेवारी लगायतका रुपरेखा विद्यालय सुधार योजनामा उल्लेख गरिएको हुन्छ। यसको कार्यान्वयनमा विद्यालयले विशेष ध्यान पुऱ्याउन सके शैक्षिक गुणस्तर सुदृढ हुनेमा कुनै शंकै हुन्न। विद्यालय सुधार योजना निर्माण गर्दा शिक्षक, विद्यार्थीका अतिरिक्त अभिभावक र सरोकार राख्ने व्यक्तित्वहरु जस्तै स्थानीय शिक्षासेवी, चन्दादाता, नीति निर्माता अनिवार्य रूपमा संलग्न हुनुपर्ने प्रावधान छ । तर अधिकांश विद्यालयमा विद्यालय सुधार योजना र यसको प्रयोग विद्यालयको विकासभन्दा पनि तलबभत्ता निकासी गर्ने कागजी दस्ताबेजका रूपमा हुँदै आएको छ जसलाई प्रअले आफ्नै तजबिजमा तयार गरी पहिलो चौमासिक निकासा माग्दा जिशिकामा बुझाउने गरिएको छ।

## सामाजिक जवाफदेहिताका विधिको कार्यान्वयन

आर्थिक व्यवस्थापनमा देखिने अनियमितता र यसले सरोकारवालाबीच ल्याउने विवाद विद्यालयको आन्तरिक सुशासनलाई धरासायी पार्ने प्रमुख पक्ष हुन् । फलतः यसको प्रभाव प्रअ, शिक्षक, वि.व्य.स. र शि.अ.सं.को कार्यशैली र कार्यदक्षतामा पर्दछ। अन्ततोगत्वा विद्यालयको गुणस्तरीय शिक्षा प्रवाह गर्ने प्रक्रियामा नकारात्मक असर पार्दछ । विद्यालयमा शैक्षिक सुशासन सुनिश्चित गर्ने सूचकहरुमध्ये सामाजिक जवाफदेहिताका विधि वा औजारहरुको प्रयोग मुख्य आधारका रुपमा हेरिन्छ। त्यस्ता विधिहरूमध्ये विद्यालयमा प्रयोग गरिने सामाजिक परीक्षण, लेखा परीक्षण, सार्वजनिक सुनुवाई, बजेट सोधखोज विधि, सामुदायिक अंक पत्र, गुनासो सुनुवाई लगायतका विधिहरू पर्दछन् ।[13] तर व्यवहारमा हेर्दा विद्यालयले सामाजिक परीक्षण बाहेक अन्य विधिहरूको प्रयोग नगरेको देखिन्छ। यसरी हुने सामाजिक परीक्षण पनि प्रअले एकल रुपमा निर्माण गरी सामाजिक परीक्षण समितिलाई हस्ताक्षर गराउने प्रचलन व्यापक देखिन्छ ।[14] यसैगरी गुनासो सुनुवाई संयन्त्रको धेरैजसो विद्यालयमा थालनी भएको पाउन सकिन्न। विशेषगरी कुनै गैह्र सरकारी संस्थाका कार्यक्रम संचालन भएका विद्यालयमा

[12]Field Survey Status Report (2018); Hamro Shikshya Porject, GoGo Foundatuon & NCE Nepal, Kathmandu, Nepal
[13]Kedar Khadka (2074); Governance Facilitators Manuals, Hamro Shikshya Project, GoGo Foundation, Kathmandu, Nepal
[14]Comprehensive District Assessment Report (2016); Hamro Shikshya Project, NCE Nepal, Kathmandu, Nepal

गुनासो वा सुझाव पेटिकाको स्थापना गरिएको पाईन्छ । तर यसमा पनि गुनासो दर्ता गर्ने प्रक्रिया बालमैत्रीपूर्ण हुननसकेको, परेका गुनासाको संकलन, दस्ताबेजीकरण र सम्बोधन कसरी गर्ने भन्ने पद्दतिको उचित विकास हुन सकेको छैन । जवाफदेहिता सुनिश्चित गराउनमा सामुदायिक सचेतना तथा अभिभावकको जागरुकता र तत्परता अत्यावश्यक हुन्छ ।

## अभिभावक सहभागिता र सक्रियता

विद्यालयमा जिम्मेवार व्यक्ति वा अंगलाई जवाफदेही बनाउन अभिभावकको संलग्नता र जिज्ञासा अपरिहार्य हुँदाहुँदै मुख्यतया प्रदेश नं. २ का धनुषा महोत्तरी र सिराहा लगायतका जिल्लाहरूमा विद्यालय र आफ्ना बालबालिकाको शिक्षाप्रति अभिभावकहरू त्यति सक्रिय नभएको पाईन्छ । विद्यालयस्तरमा हुने बैठक, छलफलमा आउने सहभागीहरूमध्ये धेरैजसो गैह्रअभिभावकहरू हुने गर्दछन् । विद्यालयमा अनिवार्य गठन हुनुपर्ने शिक्षक अभिभावक संघको गठन नहुनुले पनि यो यथार्थतालाई दर्शाउँछ । यसका पछाडि दुईओटा कारण प्रमुख रूपमा देखिन्छन्ः एक विद्यालयले विगतदेखि अभिभावकको संलग्नताबिना सबै नीति निर्णय, योजना निर्माणदेखि कार्यान्वयनसम्म एक्लै गर्ने र अभिभावकलाई सूचनाबाट नै बञ्चित गर्ने र दोश्रो, अभिभावकमा शैक्षिक जागरणको कमी हुनु जसका कारण विद्यालयप्रति चासो न्यून वा हुँदै नहुनु ।

सिराहा जिल्लाको नगरपालिकाभित्रै रहेको एउटा माध्यमिक विद्यालयमा परियोजना कार्यान्वयनका शिलशीलामा अभिभावक लगायत सबै सरोकारवालाहरुसँग अन्तरक्रिया आयोजना गरियो । विद्यालयको भौतिक अवस्था अत्यन्त नाजुक देखेर सामुदायिक सक्रियतामै पनि कक्षाकोठा देखि बस्ने फर्निचरको जोहो गर्न त सकिन्थ्यो नि भनेर प्रश्न राखियो । एकजना सो विद्यालयका संस्थापक मध्येले मेरो एक प्रश्नको जवाफमा भन्नुभयो, "यो विद्यालयको यस्तो अवस्था देखेर मलाई पनि अझैं केही गरौं विद्यालयलाई राम्रो बनाऊँ भन्ने लाग्छ तर दिएको सहयोग काममा खर्च गर्ने भन्दा दुरुपयोग गर्छन्, त्यही भएर केही गर्न सकेको छैन ।" एकातिर अवस्था यस्तो छ भने अर्कातिरको अवस्था हेर्दा सहभागीहरूका अनुसार विद्यालयको आफ्नै जमिन प्रशस्त भएतापनि विद्यालय कै जमिनमा समुदायका मानिसले घर बनाएर बस्दा विद्यार्थीहरूका लागि खेल्ने चौर व्यवस्थित गर्न सकिएको छैन । यसरी हेर्दा विद्यालय सुशासन कायम गर्नमा विद्यालय मात्रको नभई समुदाय पनि उत्तिकै जिम्मेवार देखिन्छ । एक अर्का सहभागीका अनुसार ''जसको बच्चा यो विद्यालयमा छन् उनीहरू यस्ता विषयमा बोल्न सक्दैनन् तर जसका सन्तान अर्कै विद्यालय, विशेषगरी बोर्डिङ्ग वा शहरतिर पढ्छन्, विद्यालयका मुद्दाहरुमा उनीहरु हाबी हुन्छन् र आफ्नो स्वार्थ पूरा गर्छन्'' ।

## बाल सहभागिता र औचित्य

शैक्षणिक सिकाइ प्रक्रियाका केन्द्रबिन्दुमा बालबालिकालाई राखिन्छ । समुदायका सबै बालबालिकासम्म शिक्षाको पहुँच सुनिश्चित गर्नु राज्य र यसका अंगहरुको दायित्वभित्र पर्दछ । सबै बालबालिका विद्यालयसम्म आईपुग्न र गुणस्तरीय शिक्षा ग्रहण गरी आफ्नो सिकाइ अभिवृद्धि गर्ने वातावरणको निर्माण गर्न सबै सरोकारवालाहरु जिम्मेवार हुनुपर्छ । बालबालिकाले पारदर्शिताको महत्व बुझ्ने र अभ्यास गर्ने अवसर प्रदान गर्नसकेमा सुशासनप्रति उनीहरुको लगाव बढ्दछ ।[15] गुणस्तरीय शिक्षाका लागि राष्ट्रिय प्रारुप, २०६७ ले हरेक विद्यालयमा बालक्लबको गठन गरी विद्यालय योजना निर्माण प्रक्रियामा पनि उनीहरुको सहभागिता सुनिश्चित गरिनुपर्ने व्यवस्था गरेको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ ले हरेक विद्यालयको व्यवस्थापन समितिमा बालक्लबको २ जना प्रतिनिधिलाई आमन्त्रित गर्ने व्यवस्था छ । शिक्षक अभिभावक संघमा होस् वा सामाजिक परीक्षण समितिमा, बालक्लबको सहभागिता अनिवार्य छ । यसैगरी स्थानीय निकायका अंगहरुद्वारा गरिने योजना निर्माण होस् वा क्रियाकलापमा बालबालिकाको सहभागितालाई अनिवार्य गरिएको छ । विद्यालयस्तरमा बालबालिकाको संगठनात्मक क्षमता तथा नेतृत्व विकाससँगै नीति निर्माण तह र कार्यान्वयनसम्म सहभागिता सुनिश्चित गर्न बालक्लब

[15] *Child Participation Guide Book (2063), Government of Nepal, Ministry of Women Children and Social Welfare, Central Child Welfare Committee, Lalitpur, Nepal*

गठनको व्यवस्था पनि अनिवार्य छ । कतैकतै बालक्लबभन्दा बाहिरका बालबालिकालाई पनि निर्णय प्रक्रियामा सहभागी गराइएको पाईन्छ । अनुगमनका क्रममा तीन वटै जिल्लाका ४२ माध्यमिक विद्यालयहरुमध्ये धेरैजसो विद्यालयमा बालक्लब गठन नगरेको वा अद्यावधिक नगरिएको पाइएको थियो । यसैगरी बालबालिकासँगको अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार ९० प्रतिशतभन्दा बढी विद्यालयमा हप्तामा एक पटक गरिनुपर्ने अतिरिक्त क्रियाकलापको आयोजना नहुने पाइएको थियो ।

## सरकारी संयन्त्रको नियमन र अनुगमन

विद्यालयस्तरका नीति, योजना र कार्यान्वयनको नियमन गर्ने निकायको रुपमा जिल्ला शिक्षा कार्यालय अन्तर्गत विद्यालय निरीक्षक र श्रोतकेन्द्रस्तरमा एकजना श्रोत व्यक्तिको व्यवस्था गरिएको छ । यद्यपी जिल्ला शिक्षा अधिकारी तथा शिक्षा विभाग र शिक्षा मन्त्रालयको अनुगमन पनि अनिवार्य छन् । श्रोत व्यक्ति र विद्यालय निरीक्षकको नियमित अनुगमन र प्राविधिक सहयोगले विद्यालयमा सुशासन कायम गर्न अहम् भूमिका खेल्नुपर्ने हुन्छ । शिक्षामा कार्यरत नागरिक समाज/संगठनहरुसँग छलफल गर्दा विगतमा यस्ता अनुगमनहरु त्यति प्रभावकारी हुन नसकेको, साथै प्रायजसो विद्यालयमा हुने र भए गरेका अनियमितता जस्तैः शिक्षक छनौट, भवन, शौचालय निर्माण आदिमा बैधता दिन सघाउ पुऱ्याउने खालका हुने गरेको देखिन्छ ।

शैक्षिक गुणस्तरको अनुगमन र शिक्षण सीप विकासमा प्राविधिक शैक्षिक सहयोग गर्नु पनि श्रोत व्यक्ति तथा जिम्मेवार निकायको दायित्व हो । श्रोतव्यक्तिका बहुआयामिक जिम्मेवारीमध्ये प्रमुख शैक्षिक सूचना प्रवाहको पुलको भूमिका निर्वाह गर्नु हो । त्यसैगरी विद्यालयमा कार्यरत शिक्षकहरुलाई शिक्षण सीप विकासका लागि श्रोतव्यक्ति रोल मोडेल हुनु पनि हो । तर यस्तो नभएको कारणमा शिक्षाविद्हरु विद्यालयमा शिक्षाको राजनीति नभई शिक्षा माथिको राजनीति प्रभावी वा हाबी हुनु हो भन्छन् । उहाँका अनुसार यसका पछाडिका विविध कारणमध्ये विद्यालयमा शिक्षाको राजनीति नभई शिक्षामाथिको राजनीति प्रभावी वा हाबी हुनु हो । यसैगरी विद्यालय सुशासनको एउटा महत्वपूर्ण पक्ष अन्तर्गत हरेक विद्यालयमा शैक्षिक वर्ष लाग्नुभन्दा अगाडि नै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याइसक्नु पनि हो । तर विद्यालय अनुगमन गर्दा कार्तिक-मंसिरसम्म पनि सबै विद्यार्थीका हातमा पाठ्यपुस्तक भएको पाइएन ।

## शैक्षिक सुशासनको अबको बाटो

विद्यालयीय शैक्षिक व्यवस्थापनलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारको मातहतमा ल्याएको छ । विगतको जिल्ला शिक्षा कार्यालयले गर्दै आएका सबै कामकारबाही (शैक्षिक प्राविधिक बाहेक) स्थानीय सरकारले गर्ने व्यवस्था भएको छ जुन अधिकार प्रत्यायोजनका लागि लागु भएको नयाँ संघीय संरचनागत राजनीतिक विकासक्रमको सुन्दर खाका हो । हरेक स्थानीय सरकारमा शिक्षा शाखाको परिकल्पना गरिएको छ र यसले शैक्षिक प्राविधिक गुणस्तर निर्धारण र शैक्षणिक सीप विकासमा सहायता प्रदान गर्नेछ । तत्कालीन अवस्थामा स्थानीय तहमा पुरानो कार्यशैली र ऐनले व्यवस्था गरेका प्रावधानका कारण स्थानीय जनप्रतिनिधि र जिल्ला शिक्षा कार्यालयबीच केही असमझदारी देखिए पनि स्थानीय र प्रादेशिक तहमा बन्ने नयाँ शिक्षा ऐनले कार्यान्वयनमा स्पष्टता ल्याउनेछ । तर शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्लेका अनुसार नयाँ ऐन नबनी सक्दासम्म शिक्षाको व्यवस्थापकीय कार्य स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले व्यवस्था गरेबमोजिम हुन्छ भने विद्यालयस्तरको व्यवस्थापकीय कार्य शिक्षा ऐन (२०२८) अनुरुप हुन्छ ।[16] यसका अतिरिक्त विद्यालयको आन्तरिक शासन सुदृढीकरणमा निम्न प्रक्रिया अवलम्बन र देहायका सरोकारवालाहरुको भूमिकालाई सबलीकृत गर्न आवश्यक हुन्छ :-

### सक्षम नेतृत्व र स्वायत्त विद्यालय

प्रधानाध्यापक विद्यालय सञ्चालन र व्यवस्थापनको मियोको भूमिकामा रहन्छ । विद्यालयका आशातित प्रतिफल

[16] Prof. Mana Prasad Wagley, Working Paper Presented in Provincial Level Policy Dialogue on Education Governance, State no. 2, Janakpur, Dhanusha, Nepal

[17] Head Teacher Resource Book (2018), Search for Common Ground & GoGo Foundation, Kathmandu, Nepal

प्राप्त गर्न प्रअको क्षमता, सक्रियता, र जागरुकता अनिवार्य हुन्छ । प्रधानाध्यापकले विद्यालय सुशासन कायम गर्न विद्यालयमा हुने निर्णय प्रक्रियालाई सहभागितामूलक र पारदर्शी बनाउनु पर्दछ भने कार्यान्वयनको पक्षलाई कर्तव्यनिष्ठ र जवाफदेही बनाउनु पर्दछ ।[17] सक्षम प्रअ हुँदा विद्यालयले लिने निर्णय र कार्यान्वयनको पक्ष बलियो देखिन्छ। सामाजिक सहयोग र अभिभावकको सक्रियतामा पनि वृद्धि आउँछ । प्रअको कुशल नेतृत्वले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसँगको सहकार्यमार्फत लक्षित उद्देश्य हासिलमा कठिनाईका बावजुत पनि सहजता प्राप्त हुन्छ।

वर्तमान परिवेशमा प्रअको जिम्मेवारी शिक्षण सिकाइ क्रियाकलाप र प्रशासनिक दुवै भएकोले दुवै जिम्मेवारी कुशलतापूर्वक निभाउन कठिनाई भइरहेका भन्ने पनि मनन गरिएको छ । यसैलाई मध्यनजर गर्दै सरकारले सबै माध्यमिक विद्यालयलाई छुट्टै प्रधानाध्यापकको व्यवस्था गर्ने लक्ष्य लिएको छ। [18] व्यवहारतहमा विद्यालयको नेतृत्वलाई कहिलेकाहिँ विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिबीचको अन्तरसम्बन्ध तथा अन्तरबिरोधका रुपमा पनि बुझ्रिने गरिँदो रहेछ। केहि शिक्षक तथा युवाक्लबहरुको एक अनौपचरिक छलफलका क्रममा विद्यालयमा व्यवस्थापन समिति गठन नहुनुमा यसको पनि बलियो प्रभाव हुने गरेको पाइयो । वि.व्य.स.को सक्रियताले प्रअले आफुखुसी निर्णय लिन र कार्यान्वयन गर्न पाईन्न भन्ने विचारका कारण विद्यालयमा वि.व्य.स. गठन प्रक्रिया अन्यौल हुने गर्दछ।

यसैगरी विद्यालयका हरेक आन्तरिक गतिविधिमा बाह्य राजनीतिक हस्तक्षेप हुनुले विद्यालयको शिक्षा प्रदान गर्ने प्रक्रियामा खलल पुग्दछ। यसर्थ विद्यालयले अवलम्बन गर्ने सहभागितात्मक निर्णय प्रक्रियामा कुनै प्रकारको व्यक्तिगत वा राजनैतिक स्वार्थगत हस्तक्षेप हुनुहुँदैन। विद्यालय स्वायत्त र अधिकार सम्पन्न हुनुले प्रअ तथा शिक्षकहरुलाई पेशागत जिम्मेवारी निर्वाह गर्न पनि सजिलो हुन्छ।

## जवाफदेही विद्यालय व्यवस्थापन

शिक्षा ऐनले व्यवस्था गरेबमोजिम सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बालक्लबको गठन अनिवार्य हुनुपर्दछ। विद्यालयको शैक्षिक गुणस्तर तथा अन्य सेवाहरु बालबालिकामैत्री बनाउन सबै पक्ष क्रियाशील हुनुपर्दछ । हरेक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित भई निर्णय र कार्यान्वयनको पक्ष सबै सरोकारवालाबीच पारदर्शी गराउन प्रअले विशेष भूमिका खेल्नुपर्दछ। शिक्षक व्यवस्थापनलाई नयाँ कार्यविधि बनाई सकेसम्म छिटो सल्ट्याउनुपर्दछ भने शिक्षकको नियमितता सुनिश्चित गर्न संयन्त्र निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ। विद्यालयस्तरमै शिक्षक मनोबल बढाउने योजना बनाउन कार्यन्वयन गर्न सकिन्छ भने विद्यालय विकासका वस्तुगत योजना निर्माण गरी श्रोत जुटाउनमा वि.व्य.स., शि.अ.सं. र प्रअ विशेष जिम्मेवार हुनुपर्दछ।

विगतमा नेपालमा सरकारका अतिरिक्त सार्वजनिक विद्यालयहरु व्यक्तिगत चन्दा, दान, तथा सहयोगबाट स्थापित र सञ्चालित थिए। साथै अहिले पनि विशेष गरी ग्रामीण र दुरदराजका हरेक विद्यालयमा सरकारी दरबन्दी भन्दा निजी श्रोतबाट तलब खाने शिक्षकको संख्या धेरै छ। केहि श्रोत स्थानीय सरकारी संयन्त्रबाट आए पनि बाँकी स्थानीय अभिभावकबाट नै उठाई शिक्षक पाल्ने यथार्थता कायम छ। शिक्षा निःशुल्क हुनुपर्ने संवैधानिक व्यवस्थालाई मुर्तरुप दिन विद्यालय व्यवस्थापन समिति तथा प्रअले सम्भावित सहकार्यका अवसरहरुको खोजी गर्नुपर्दछ। स्थानीय निकाय तथा अभिभावकसँगको सम्बन्धलाई सुमधुर बनाई सार्वजनिक निजीकरण साझेदारीका सम्भावनाहरुका बारेमा खोजी गरी विद्यार्थीमुखी शैक्षिक प्रणालीको विकास गर्नुपर्दछ।

यसैगरी चालिएका सबै पहलकदमी र कार्यन्वयन गरिएका योजनाहरु कानुन तथा नीतिसम्मत छन् भनी सुनिश्चित गर्न हरेक विद्यालयले सामाजिक जवाफदेहिताका विधि/ औजारहरुको प्रयोग अनिवार्य रुपमा गर्नुपर्दछ। यसले विद्यालय

[18] *School Sector Development Program (2016-2023); Government of Nepal, Ministry of Education, Kathmandu, Nepal*

व्यवस्थापनप्रति सबै सरोकावालाहरुको विश्वासको वातावरण तयार गर्दछ भने काम र प्रतिफलमा सबैको अपनत्व जगाउन सघाऊ पुऱ्याउँछ । शिक्षक अभिभावक संघले विद्यालयका आन्तरिक व्यवस्थापन र दैनन्दिन हुने क्रियाकलापको अनुगमनमा विद्यालय व्यवस्थापन समितिलाई सघाउनु पर्दछ । यी विद्यालयस्तरका संयन्त्रले शिक्षक विद्यार्थीका समस्या सुन्ने, मनन गर्ने र समाधानका उपायहरु अवलम्बन गर्दा शिक्षक मनोबलमा वृद्धि हुन्छ र गुणस्तरीय शिक्षा सुनिश्चिततामा मद्दत मिल्छ । विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति र अभिभावक सबैले विद्यालयभित्रका मात्र नभई विद्यालयभन्दा बाहिर रही शिक्षाको पहुँचसम्म पुग्न नसकेका बालबालिकालाई पनि विद्यालयमा ल्याई उनीहरुको शिक्षा ग्रहण र सिक्न पाउने अधिकारको सुनिश्चिता गर्नुपर्दछ ।

## सामुदायिक सहभागिता, निर्णय प्रक्रिया र कार्यान्वयन

अभिभावकहरु विद्यालयका प्रमुख सरोकारवालाहरु मध्येका एक महत्वपूर्ण पक्ष हुन् । शिक्षा सामुदायिक विकासको एक महत्वपूर्ण पूर्वाधार हो र विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता अनिवार्य हुन्छ । सामुदायिक सहभागिताले निर्णय प्रक्रिया सहज बनाउँछ कार्यान्वयनमा हाम्रो भन्ने भावनाको विकास गर्दछ । शिक्षाविद् टंकनाथ शर्मा (२००८) सामुदायिक सहभागिताको आवश्यकतालाई यसरी प्रष्ट्याउनु हुन्छः

- आफ्ना बालबालिकाले शिक्षा लिने भएकाले विद्यालय व्यवस्थापनमा सहभागी हुनु अभिभावकहरुको अधिकार हुन आउँछ ।
- बालबालिकाका अन्तरनिहित ज्ञानका बारेमा थाहा पाउन विद्यालयलाई सहयोग पुग्ने भएकोले अभिभावक सहभागिता विद्यालयका लागि पनि फाईदाजनक हुन्छ ।
- विद्यालयमा अभिभावकको सहभागिताले विद्यालय अभिभावक सम्बन्ध सुमधुर बनाउन मद्दत मिल्दछ । एकअर्काबीचका असमझदारी र अविश्वास हटाउन अभिभावक र विद्यालयबीच नियमित भेटघाट हुन आवश्यक हुन्छ ।
- विद्यालयलाई आवश्यक पर्दा स्वेच्छिक मानवीय तथा अन्य श्रोतको सहयोग समुदायबाट हुन्छ ।

विद्यालय समुदायको एक अभिन्न अंग हो । विद्यालयको विकासले मात्र समुदायको समग्र विकासमा योगदान पुऱ्याउँछ । विद्यालय र सुमुदायलाई फरक इकाईका रुपमा बुझिए त्यसले दुवैको विकासक्रमलाई अवरोध गर्दछ । विद्यालय सुशासनको सैद्धान्तिक आधार अनुसार अभिभावक र विद्यार्थी विद्यालयका मालिक हुन्, उनीहरुको संलग्नता निर्णयदेखि कार्यान्वयनसम्मका चरणमा हुनु अनिवार्य हुन्छ । बालबालिकाका लागि विद्यालय नै सामाजिकीकरणको पहिलो र प्रमुख स्थान हो । आफ्ना बालबालिकाको सिकाइ र विकासका बारेमा बुझ्ने, आवश्यक सुझाव सल्लाह लिने-दिने र परिआएको सहयोग गर्ने भूमिका सबै अभिभावकको हुन्छ । इपस्टिन (२०००) ले विद्यालय व्यवस्थापनमा समुदायको प्रभावकारी संलग्नताका लागि देहायका ६ ओटा मापदण्ड हुनुपर्ने भनि व्याख्या गरेका छन्ः

- सञ्चारः घर र विद्यालयबीच दुईतर्फी, र अर्थपूर्ण सञ्चार निरन्तर हुनुपर्दछ ।
- अभिभावकत्वः अभिभावकहरुका लागि आवश्यक सीपहरुको प्रवर्द्धन र सहयोग गरिनुपर्दछ ।
- विद्यार्थी सिकाइः अभिभावकहरु बालबालिकाको सिकाइमा अभिन्न भूमिका निर्वाह गर्छन् ।
- स्वयंसेवीः विद्यालयमा अभिभावकलाई स्वागत गरिन्छ र उनीहरुको सहायता आवश्यक पर्दछ ।
- विद्यालयको निर्णय प्रक्रिया र पैरवीः अभिभावकहरू बालबालिका सम्बन्धी गरिने हरेक निर्णय जसले परिवार र बालबालिका स्वयंलाई प्रभाव पार्दछ, त्यसका साझेदारहरू हुन् ।
- समुदायसँगको सहकार्यः सामुदायिक श्रोतहरुको प्रयोग विद्यालय, परिवार तथा विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि प्रयोग गरिन्छन् ।

यसरी सामुदायिक सहभागितालाई विद्यार्थी, परिवार र विद्यालय कै विकासका लागि अत्यावश्यक मानिन्छ। केही अभिभावकका बुझाईमा विद्यालयसँगको सहकार्यलाई आर्थिक पक्षसँग मात्र जोडेर हेरेको पाईन्छ र विद्यालयहरु पनि आर्थिक र अन्य श्रोतको आवश्यकताका समयमात्र समुदायको सहकार्य खोज्ने तर अन्य शैक्षिक विकासका सन्दर्भमा अभिभावकको औचित्य नदेख्ने गलत बुझाई र गलत अभ्यासका कारण समुदाय विद्यालयबीचको दुरी बढेको देखिन्छ। विद्यालय अभिभावक सम्बन्ध र सहकार्यलाई सामुदायिक विकासको स्वभाविक र आवश्यक प्रक्रियाका रुपमा हेरिनुपर्दछ र अभ्यासमा ल्याउनु पर्दछ।

## अर्थपूर्ण बाल सहभागिता

विद्यालय बालबालिकाको हो र बालबालिकाको उच्चतम् हितका लागि विद्यालयले आफ्नो सम्पूर्ण श्रोत, लगानी र व्यवस्थापनको प्रयोग गर्नुपर्दछ। राज्यका केन्द्रदेखि स्थानीय तहसम्मकै सबै संरचना निर्माणको प्रमुख कारण सबै बालबालिकाले विद्यालयसम्म पुग्ने वातावरणको सुनिश्चिता गर्न र गुणस्तरीय शिक्षा प्रदान गरी राष्ट्रिय शैक्षिक जनशक्तिको निर्माण गर्नलाई हो। तर तिनै बालबालिकाका बारेमा लिने निर्णय र गरिने क्रियाकलापका बारेमा उनीहरु अनविज्ञ हुनुले संविधान प्रदत्त सुचनाको हकको उल्लङ्घन हुनु हो। विद्यालयमा विद्यार्थीका बारेमा लिने सबै निर्णयमा उनीहरुको सहभागितालाई मात्र नभई अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु/गराइनु पर्दछ। व्यवहारमा बाल सहभागितालाई हस्ताक्षर गर्ने परम्पराका रुपमा पनि देख्न पाईन्छ। तर अर्थपूर्ण सहभागिता भनेको विद्यालयले लिने निर्णयहरुमा उनीहरुको सहमति वा बिमति के छ, साथै निर्णयलाई उनीहरु अनुकुल बनाउन थप के गर्न सक्छन् भन्ने बारेमा विशेष ध्यान दिनुनै अर्थपूर्ण सहभागिता हो। अर्थपूर्ण सहभागिताको अर्थलाई शारीरिक परिश्रम वा योगदानसँग भने जोड्नु हुँदैन। नेपाल सरकारले बालअधिकार महासन्धि (१९८९) ले बालबालिकाको स्वतन्त्र अभिव्यक्ति, विचार व्यक्त गर्न पाउने तथा सांगठनिक स्वतन्त्रताको अधिकारलाई सुनिश्चित गरेकोले हरेक विद्यालयले विद्यालयमा बालक्लबको गठन गरी व्यक्तित्व विकासमा टेवा पुऱ्याउन सहयोगी भूमिका निर्वाह गर्नु पर्दछ। विद्यालयमा बालबालिका पढ्न, सिक्न र आफ्नो वृत्ति विकास गर्न जान्छन्। यसतर्फ विद्यालय सधैँ सम्बेदनशील र जिम्मेवार हुनुपर्दछ।

## शिक्षक क्षमता अभिवृद्धि र व्यवस्थापन

शिक्षकहरु विद्यालयका प्रमुख पक्ष हुन् जसले शिक्षण सिकाइ प्रक्रियालाई अगाडि डोऱ्याउँछन् र विद्यार्थीलाई शिक्षा प्रदान गर्दछन्, ज्ञान बाँड्छन् ताकि भोली ठूलो भएपछि हरेक बालबालिका क्षमता अनुसारको काम गरी जीविकोपार्जन गर्न सक्षम होउन्। नेपालका सार्वजनिक विद्यालयहरुको व्यवस्थापकीय चुनौतीमध्ये शिक्षक व्यवस्थापन प्रमुख रहेको छ। विद्यालयमा विद्यार्थी अनुपातको शिक्षक नहुनु एउटा पाटो छ भने भएका शिक्षकहरु पनि जवाफदेही नहुनुले विद्यालयमा गुणस्तरीय शिक्षा प्रवाहमा अवरोध हुन पुगेको छ। प्रदेश नं. २ का प्राय सबै जिल्लाका माध्यमिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातको अवस्था राष्ट्रिय मापदण्डभन्दा धेरै भिन्न छ। [19] तराईका विद्यालयमा प्रति शिक्षक विद्यार्थीको संख्या सम्बन्धी मापदण्ड नै पुनरावलोकन गरिनुपर्ने आवश्यक छ।

माध्यमिक तहका एउटा कक्षामा कम्तीमा पनि १०० भन्दा बढी विद्यार्थी बस्न बाध्य छन् भने त्यहाँ सिकाइको गुणस्तर कमजोर हुनु स्वाभाविक हुन आउँछ। महोत्तरीको एक विद्यालयमा हेर्दा कक्षा ९ र १० मा १२० भन्दा माथि विद्यार्थी एउटै कक्षामा थिए। यति धेरै विद्यार्थी एउटै कक्षामा शिक्षक पढाउन बाध्य छन्। यस अवस्थामा बालमैत्री कक्षा र शिक्षणको अवधारणा अनुरुप शिक्षण गर्नुपर्ने भन्ने नीतिमा मात्र सीमित देखिन्छ। विद्यार्थीहरुको छलफलबाट थाहा भएअनुसार यदि सबै विद्यार्थी एकै दिन विद्यालय आए भने कक्षाकोठामा बस्ने ठाउँ हुँदैन। तसर्थ शिक्षकलाई कक्षामा विद्यार्थीहरुसँग छु र पढाउँदैछु भन्न सक्ने वातावरणको तयार गर्नु सबै क्षेत्रको गहन जिम्मेवारी छ।

राज्यले राष्ट्रिय मापदण्डका आधारमा फरक अवस्थाका विद्यालयलाई एउटै आँखाले हेर्ने व्यवहारको अन्त्य गरी विद्यार्थी

[19] *Government standard for student teacher ratio in teria says 50-99 students in each class/teacher. And the data of 2016 of student teacher ratio of Nepal is 28.9 (https://tradingeconomics.com/nepal/pupil-teacher-ratio-secondary-wb-data.html).*

संख्याका आधारमा श्रोतको व्यवस्थापन गर्नु आवश्यक छ । थोरै विद्यार्थी भएका विद्यालयमा थोरै शिक्षक र धेरै विद्यार्थी भएका विद्यालयमा आवश्यक शिक्षक संख्याको व्यवस्थापन गर्नु स्थानीय सरकारको शिक्षा व्यवस्थापनको पहिलो महत्वपूर्ण जिम्मेवारी हो ।

विषय शिक्षकको अभावमा विद्यालयहरु शिक्षण क्रियाकलाप सञ्चालन गर्न बाध्य छन् । विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने प्रमुख कर्ता भनेकै शिक्षक मात्र हुन् । शिक्षक बाहेक अरु सबै क्षेत्र र निकाय सहयोगी हुन् र उत्प्रेरक हुन् । कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित र बालबालिकामैत्री बनाउने जिम्मेवारी शिक्षककै हो । विद्यालयमा आइसकेपछि आफ्नो क्षमता, श्रोत र मिहिनेत बालबालिकाको सिकाइमा ज्ञान अभिवृद्धिमा र बालहितमा प्रयोग गर्नु शिक्षकको नैतिक र पेशागत जिम्मेवारी हो भन्ने बारेमा सबै शिक्षक इमान्दार हुनु आजको नितान्त आवश्यकता हो । यसै सन्दर्भमा शिक्षाविद् डा. विद्यानाथ कोईराला भन्नुहुन्छ, "शिक्षक नै हुन् जो विद्यार्थीलाई पढाउँछन्, सिकाउँछन् र गुणस्तरीय शिक्षा प्रवाहमा शिक्षकले नै यो कुराको सुनिश्चितता गर्नुपर्छ । यसो गर्न सके मात्र शिक्षकको पेशागत धर्म जोगिन्छ ।" [20]

शिक्षकलाई आजको प्राविधिक संसारमा प्रविधिसँग जोड्नु र शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिका माध्यमबाट विद्यार्थीसम्म स्थानान्तरण गर्न सक्ने बनाउनु आवश्यक छ । त्यसैगरी विद्यार्थीलाई प्राविधिक शिक्षा दिन पनि सक्षम शिक्षक उत्पादन गर्नु आजको अपरिहार्यता हो । आज पनि सार्वजनिक विद्यालयमा कम्प्युटर शिक्षा पढाउन सक्ने शिक्षकको संख्या ज्यादै न्यून छ । तसर्थ प्रविधिको प्रयोगमार्फत शिक्षण सिकाइ प्रक्रिया र प्राविधिक शिक्षा प्रवाहमा शिक्षकलाई दक्ष बनाउनु दुवै अहिलेका आवश्यकता हुन् भने खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्तिको प्रयासलाई अझ व्यापक गरिनुपर्ने हुन्छ ।

## जिम्मेवार स्थानीय निकाय

स्थनीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालयीय शिक्षालाई स्थानीय सरकारको जिम्मेवारीमा राखेको छ । यसरी देशका ७५३ स्थानीय तहले प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा १२ सम्मको शिक्षाको व्यवस्थापन गर्ने छन् । त्यससँगै स्थानीय सरकारले स्थानीय शिक्षा सम्बन्धी कानुन बनाई शैक्षिक व्यवस्थापन र गुणस्तरीय शिक्षा प्रवाहलाई प्रभावकारी बनाउन सक्छन् । विद्यालय समुदाय र बालबालिका भएकोले उनीहरूको उच्चतम हितहुनेगरी शिक्षा प्रवाहको व्यवस्थापन गर्नुपर्दछ । शिक्षक व्यवस्थापन र दर बन्दी मिलान स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी छ, यसको व्यवस्थापनमा स्थानीय सरकार छिटो सक्रिय हुनुपर्ने देखिन्छ । अन्यथा यो समस्या यसै गरी लम्बिदै जाने हो भने शिक्षाको गुणस्तरमा सुधार आउन सम्भव देखिन्न ।

हरेक विद्यालयमा प्रमुख विषयका शिक्षणका लागि विषय शिक्षक हुनु आवश्यक हुन्छ । स्थानीयस्तरमा विद्यालयमा भ्रष्टाचार व्याप्त छ, यसो हुनुको प्रमुख कारण विद्यालयको आन्तरिक श्रोतको सहि व्यवस्थापन र नियमन नहुनु हो । अब स्थानीय सरकारले विद्यालयको आन्तरिक श्रोतको व्यवस्थापनलाई नियमन गर्नुपर्दछ र पारदर्शी बनाउनु पर्दछ । धेरै विद्यालयहरु भौतिक संरचना र श्रोतको अभाव पनि शिक्षण संचालन गरिरहेका छन्, पर्याप्त कक्षाकोठाको अभाव, खानेपानी र शौचालयको अभाव, पुस्तकालय, कम्प्युटर र विज्ञान प्रयोगशालाको अभाव, खेल्ने चौर र सामग्रीको अभाव लगायत अभावै अभावका बीचमा हाम्रा विद्यालयहरु शिक्षा प्रवाहको अभियानमा छन् । राज्यले शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको शिक्षामा लगानी गर्नुपर्दछ । यसमा स्थानीय सरकारहरुले आफ्नै निर्णयमा पनि श्रोतको व्यवस्थापन गर्न सक्छन् । विद्यालयका आन्तरिक श्रोतहरुलाई विद्यालयकै विकासमा प्रयोग गर्न सकेमात्र पनि व्याप्त धेरै अभावहरुबाट विद्यालयहरु मुक्त हुनसक्छन् । यसमा स्थानीय निकायको विशेष पहल र सहकार्यको खाँचो छ । अबको विद्यालय सुशासनको पहरेदार स्थानीय र प्रदेश सरकार हो र बन्न सक्नु पनि पर्दछ ।

[20] *Dr. Biddyanath Koirala (2018); Presentation of Working Paper at Provincial Level Policy Dialogue on School Governance, State No. 2, Janakpur, Dhanusha, Nepal*

## विद्यालय अनुगमन तथा मूल्याङ्कन

विगतमा जिल्ला शिक्षा कार्यालयमार्फत गरिएको विद्यालयको अनुगमन र मूल्याङ्कन अपर्याप्त थियो । अबको शासकीय संरचनामा ऐनले व्यवस्था गरेअनुसार प्रत्येक स्थानीय निकायहरुमा छुट्टै शिक्षा हेर्ने शाखा हुन्छ । यसको कार्य विद्यालय शिक्षाको गुणस्तर हेर्ने, शिक्षक क्षमता अभिवृद्धि गर्ने, आर्थिक पारदर्शिता कायम भए नभएको एकिन गर्ने कार्यमा यथार्थ अनुगमन गर्ने प्रक्रियाको थालनी गर्नुपर्दछ । विद्यालय अनुगमनलाई कुनै एक संस्था वा निकायको मात्र हो भन्ने भावनाबाट सबै मुक्त हुनु पर्दछ । तर यसको अर्थ जिम्मेवार निकाय अरुको भर पर्नु भनेको होईन ।

संघ, प्रदेश, स्थानीय सरकार, शिक्षा विकास शाखाले हरेक विद्यालयका प्रगति र जिम्मेवारीहरुको अनुगमन गर्नुपर्दछ भने नगर तथा गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, तथा प्रअले जिम्मेवार अंग वा व्यक्तिहरुको कार्यसम्पादन तथा उपलब्धीको अनुगमन गर्नु पर्दछ। समुदायले विद्यालय माथिको निगरानी र सहयोगमा विशेष भूमिका खेल्नुपर्दछ । यसका लागि सामुदायिक सचेतीकरण र सशक्तीकरणमा राज्यका निकायहरुले ध्यान दिन जरुरी छ। अनुगमनलाई विद्यालय, स्थानीय निकाय, जिल्ला र प्रदेशस्तरका आधारमा वर्गीकरण गरी कार्यन्वयन गरी प्रभावकारी अनुगमनलाई प्रोत्साहन दिनुपर्दछ।

## निष्कर्ष

विद्यालय सुशासनभित्र विद्यालयको आर्थिक पारदर्शिता, जिम्मेवार र जवाफदेही शिक्षक, प्रअ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावकक संघ, सक्रिय र सचेत अभिभावक, सहभागितात्मक निर्णय र कार्यन्वयन प्रक्रिया देखि स्वच्छ शैक्षिक वातावरणको विकास पर्दछन् । शिक्षामा सुशासन गुणस्तरीय शिक्षा प्रवाहका लागि हो । सार्वजनिक विद्यालयमा समुदाय र विद्यालयको सम्बन्धलाई सुदृढ गर्न आवश्यक छ। शिक्षकमा जवाफदेहिता र पेशाप्रति इमान्दारीता भई शिक्षण प्रक्रियामा लाग्नु पर्दछ। हरेक विद्यालयमा सक्षम र सबल प्रधानाध्यापकको व्यवस्था गर्नु राज्यको दायित्व हो भने पेशाप्रति जवाफदेही हुनु प्रअको दायित्व हो। राम्रो काम गर्ने विद्यालय, प्रअ, शिक्षकलाई प्रोत्साहन र गलत गर्नेलाई तत्काल कारबाही गर्ने व्यवस्था गरिनुपर्दछ। विद्यालयको सबै आर्थिक श्रोत सोही विद्यालयकै विकासमा अनिवार्य प्रयोग गर्नुपर्दछ र विद्यालयमा हुनेगरेका सबै प्रकारका व्यथिति र भ्रष्टाचारको तत्काल छानबिन गरी दोषीलाई कारबाही गर्ने व्यवस्था गर्नुपर्दछ । यसैगरी हरेक विद्यालयमा ऐनले तोकेबमोजिम विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बाल क्लबको गठन गरी क्रियाशील बनाइनु पर्दछ। अभिभावक सचेतीकरणलाई स्थानीय सरकारले अनौपचारिक वा वैकल्पिक शिक्षाका माध्यमबाट कार्यान्वयन गर्नुपर्दछ र विद्यालय-समुदाय सम्बन्ध सुधार वा विस्तार गर्न अभियानको सञ्चालन तत्काल गर्नुपर्दछ। विद्यालयमा गएपछि पढिहाल्छन् भन्ने अभिभावकको सोचमा परिवर्तन आवश्यक छ भने आफ्ना बालबालिकाको शिक्षामा अभिभावक नै जिज्ञासु छैनन् भने आफ्नो जिम्मेवारी पनि बहन नगर्ने शिक्षकहरुको व्यवहारमा सुधार हुन जरुरी छ।

विद्यालय शिक्षामा सुशासन एक अपरिहार्य र पहिलो शर्त हो ताकि आजका प्रत्येक बालबालिका विद्यालयमा नै सुशासनको आवश्यकता र महत्व महशुस गर्दछन्, बुझ्छन् र यसको कार्यन्वयन भोली आफ्नो क्षेत्रमा गर्छन् । शैक्षिक विकास र गुणस्तरीय शिक्षाको प्रवाहीकरणका हरेक चरणमा बालबालिका तथा उनीहरुको विकासलाई केन्द्रबिन्दुमा राखी निर्णय र कार्यन्वयन गरियो भने आजको पुस्ता भोली शिक्षित, सीपयुक्त र विश्वव्यापी प्रतिस्पर्धामा आफुलाई उतार्न सक्ने कुरामा कुनै शंका हुन्न।

## सन्दर्भ सामाग्रीहरू


- *Altrichter, H. (2010): Theory and Evidence on Governance: conceptual and empirical strategies of research on governance in education, European Educational Research Journal Vol. 9 Number 2 2010, Austria*
- *Backman, E. & B. Trafford (2011): Democratic Governance of schools, Council of Europe*
- *Campbell, C. (2012): Putting Students First: Building effective school governance-white paper from Stand for Children Leadership Center: Stand of Children, Portland*
- *CIAA. (2073): 26th Annual Report: Commission for the Investigation of Abuse of Authority, Government of Nepal*
- *Dahal, B.P (2014): Child Participation in Schools of Nepal: Role and Contribution of Child Clubs-a PhD thesis paper, Kathmandu University, Nepal*
- *Dangal, M.R. & et. al. (2016): School Governance and Accountability Situation: A comprehensive assessment of Dhanusha, Mahottari and Siraha districts: NCE Nepal*
- *Daun, H and K. Mundy. (2011):A Report on Educational Governance and Participation-With focus on Developing Countries, Institute of Internation Education, Sweden: Stockholm University*
- *Department of Education. (2018): Series of education policies and regulations, MoE, Bhaktapur*
- *Department for Education (2015): Governance Handbook, London, United Kingdom*
- *Epstein, J. (2000), cited on T.N. Sharma (2008): Structure and Mechanisms of Community Participation in School Management: Journal of Education and Research, Vol 1, P. 74*
- *Khadka, K. (2074): Governance Facilitators Manuals, Hamro Shikshya Project: GoGo Foundation, Kathmandu, Nepal*
- *Maldonado, N. (2010): The World Bank's Evolving Concept of Good Governance and Its Impact on Human Rights, doctoral workshop on development and international organizations, Sweden: University of Bonn*
- *MoE (2009): School Sector Reform Plan 2009-2015, Kathmandu: Government of Nepal*
- *MoE (2016): School Secotr Development Plan 2016-2023, Kathmandu: Government of Nepal*
- *MOLJPA. (2008): Good Governance (Management and Operation) Act. Kathmandu: Nepal Law Commission*
- *MOLJPA (2017): Education Act and Regulations (series and compilation). Kathmandu: Government of Nepal*
- *MOLJPA (2017): Right to Information Act, 2008: Government of Nepal*
- *MoWC&SW (2008): Child Participation Guide Book, Central Child Welfare Committee: Government of Nepal*
- *Naidoo, J.P. (2005): Educational decentralization and school governance in south Africa; From Policy to Practice, Paris, UNESCO*

- *OECD, (2013). School Governance, Assessment and Accountability; What makes schools successful? Resources, policies and Practices-Vol 4, P. 127-162*
- *Pont, B., et.al. (2008): Improving School Leadership, Volume 1: POLICY AND PRACTICE, OECD*
- *School Development Division.(2010):Participatory School Governance in the 21st Century: Hongkong.*
- *School Good Governance: Freequently Asked Questions: World bank*
- *Seddoh, K. F. (2009): Quality and Governance of Education-Challenges Facing Develing Countries, Keynote Speech, Japan Education Forum VI, P.20*
- *SFCG (2016): Status of Schools' Internal Governance in Easteren and Central Terai- a baseline survey report of Dhanusha, Mahottari and Siraha: Search for Common Ground*
- *Shah, S.K. (2016): Thesis paper on School Governance in Nepal: Analysis of Role of School Management Committee to achieve Quality Education: University of Oslo, Norway*
- *Sharma T.N. (2008): Structures and Mechanisms of Community Participation in School Management, Journal of Education and Research, Vol. 1, P.72-84*
- *UNDP (2011): Governance Principles, Institutional Capacity and Quality, Tuwards Human Resilience: Sustaining MDG Proggress in an Age of Ecinomic Uncertainty, New York, USA*
- *United Nations, (1989):United Nations Child Rights Convention, Kathmandu*
- *Wagley, M.P. & B. Koirala (2018): Good Governance in Education-working papers presentation at Provincial Policy Dialogue, NCE Nepal, Dhanusha, Nepal*
- *Wagley, M. P. & M. Sharma (2018): Headteacher Resource Book, Hamro Shikshya Project, Search for Common Ground and GoGo Foundation, Kathmandu*
- *World Bank. (1992): Governance and Development- publication, USA: World Bank,*

## Websites:

- *http://www.edb.gov.hk/attachment/en/sch-admin/sbm/corner-imc-sch/good%20governance.pdf*
- *https://reliefweb.int/report/nepal/nepal-community-run-schools-make-progress*
- *http://siteresources.worldbank.org/EXTSOCIALDEVELOPMENT/Resources/SCHOOL_GOOD_GOVERNANCE_FAQ.pdf*


**(त्यसैगरी लेखमा व्यक्त गरिएका जानकारी र तथ्यहरू परियोजना कार्यान्वयनका समय गरिएका अनुगमन भ्रमण, लक्षित वर्गसँगको अन्तरक्रिया, विद्यालय अवलोकन तथा क्रियाकलाप प्रतिवेदनमा पनि आधारित छन् ।)**

Note

Note

# संस्थागत परिचय

**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई– नेपाल) :**

यो संस्था देशका विभिन्न ३३९ राष्ट्रिय, अन्तर्राष्ट्रिय गैह्रसरकारी संघ संस्थाहरू, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरू तथा अन्य समुदायस्तरमा परिचालित संघसस्थाहरूको एक राष्ट्रिय सञ्जाल हो । एनसिई-नेपालका लागि गुणस्तरीय शिक्षाका निमित्त नीति निर्माण, नीतिहरूमा समय सापेक्ष सुधार एवम् कार्यान्वयनमा दृढता स्थापित गर्नु नै मुख्य गन्तव्य हो। करिब १५० भन्दा बढी देशमा गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाका लागि क्रियाशील 'शिक्षाका लागि विश्वव्यापी अभियान' (Global Campaign for Education-GCE) सँगको आवद्धता सहित नेपालका शिक्षा अधिकारकर्मीहरूको साझा प्रयत्नमा एनसिई-नेपाल सन् २००३ बाट निरन्तर रुपमा अगाडि बढिरहेको छ। एनसिई-नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आवाज विहीनहरूको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो । समतामूलक समाज निर्माणको आधारको रुपमा 'शिक्षा अधिकार' लाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खवरदारी एवम् साझेदारी गर्दै शिक्षा क्षेत्रको नागरिक अभियानका रुपमा यो सञ्जाल स्थापित भएको छ। यस संस्थाले स्थानीय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्दै जनस्तरका मुद्दाहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरूसम्म पुऱ्याउँदै आएको छ।

**सर्च फर कमन ग्राउण्ड (सर्च):**

यो संस्था सन् १९८२ मा स्थापित द्वन्द्व रुपान्तरणमार्फत शान्ति निर्माणका लागि काम गर्ने एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यसको उद्देश्य द्वन्द्वलाई हेर्ने संसारको दृष्टिकोणमा परिवर्तन ल्याउनु हो - विरोधात्मक पद्धतिभन्दा फरक, सहकार्यात्मक समाधानतर्फ । सर्चले अफ्रिका, मध्यपूर्व, एशियाका देशहरु र संयुक्त राज्य अमेरिका लगायतका ३५ देशहरुमा काम गर्दछ। यस संस्थाले सरकार, सुरक्षा निकाय, युवा तथा नागरिक समाज, राज्यका विभिन्न अंगहरु, सञ्चार गृह तथा अन्य सरोकारवालाहरुसँग मिलेर शान्ति, सहिष्णुता र सहकार्य प्रवर्द्धनका लागि सबै पक्षसँग कार्य गर्दछ। सर्चले सन् २००६ देखि नेपालमा आफ्ना कार्यक्रमहरु मार्फत् विकास तथा दिगो शान्तिका लागि सहयोग गर्न पाँचवटा क्षेत्रमा आफ्नो कार्यलाई केन्द्रित गरेको छः (१) सुशासन तथा लोकतान्त्रिक सहभागिताको सबलिकरण, (२) शान्ति निर्माण तथा मेलमिलापको प्रवर्द्धन, (३) न्याय तथा सुरक्षाको पहुँचमा अभिवृद्धि, (४) विकास तथा आर्थिक वृद्धिका लागि सहयोग, र (५) नेतृत्व तथा संवादको संस्कृति विकासमा सहयोग। साथै युरोपियन युनियनको सहयोगमा सञ्चालित 'हाम्रो शिक्षा' परियोजनाको संयोजनकारी भूमिका सहित गोगो फाउण्डेशन र शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) सँग सहकार्य गर्दै आएको छ।

**गोगो फाउण्डेशन:**

यो संस्था मुलुकमा असल शासन प्रवर्द्धनका लागि काम गर्ने उद्देश्यले वि.सं. २०६५ सालमा स्थापना भई नागरिकस्तरमा पैरवी, क्षमता अभिवृद्धि, अनुसन्धान तथा सञ्जाल निर्माणको क्षेत्रमा काम गर्दै आएको छ। संस्थाको प्रमुख उद्देश्य सामाजिक जवाफदेहिता तथा पारदर्शिता बढाउनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सामुदायिक अंकपत्र, बजेट सोधखोज, गुनासो सम्बोधन लगायत सूचनाको हकसम्बन्धी औजारका माध्यमबाट सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सुनिश्चित गर्न योगदान दिनु हो। गोगो फाउण्डेशनले स्थापनासँगै भ्रष्टाचार विरुद्ध विभिन्न अभियान सञ्चालन गर्दै आएको छ । त्यसैगरी संस्थाले सार्वजनिक क्षेत्रमा उल्लेख्य काम गर्ने सरकारी निकाय, नागरिक संस्था लगायत सञ्चारको क्षेत्रमा कामगर्ने व्यक्तिहरुलाई वार्षिक रुपमा 'गोगो फाउण्डेशन अवार्ड' बाट पनि उत्प्रेरित गर्दै आएको छ ।




**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)**

बबरमहल, काठमाडौं पो.ओ.बक्स : १४४२१

फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०

ईमेल : info@ncenepal.org.np

वेभसाईट : www.ncenepal.org.np

फेसबुक : www.facebook.com/nce.nepal.9



Funded by

European Union